# कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन

**रेखा पौडेल**
परीक्षा क्रमाङ्क : २४००१३१
त्रि.वि. दर्ता क्रमाङ्क : ९-१-२-२४०-५०७-२००१

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,नेपाली
भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह
(एम्.एड्.),द्वितीय वर्षको नेपा.शि.
५९८ पाठ्यांश पूरा गर्ने
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

**२०६९**/2013

**नेपाली भाषा शिक्षा विभाग**
**सप्तगण्डकी बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन,**

# कृतज्ञता

यस **'कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि. अन्तर्गत शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

सर्वप्रथम यस शोधपत्रलाई तयार गर्ने क्रममा कहिल्यै बोझ र झन्झटका रूपमा नलिई हरतरहले सहयोग गर्नुहुने शोध निर्देशक आदरणीय गुरु श्री मुरलीधर घिमिरेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै विभागीय प्रमुख श्री पूर्णबहादुर अधिकारीप्रति पनि कृतज्ञ छु । यस शोधको शीर्षक चयनदेखि शोधपत्र तयार गर्दासम्म सल्लाह सुझाव दिनु हुने विभागीय गुरूहरू श्री विष्णुप्रसाद सापकोटा, श्री रमेश प्रभात, श्री विन्दु पौडेल र श्री बलराम सिवाकोटीप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयारीका क्रममा आवश्यक सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउने सप्तगण्डकी बहुमुखी क्याम्पसको पुस्तकालय, क्याम्पस प्रशाशन, लेखा शाखा, त्रि.वि. केन्द्रीय पुस्तकालय र शिक्षाशास्त्र सङ्काय पुस्तकालयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मलाई शोधपत्र लेखनको क्रममा हरतरहले सल्लाह र सहयोग गर्नुहुने जीवनसाथी मुरारीप्रसाद काफ्लेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो प्यारो छोरो इमेज काफ्लेलाई सदा सम्झिरहन चाहन्छु । मलाई यस धर्तीमा पाइला टेक्न दिई कर्म गर्न सिकाउने आदरणीय बाबा ज्योतिप्रसाद पौडेल, आमा सूर्यकुमारी पौडेलप्रति आजीवन ऋणी छु । त्यस्तै आमा गोदावरी काफ्ले, दिदी इन्दिरा शर्मा, ज्वाइँ घनश्याम भट्टराई, बहिनी विन्दु भट्टराई, छोरो स्पन्दन भट्टराईप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र तयारीको क्रममा आवश्यक सहयोग गर्ने पाल्पाका सरहरू वासुदेव देवकोटा, हरिप्रसाद घिमिरे, दयाराम भट्टराई, डिल्लीराम रेग्मी, भान्जा अशोक ढुङ्गाना र सहपाठी साथी सरोज दवाडीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यसरी मलाई सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस समक्ष यो शोधपत्र पेस गर्दछु ।

शोधार्थी

**रेखा पौडेल**

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| उप प्रा. | - | उप प्राध्यापक |
| डा. | - | डाक्टर |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| नेपा.शि. | - | नेपाली शिक्षा |
| ने.भा.शि.वि. | - | नेपाली भाषा शिक्षा विभाग |
| वि.सं. | - | विक्रम संवत् |
| सह प्रा. | - | सह प्राध्यापक |
| सं. | - | संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# शोधसार


शोधार्थी : रेखा पौडेल

शोध निर्देशक : मुरलीधर घिमिरे


शैक्षिक सत्र : २०६५/०६७

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

पृष्ठ सङ्ख्या : ७६+१९

परिच्छेद : चार

## शोध प्रक्रिया


यस '**कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन**' शीर्षकमा तयार पारिएको यस शोधपत्रमा सामग्री सङ्कलनका क्रममा ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षकहरूका कथा शिक्षण कार्यकलापलाई अवलोकन गर्नुका साथै सोही शिक्षकहरूलाई प्रश्नावली बनाइ उत्तर भर्न लगाइएको थियो । यसका साथै कक्षा अवलोकन फाराम तयार गरी कक्षामा गई भरेर तथ्याङ्क सङ्कलन गरिएको थियो । यस क्रममा जाँच सूचीको समेत उपयोग गरिएको थियो । प्राप्त तथ्याङ्कलाई विभिन्न आधारमा विश्लेषण र व्याख्या गरिएको थियो । सामग्री सङ्कलनमा मूलतः क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको उपयोग गरिएको थियो । यस अध्ययनमा कथा शिक्षणको सैद्धान्तिक आधार खडा गरिएको थियो । सैद्धान्तिक आधारको स्रोतका रूपमा पुस्तकालयीय विधिको उपयोग गरिएको थियो ।

शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि तयार पारिएका प्रश्नहरू कक्षा अवलोकन फाराम के कति उपयुक्त छन् वा छैनन् ? त्रुटि पूर्ण छन् वा छैनन् ? भन्ने जानकारी लिन र सो सामग्रीको विश्वसनीयताको जाँच गरिएको थियो । एउटा/एउटा संस्थागत र सामुदायिक विद्यालयमा सामग्रीको पूर्व परीक्षण गरिएको थियो भने शोध निर्देशक र अन्य विशेषज्ञहरूका सुझाबका आधारमा सामग्रीलाई आवश्यक सुधार गरिएको थियो । त्यसपछि सामग्री परीक्षण गरी सङ्कलित सामग्री तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको थियो । शोधकार्यको उद्देश्यअनुरूप सङ्कलित तथ्याङ्कलाई उपशीर्षकअनुसार प्रतिशतमा रूपान्तरण गरिएको थियो । प्राप्त प्रतिशतलाई तुलनात्मक रूपमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको थियो र अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझाबसमेत प्रस्तुत गरिएको थियो ।

## शोध निष्कर्ष

**यस शोधको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :**

- कथा शिक्षणको प्रमुख उद्देश्य भाषिक सीपको विकास गर्नु हो ।
- भाषिक सीपको विकासका लागि कथा विधाको माध्यमबाट विभिन्न कार्यकलापहरू गराउन सकिन्छ ।
- प्रस्तुत शोधपत्र निर्माणका लागि चितवन जिल्लाका दशवटा विद्यालयलाई नमुनाका रूपमा लिइएको थियो । उक्त विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने दशजना शिक्षकहरूमध्ये पाँचजना महिला शिक्षकहरू र पाँचजना पुरुष शिक्षकहरू रहेका थिए ।
- शिक्षकहरूको भनाइ र गराइमा व्यापक भिन्नता देखिन्छ । भाषा शिक्षण भाषिक सीप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । त्यसैले कथा शिक्षण गर्दा भाषिक सीप विकासलाई नै कथा शिक्षणको मुख्य उद्देश्य अन्तर्गत राखिनु पर्दछ ।
- कथा शिक्षणको सुरुवातको सम्बन्धमा संस्थागत विद्यालयका शिक्षकहरू भन्दा सामुदायिक विद्यालयका शिक्षकहरूले ध्यान दिएको पाइयो ।
- सामुदायिक र संस्थागत विद्यालयतर्फ सस्वर र मौन दुवै पठनमा कम जोड दिएको पाइयो ।
- कथा शिक्षणका क्रममा लेखेर वाक्यमा प्रयोग गर्नु भन्दा मौखिक वाक्यमा प्रयोग गरेको पाइयो ।
- दैनिक बाहेक अन्य विभिन्न पत्तीहरू, चार्ट, तालिका, तस्वीर र निर्देशिका आदि सामग्रीको मात्र प्रयोगमा कन्जुस्याइँ गरेको पाइयो ।
- शिक्षणको सुरुवातदेखि अन्त्यसम्म हेर्दा सम्पूर्ण शिक्षकले विद्यार्थीको स्तरलाई ख्याल गरेको देखिएन ।
- कथा शिक्षणको क्रममा विभिन्न विधिहरूलाई उपयोग गरी शिक्षण भएको पाइएन ।
- तालिम अप्राप्त शिक्षकहरूमा तालिमको अभाव रहेको र तालिम प्राप्त शिक्षकहरूले बेवास्ता गरेको पाइयो ।
- पठनबोधको सम्बन्धमा दुवै पठनलाई शिक्षकहरूले बेवास्ता गरेको पाइयो ।

- तालिम प्राप्त शिक्षकहरूको तुलनामा तालिम अप्राप्त शिक्षकहरूले शब्दार्थलाई बढी समेटेको पाइयो ।
- तालिम प्राप्त शिक्षकहरू भन्दा बढी तालिम अप्राप्त शिक्षकहरूले वाक्यमा प्रयोग गरेको पाइयो ।
- तालिम प्राप्त शिक्षकलाई विशिष्ट पङ्क्तिको महत्त्व अवगत भए तापनि शिक्षणमा बेवास्ता गरेको पाइयो ।
- दैनिक बाहेक अन्य थप सामग्रीको प्रयोग गर्ने शिक्षकहरूको कमी देखियो ।
- शिक्षण विधिका रूपमा विभिन्न विधिहरूलाई मुख्य विधिको रूपमा उपयोग गर्ने क्रममा तालिम प्राप्त शिक्षकहरूले आफ्नो तालिमअनुसार छलफल विधिलाई नै प्रयोग गरेको पाइयो ।
- भाषातत्त्वको शिक्षणमा पनि तालिम अप्राप्त शिक्षकहरूले ध्यान नदिएको देखिनाले शिक्षण तालिमको आवश्यकता रहेको देखियो ।
- विद्यार्थीको मूल्याङ्कन गर्दा मौखिक वा लिखितमध्ये कुनै एक साधनको प्रयोग नगरी मौखिक र लिखित साधनको प्रयोग गर्नु पर्नेमा प्रायः सम्पूर्ण शिक्षकहरूले मौखिक साधनको मात्र प्रयोग गरेको पाइयो ।
- विद्यार्थी मूल्याङ्कन गर्न कक्षा कोठामा मात्र सम्भव नहुने हुनाले गृहकार्य पनि दिने गरिन्छ । कथा शिक्षणपछि केही शिक्षकहरूले गृहकार्यलाई बेवास्ता गरेको देखियो ।
- विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा गृहकार्य दिएर मात्रै हुँदैन, उनीहरूको उपलब्धि र कमजोरीलाई हेरी सुधार गर्नका लागि सुझाबको खाँचो पर्दछ । त्यसैको लागि गृहकार्य निरीक्षण पनि आवश्यक छ । तालिम अप्राप्त शिक्षकले मात्र दैनिक गृहकार्य निरीक्षण गरेको देखियो ।

# विषयसूची


## परिच्छेद एक

## शोध परिचय

१.१. शोध परिचय १

१.२. शोध प्रयोजन १

१.३. समस्या कथन १

१.४. शोध उद्देश्यहरू २

१.५. पूर्वकार्यको समीक्षा ३

१.६. शोधको औचित्य ७

१.७. शोधको सीमाङ्कन ७

१.८. शोध विधि ८

१.९. शोधको रूपरेखा १०

## परिच्छेद दुई

## सैद्धान्तिक परिचय

२.१. कथा शिक्षणको सैद्धान्तिक परिचय ११

२.२ कथाका तत्त्वहरू १२

२.३. कथा शिक्षणको परिचय १५

२.४. कथा शिक्षणको प्रयोजन १६

२.५. कथा शिक्षणको महत्त्व १७

२.६. कथा शिक्षणका विधिहरूको परिचय १९

२.७. कथा शिक्षणमा अपनाइने शिक्षण कार्यकलापहरूको परिचय २४

## परिच्छेद तीन

## तथ्याङ्कको व्याख्या र विश्लेषण


३.१. परिचय २८

३.२. सम्बन्धित विद्यालय र शिक्षकको विवरण २९

३.३. शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामको तुलनात्मक व्याख्या र विश्लेषण ३०

३.३.१. पाठ योजना ३०

३.३.२. कथा शिक्षको उद्देश्य ३३

३.३.३. कथा शिक्षणको सुरुआत ३६

३.३.४. बोधका लागि पठन कार्यकलापको छनोट ३८

३.३.५. शब्दार्थ शिक्षण ४१

३.३.६. वाक्यमा प्रयोग ४३

३.३.७. कथाको व्याख्या ४६

३.३.८. बोध प्रश्नोत्तर ४८

३.३.९. विशिष्ट पङ्क्तिको व्याख्या ५०

३.३.१०.शिक्षण सामग्रीको प्रयोग ५२

३.३.११.विद्यार्थीको रुचि र चाहना ५५

३.३.१२.स्तर अनुकूलता ५७

३.३.१३.शिक्षण विधिको प्रयोग ५९

३.३.१४.भाषातत्त्वको शिक्षण ६२

३.३.१५.सारांश र सन्देश ६४

३.३.१६.दैनिक विद्यार्थी मूल्याङ्कन ६६

३.३.१७.गृहकार्य सधैं दिने ६८

३.३.१८.गृहकार्य निरीक्षण ७०

३.४ सङ्क्षिप्त उत्तरात्मक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क ७३

## परिच्छेद चार

## निष्कर्ष र सुझावहरू


४.१. निष्कर्ष ७४

४.१.१. शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको निष्कर्ष ७४

४.१.२. तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीचको तुलनाबाट प्राप्त निष्कर्ष ७७

४.१.३. महिला शिक्षक र पुरुष शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त निष्कर्ष ८०

४.२. सुझावहरू ८२

४.३. भावी अध्ययनका लागि सम्भाव्य शोध शीर्षकहरू ८३

सन्दर्भ सामग्रीहरू

परिशिष्टहरू

परिच्छेद-एक

# शोध परिचय

## १.१. शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक **कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन** रहेको छ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन, नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह, द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. समस्या कथन

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानव मात्रको निजी पेवा हो । भाषा विचार विनिमयको माध्यम हो । एक आपसमा विचार तथा भाव सम्प्रेषणका लागि भाषाको उत्पत्ति भएको हो । भाषा मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा विकास हुँदै जान्छ । कुनै पनि देशमा राष्ट्रले वैधानिक रूपमा मान्यता दिएको भाषा भिन्न भिन्न भए तापनि सरकारी कामकाजका लागि भने एक मात्र नेपाली भाषालाई प्रयोग गरिएको पाइन्छ ।

वि.सं. १९५८ सालमा देव शमशेरद्वारा नेपाली भाषाका माध्यमबाट प्रारम्भिक शिक्षा दिने पहिलो प्रयास भएको पाइन्छ । त्यतिबेला देशका विभिन्न क्षेत्रमा खोलिएका पाठशालाहरूमा जयपृथ्वीबहादुर सिंहद्वारा लेखिएको **'अक्षराङ्क शिक्षा'** नामक पुस्तकलाई आधारभूत पाठ्यपुस्तकका रूपमा राखिएको पाइन्छ । वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भयो र त्यस संस्थाले भाषा पाठशालाका लागि '**शिशु बोधनी**' '**गोरखा शिक्षा**', '**धर्म शिक्षा**', '**आरोग्य शिक्षा'** तथा '**अङ्क गणित शिक्षा**' नामक पाठ्यपुस्तकहरू नेपाली भाषामा प्रकाशित गर्‍यो । वि.सं. २०१५ सालको संविधानले नेपाली

भाषालाई राष्ट्र भाषाको मान्यता दिएको हो । नेपाली भाषाले इ.सं. १९९२ सेप्टेम्बर १ देखि भारतको संविधानको आठौँ अनुसूचीमा समेत एघारौँ स्थानको मान्यता पाएको छ । नेपाली भाषा घरपरिवारदेखि विद्यालय, विश्वविद्यालय, सामुदायिक र संस्थागत कार्यालय, अड्डा अदालत आदिमा कथ्य र लेख्य रूपमा विकसित हुँदै प्रयोगमा आएको पाइन्छ । अहिले नेपाली भाषामै पनि विभिन्न खालका ज्ञानवर्द्धक वा मनोरञ्जनात्मक पत्रपत्रिकाहरू पनि प्रकाशित भइरहेका छन् । पाठकलाई मनोरञ्जनका लागि विभिन्न खालका चलचित्रहरू पनि नेपाली भाषामा निर्माण भएका छन् । नेपाली भाषामा थुप्रै व्याकरण, शब्दकोश र वाङ्मयहरू पनि प्रकाशित भइसकेका छन् । अन्तर्राष्ट्रिय जगत्मा भए गरिएका भाषा शिक्षण सम्बन्धी नवीन खोज, प्रयोग र आविष्कारलाई यथाशक्य नेपाली शिक्षणका परिवेशमा पनि उतार्ने प्रयासहरू भएका छन् । नेपालमा मात्र नभएर विदेशी विद्यालय र विश्वविद्यालयहरूमा पनि प्रशस्त मात्रामा नेपाली विषयको अध्ययन, अध्यापन र अनुसन्धानहरू भइरहेका छन् ।

भाषा शिक्षणको लागि कथा उपयोगी विधा मानिन्छ । कथा शिक्षण सामान्य बोध क्षमताको विकास गराउनका लागि तथा विभिन्न विषयक्षेत्रको शब्दभण्डारको विकासका लागि निकै महत्त्वपूर्ण मानिन्छ । भाषाका सबै सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्न सहयोग पुऱ्याउने सरल र लोकप्रिय विधाका रूपमा कथा विधालाई पाठ्यपुस्तकमा समावेश गर्ने गरिएको छ । यस विधाबाट विद्यार्थीहरूलाई मनोरञ्जनात्मक वातावरणमा भाषिक सिप सरल तरिकाले सिकाउन सकिन्छ । वर्तमान नेपालको परिवेशमा सामुदायिक र संस्थागत विद्यालयहरूका कक्षा सातमा अध्यापन गर्ने नेपाली भाषाका शिक्षकहरूद्वारा कथा विधा शिक्षण गर्दा अपनाइने शिक्षण विधि र कार्यकलापहरूको अध्ययन गर्नु नै यस शोधकार्यको प्रमुख समस्या रहेकाले यो शोधकार्य निम्नलिखित समस्याहरूको समाधानमा केन्द्रित रहेको छ :

- कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरू के के हुन् ?
- कक्षा सातमा कथा शिक्षण गर्दा के कस्ता कार्यकलाप अपनाइएका छन् ?
- सामुदायिक विद्यालयका शिक्षकहरू र संस्थागत विद्यालयका शिक्षकहरूले अपनाएका क्रियाकलापहरू बिच के कस्तो समानाता र भिन्नता पाइन्छ ?

- कथा शिक्षण गर्दा तालिम प्राप्त शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरू बिच के कस्तो समानता र भिन्नता छ ?
- कथा शिक्षण गर्दा पुरुष शिक्षकहरू र महिला शिक्षकहरू बिच के कस्तो समानता र भिन्नता पाइन्छ ?

## १.४. शोधका उद्देश्यहरू

कुनै पनि कार्य गर्न र त्यसलाई सफल तथा प्रभावकारी बनाउनका लागि त्यसका निश्चित लक्ष्य र उद्देश्यहरू हुनु आवश्यक छ । यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- कथा शिक्षण गर्दा अपनाउनु पर्ने कार्यकलापहरूको परिचय दिनु,
- कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरू पत्ता लगाउनु,
- सामुदायिक र संस्थागत विद्यालयहरूमा शिक्षकहरूद्वारा अपनाइएका शिक्षण क्रियाकलापको तुलनात्मक अध्ययन गर्नु,
- कथा शिक्षण गर्दा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा अपनाइएको शिक्षण कार्यकलापको तुलनात्मक अध्ययन गर्नु,
- कथा शिक्षण गर्दा पुरुष शिक्षकहरू र महिला शिक्षकहरू बिचको तुलनात्मक अध्ययन गर्नु ।

## १.५. पूर्वकार्यको समीक्षा

अनुसन्धानको कार्यमा पूर्वकार्यले आफ्नो शीर्षकसँग सम्बद्ध के कस्ता काम भएका छन् र के कति गर्न बाँकी छन् भन्ने कुराको निर्देश गर्दछ । त्यसैले जुनसुकै अनुसन्धान कार्यका लागि त्यस कार्यसँग सम्बन्धित अध्ययन एवम् पूर्वकार्यको जानकारी लिनु आवश्यक हुन्छ । त्यसैले कथा शिक्षण क्रियाकलापसँग सम्बन्धित विषयवस्तुमा विभिन्न लेखक, विद्वान् र अनुसन्धानकर्ताले गरेका अध्ययनलाई आधार बनाउनु आवश्यक हुन्छ । कथा शिक्षणसँग सम्बन्धित केही उल्लेख्य पूर्व अध्ययनलाई समीक्षात्मक रूपमा छोटकरीमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**(क) सैद्धान्तिक पूर्वकार्यको अध्ययन**

हेमाङ्गराज अधिकारीद्वारा **नेपाली भाषा शिक्षण** (वि.सं. २०५३) कृतिमा नेपाली भाषा शिक्षणको आवश्यकता, भाषा शिक्षणको सिद्धान्तलगायत भाषिक सिप शिक्षणको चर्चा गरिएको छ, साथै व्याकरण शब्दार्थ शिक्षणको चर्चा गरिएको छ । यसमा विधागत शिक्षण क्रियाकलापलाई पनि समेटेको पाइन्छ ।

हेमाङ्गराज अधिकारीकै **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति** (वि.सं. २०६७) कृतिमा भाषा शिक्षणका पद्धति र विधिहरूको विश्लेषण गरिएको छ । यसमा कथा शिक्षण र भाषा शिक्षणको प्रयोजन बारेमा पनि चर्चोल्लेख गरिएको पाइन्छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको **प्रारम्भिक नेपाली शिक्षण** (वि.सं. २०६१) पुस्तकमा नेपाली भाषा शिक्षणको परिचयसहित भाषिक सिप र विभिन्न विधा शिक्षणको प्रयोजन जस्ता कुराहरूको उल्लेख गर्ने क्रममा कथा शिक्षणको प्रयोजन, विधि तथा क्रियाकलापका साथै तरिकाबारे पनि उल्लेख गरिएको छ ।

भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको **नेपाली भाषा शिक्षण** (वि.सं. २०६६) पुस्तकमा कथा शिक्षणको उद्देश्य महत्त्व, शिक्षण विधिका साथै कथा शिक्षणका कार्यकलापहरूमा सारांश बताउने, बोध प्रश्नोत्तर, शब्दभण्डार र उखानटुक्काको प्रयोग आदि कुराको बारेमा प्रस्टसँग व्याख्या र उल्लेख गरिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको **नेपाली भाषा र साहित्य शिक्षण** (वि.सं. २०६७) पुस्तकमा कथा शिक्षणको उद्देश्य, महत्त्व, विधि र प्रक्रियाबारे वर्णन र विश्लेषण गरिएको छ ।

यादवप्रकाश लामिछानेको **नेपाली भाषा शिक्षण** (वि.सं. २०६७) पुस्तकमा कथा शिक्षणका बारेमा पनि केही चर्चा र विश्लेषण गरिएको छ ।

शान्तिप्रसाद ढकालको **नेपाली भाषा शिक्षणः परिचय र प्रयोग** (वि.सं. २०६७) पुस्तकमा नेपाली भाषा शिक्षणको विगतदेखि वर्तमान स्थितिको चर्चा गर्दै विधागत शिक्षण

प्रक्रियाको उल्लेख गर्ने क्रममा कथा विधा शिक्षणको प्रयोजनसहित शिक्षण विधिको समेत उल्लेख गरिएको पाइन्छ ।

**(ख) शोधकार्यको अध्ययन**

देवीदत्त पौडेलको “कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन” (वि.सं.२०६०) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा कक्षा आठमा शिक्षण कार्यकलापको वर्णन, विश्लेषणसहित ग्रामीण र सहरी क्षेत्रका शिक्षकहरूको कथा शिक्षणको तुलनात्मक अध्ययन गरी भिन्नता देखाइएको छ ।

सरिता गौतमको “कक्षा आठमा कथा शिक्षण गर्दा प्रयोग भएका कार्यकलापहरूको अध्ययन” (वि.सं.२०६४) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा कथा शिक्षणको उद्देश्य तथा तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणमा पाइने भिन्नताको विश्लेषण गरिएको छ ।

कृष्णप्रसाद पौडेलको “कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन” (वि.सं. २०६५) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा भाषा शिक्षणका प्रचलित प्रमुख शिक्षण विधिहरूको सङ्क्षिप्त परिचयका साथै कथा विधाबाट भाषिक सिपको विकास गर्नका लागि अपनाउन सकिने शिक्षण क्रियाकलापको समेत चर्चा गरेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयमा कथा शिक्षण गर्ने शिक्षकहरूले प्रयोग गर्ने विधिहरूको तुलनात्मक अध्ययन समेत गरिएको छ ।

प्रमिला सुवेदीको “कक्षा नौमा कथा विधा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन” (वि.सं. २०६५) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा कथा शिक्षणको परिचय र प्रयोजनसहित सैद्धान्तिक विवरण दिइएको छ भने तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकको कथा शिक्षण विधिको तुलनात्मक विश्लेषण गरिएको छ ।

लक्ष्मीकुमारी मुडवरीले “कक्षा छमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन” (वि.सं. २०६७) शीर्षकको स्नातकोत्तर शोधपत्रमा कथा शिक्षणको परिचय र प्रयोजनको चर्चा गर्दै भाषिक सिप विकास गराउनका लागि कक्षा छमा कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने विविध कार्यकलापहरूको चर्चाका साथै सामुदायिक र संस्थागत

विद्यालयका भाषा शिक्षकले कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापकहरूको उल्लेख गरिएको छ ।

सिर्जना भण्डारीले "गुल्मी जिल्लामा कक्षा नौमा अध्यापन गर्ने शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण कार्यकलापहरूको अध्ययन" (वि.सं.२०६७) शीर्षकको स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा कक्षा शिक्षणका माध्यमले विद्यार्थीमा भाषिक सिपको विकासका लागि प्रयोग गरिएका कार्यकलापहरूको व्याख्यासहित गुल्मीका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकको कथा शिक्षण विधिको तुलनात्मक अध्ययन गरिएको पाइन्छ ।

कृष्णचन्द्र गिरीले "प्युठान जिल्लाका कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन" (वि.सं. २०६८) स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको पहिचान गरी प्रयोजनसहित सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले अपनाएका कार्यकलापहरूको तुलनात्मक अध्ययन गरी भिन्नता देखाउनुका साथै प्युठान जिल्लामा कथा शिक्षणका क्रियाकलापमा देखिएका कमी कमजोरीको पहिचान गरी सुझावसमेत पेस गरिएको छ ।

यसरी विभिन्न लेखक र शोधार्थीहरूले भाषा शिक्षणका कार्यकलापका सम्बन्धमा अझ कथा शिक्षणका कार्यकलापका क्षेत्रमा धेरै अध्ययन भइसकेको छ । यति हुँदाहुँदै पनि भरतपुर नगरपालिकालाई अध्ययन क्षेत्र बनाई यस किसिमको अध्ययन भएको भने पाइँदैन । साथै यस क्षेत्रको कथा शिक्षण विधिका सम्बन्धमा कतै सामान्य सङ्केत भएका छन् भने कतै क्षेत्रगत हिसाबमा कथा शिक्षण विधिहरूको विस्तृत व्याख्या गरिए तापनि चितवन जिल्लाको तथ्याङ्क सङ्कलन र विश्लेषण अन्य क्षेत्रको भन्दा फरक पर्ने भएकोले पनि यस अध्ययनको महत्त्व अझ बढेको छ । यस पूर्व अध्येताका अध्ययन सामग्रीहरू भने यस शोधकार्यमा उपयोगी भएका छन् । यस शोधपत्रमा कथाको प्रयोजन र कथा शिक्षण गर्दा अपनाइने कार्यकलाप जस्ता समग्र पक्षको अध्ययन प्रस्तुत गरिएको छ ।

## १.६. शोधको औचित्य

विधागत शिक्षणमा कथा शिक्षणका कार्यकलापहरू भिन्नभिन्न हुन्छन् । कथा शिक्षणमा शिक्षकहरूद्वारा आफ्नै कार्यकलापहरू अर्थात् समग्र विधा शिक्षणका कार्यकलापको प्रयोग गरेको पाइन्छ भने कोहीकोही शिक्षकहरूद्वारा कथा शिक्षणका कार्यकलापहरूको आंशिक प्रयोग गरेको पनि भेटिन्छ ।

कथा शिक्षणमा कार्यकलापको अध्ययन-विश्लेषण र मूल्याङ्कन त्यति राम्रो हुन सकेको छैन । चितवनको सवालमा त झन् कतिपय शिक्षकहरूलाई कथा शिक्षणका कार्यकलापको बारेमा ज्ञानसमेत छैन । थाहा हुनेले पनि कार्य क्षेत्रमा प्रयोग गरेको पाइँदैन । यसबाटै यस अध्ययनको औचित्य पुष्टि  हुन्छ ।

चितवन जिल्लामा कथा शिक्षण कार्यकलापका सम्बन्धमा कुनै पनि अनुसन्धनात्मक कार्य भएको पाइँदैन । अन्य क्षेत्रमा भएको अनुसन्धानले चितवनको मूल्याङ्कन गर्न पनि सकिँदैन । यसैले यसको शोधको औचित्य स्वतः प्रस्ट हुन्छ ।

चितवन जिल्ला समग्र राष्ट्रकै नमुना जिल्ला भएकोले बरु यस जिल्लाको अनुसन्धानात्मक कार्यले समग्र राष्ट्रकै विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । यसबाट विद्यालयमा गरिने समग्र शिक्षण कार्यकलापको अध्ययन-विश्लेषण गर्न तथा शिक्षण योजना नीति तर्जुमा गर्न समेत यस शोधपत्रले थप बल र सहयोग गर्नेछ ।

कक्षा सातमा कथा शिक्षण गर्दा शिक्षकहरूले अपनाउने कार्यकलापहरूको अध्ययनबाट प्राप्त निष्कर्ष र सुझाव नेपाली भाषाका विद्यार्थी, शिक्षक, पाठ्यक्रम निर्माता, शिक्षाविद् र सम्बन्धित सम्पूर्ण व्यक्तिहरूलाई अध्ययन गर्न टेवा पुग्ने भएकाले पनि यस अनुसन्धानात्मक कार्यको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.७. शोधको सीमाङ्कन

कुनै पनि खोज अनुसन्धान गर्दा त्यसको निश्चित क्षेत्र र सीमा तोक्नु आवश्यक हुन्छ । यदि क्षेत्र र सीमा तोकिँदैन भने अध्ययन अनुसन्धान सही रूपमा अगाडि बढ्न सक्दैन । यस

कुरालाई मध्यनजर गरी यस शोधकार्यलाई निम्नलिखित सीमा र परिधिभित्र रही अगि बढाइएको छ :

- प्रस्तुत शोध कार्य चितवन जिल्लाका कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूमा केन्द्रित रहेको छ ।
- यो अध्ययन चितवन जिल्लाको भरतपुर नगरपालिकामा सीमित रहेको छ ।
- यो शोध कार्यमा कक्षा सातमा अध्यापन गर्ने पुरुष शिक्षक र महिला शिक्षकका कथा शिक्षण कार्यकलापमा सीमित रहेको छ ।
- यो अध्ययन भरतपुर नगरपालिकाका ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयका शिक्षकहरूले नेपाली भाषा अर्न्तगत कथा शिक्षण गर्दा अपनाएका कार्यकलापहरूको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।
- यो अध्ययन कथा शिक्षण गर्दा पुरुष शिक्षकहरू र महिला शिक्षकहरू बिचको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।
- यो अध्ययन कथा शिक्षण गर्दा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा अपनाइएका शिक्षण कार्यकलापको तुलनात्मक अध्ययनमा आधारित छ ।
- यस अध्ययनको निष्कर्ष शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषणमा आधारित रहेको छ ।

## १.८. शोधविधि

अनुसन्धान आफैँ पूर्ण हुँदैन । त्यसका लागि सामग्री सङ्कलन विश्लेषण गर्नु पर्दछ । अनुसन्धानका क्रममा सामग्री सङ्कलन के कसरी गर्न सकिन्छ ? कुन कुन सामग्री सङ्कलन गर्ने ? कति सामग्री सङ्कलन गर्ने ? कुनकुन स्रोतबाट सामग्री सङ्कलन गर्ने ? जस्ता यावत् प्रश्नहरू उब्जन्छन् । यसैले यस **'कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन'** शीर्षकको शोध कार्यका लागि निम्नलिखित सामग्री सङ्कलन र अध्ययन विश्लेषण प्रक्रिया अपनाइएको छ :

### १.८.१. सामग्री सङ्कलन

सामग्री सङ्कलनका क्रममा ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षकहरूका कथा शिक्षण कार्यकलापलाई अवलोकन गर्नुका साथै सोही शिक्षकहरूलाई प्रश्नावली बनाइ उत्तर भर्न लगाइएको छ । यसका साथै कक्षा अवलोकन फाराम तयार गरी कक्षामा गई भरेर तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा जाँच सूचीको समेत उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई विभिन्न आधारमा विश्लेषण र व्याख्या गरिएको छ । सामग्री सङ्कलनमा मूलतः क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको उपयोग गरिएको छ ।

### १.८.२ सैद्धान्तिक आधार

यस अध्ययनमा कथा शिक्षणको सैद्धान्तिक आधार खडा गरिएको छ । यसैका आधारमा शिक्षणका कार्यकलापहरू सम्बन्धी प्राप्त तथ्याङ्कहरूको अध्ययन विश्लेषण गरिएको छ । सैद्धान्तिक आधारको स्रोतका रूपमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ । यसका लागि पुस्तकाकार कृतिका साथै अप्रकाशित शोधपत्रहरूको सहयोग लिइएको छ ।

### १.८.३. शोध विश्लेषण प्रक्रिया

शोध कार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि तयार पारिएका प्रश्नहरू कक्षा अवलोकन फाराम के कति उपयुक्त छन् वा छैनन् ? त्रुटि पूर्ण छन् वा छैनन् ? भन्ने जानकारी लिन र सो सामग्रीको विश्वसनीयताको जाँच गरिएको छ । एउटा/एउटा संस्थागत र सामुदायिक विद्यालयमा सामग्रीको पूर्व परीक्षण गरिएको छ भने शोध निर्देशक र अन्य विशेषज्ञको सुझाबका आधारमा सामग्रीलाई आवश्यक सुधार गरिएको छ । त्यसपछि सामग्री परीक्षण गरी सङ्कलित सामग्री तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ । शोधकार्यको उद्देश्यअनुरूप सङ्कलित तथ्याङ्कलाई उपशीर्षक अनुसार प्रतिशतमा रूपान्तरण गरिएको छ । प्राप्त प्रतिशतलाई तुलनात्मक रूपमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझाबसमेत प्रस्तुत गरिएको छ ।

## १.९. शोधको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

| | |
|---|---|
| परिच्छेद एक : | शोध परिचय |
| परिच्छेद दुई : | सैद्धान्तिक परिचय |
| परिच्छेद तीन : | तथ्याङ्कको व्याख्या र विश्लेषण |
| परिच्छेद चार : | निष्कर्ष र सुझाव |

# परिच्छेद –दुई
# सैद्धान्तिक परिचय

## २.१. कथा शिक्षणको सैद्धान्तिक परिचय

लोक परम्परादेखि चल्दै आएकोले यसको इतिहास निकै लामो छ । आजको कथा चाहिँ लोक कथाबाट सुरु भएको पाइन्छ । कुशल व्यक्तिले कुशल ढङ्गबाट कुनै काल्पनिक वा सत्य घटनालाई आख्यानमा बाँधेर पात्रका माध्यमले शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्दै जाने क्रममा कथाको जन्म भएको पाइन्छ ।

कथ्य परम्परामै पनि कथाको एउटा निश्चित स्वरूप तयार हुन पुगेको थियो । ती कथाहरूलाई लोक कथा मानियो । ती लोक कथाहरूमा आख्यान, पात्रहरू र जीवनोपयोगी शिक्षा पनि हुन्थे । मानव सभ्यताको विकाससँगै भाषामा लिपिको पनि आविष्कार हुन पुग्यो । विभिन्न साहित्यिक रचनाहरू लिखित रूपमै सञ्चित हुन थाले । त्यसपछि यस क्रममा लेख्य कथाको परम्परा सुरु भएको पाइन्छ ।

संस्कृत भाषाको **कथ्** (कथने) धातुमा **अङ्**.(अ) प्रत्ययबाट निष्पन्न **कथ** मा **टाप्**(आ) प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ केही कुरा भन्नु वा कहनु हो (भण्डारी र अन्य, २०६६:४) । **कथा**लाई **गाथा**, **आख्यान**, **आख्यायिका**, **स्टोरी, टेल, फेबुल, सर्ट स्टोरी** आदि विभिन्न नामले पनि चिनिन्छ । वास्तवमा आख्यान विधाको सामञ्जयताबाट आधुनिक कथा विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट प्रवृत्ति ग्रहण गरेर एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल यस विधाले छोटो समयमा नै जनमानसमा गहिरो प्रभाव पारेको पाइन्छ । समय र परिस्थितिसँगै विभिन्न आरोह अवरोह पार गर्दै वर्तमान समयसम्म आइपुग्दा अन्य विधाको तुलनामा कथाले लोकप्रिय र विशिष्ट विधाको रूपमा आफूलाई परिभाषित गरेको छ ।

वास्तवमा कथाले आफ्नो स्वरूपलाई युगसापेक्ष रूपमा परिवर्तन गर्दै लगेकोले यसलाई कुनै निश्चित परिभाषामा समेट्न सकिँदैन । यसलाई विविध ढङ्गले परिभाषित गरेको पाइन्छ ।

कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमै पढेर सिद्याउन सकिन्छ भनी एडगर एलेन पोले भनेका छन् ।बीस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा  हो भनी एच्.सी. बेल्सले व्यक्त गरेका छन् । कहानी, सङ्कट वा अन्योलमा परेका पात्रहरूको कलात्मक वर्णन हो, जसको कुनै निश्चित परिणाम होस् भनी इलाचन्द जोशीले व्यक्त गरेका छन् । त्यस्तै, छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ भनेर लक्ष्मीप्रसाद देवकोटाले भने । त्यसैगरी कथामा मानिसको यस्तो अवस्था विशेषको अभिव्यञ्जना खास गरी हुन्छ, जसबाट त्यस पात्रको स्वभाव वा कुनै एक प्रवृत्ति विशेषको परिचय पाठकले पाउँदछ भन्ने कुरा रत्नध्वज जोशीले व्यक्त गरेका छन् ।

उपर्युक्त विद्वान्हरूका परिभाषालाई केलाउँदा कथालाई समाज सुधारको अपेक्षा राख्दै सङ्क्षिप्तताको साथसाथै पात्रहरूको वर्णनसहित अभिव्यक्तिको रूपमा परिचित गराइएको देखिन्छ । निष्कर्षमा कथालाई यसरी परिभाषित गर्न सकिन्छ : मानिसले मस्तिष्क र मनलाई आकर्षित गर्ने विचारको सुन्दर समायोजनमा बाँधिएको जीवन र जगत् सम्बन्धी कुनै एक विषेश पक्षको सजीव चित्रणलाई छोटो आकारमा बाँधेर आख्यानात्मक ढाँचामा प्रस्तुत गरिएको कलात्मक र सरस अभिव्यक्तिलाई कथा भनिन्छ ।

## २.२ कथाका तत्त्वहरू

कथा सङ्क्षिप्त तथा लघु आयाम भएको साहित्यिक रचना हो । साहित्यका अन्य विधाजस्तै कथा विधा पनि स्वतन्त्र र लोकप्रिय विधा हो । आदिकालमा सुन्ने र सुनाउने क्रममा रहेको कथा विधाले विभिन्न कालखण्ड पार गर्दै आजको आधुनिक साहित्यमा आफ्नो अस्तित्व कायम गर्न पुगेको छ । कथा रचनाका लागि विभिन्न तत्त्वहरू वा उपकरणहरूको आवश्यकता पर्छ र यिनको जोडजामबाट कथालाई मूर्त रूप दिन सकिन्छ । अन्य साहित्यिक रचनाजस्तै कथा रचनाका लागि पनि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । कथाका तत्त्वहरू यसप्रकार छन् :

### २.२.१. कथावस्तु

कथावस्तुबिना कथाको परिकल्पना गर्न सकिँदैन । कथावस्तुमा घटनाको विविधता भए तापनि कार्यकारण सम्बन्धका आधारमा प्रस्तुत गरिने हुनाले प्रस्तुतिमा एकरूपता देखिँदैन । कथावस्तु स्थूल र सूक्ष्म दुबै थरिका हुन सक्छन् । कथावस्तु लौकिक, पारलौकिक, ऐतिहासिक, सामाजिक, राजनैतिक आदि जुन क्षेत्रको पनि हुन्छ । कथाको आधारस्तम्भको रूपमा लिइने कथानक, कथाको घटनावलीको योजना वा अभिरेखा वा ढाँचालाई कथानक भनिन्छ (शर्मा,२०५०:२१) । कथावस्तुलाई कथानक, केन्द्रीय कथ्य, विषय आदि नामले पनि चिनिन्छ ।

### २.२.२. पात्र

पात्रबिना कथाको कल्पना गर्नु व्यर्थ हुन्छ । कथावस्तुलाई गतिमान् बनाउन पनि पात्रको आवश्यकता पर्दछ । पात्रहरू सजीव, निर्जीव, मानवीय, मानवेतर जुन र जस्ता पनि हुन सक्छन् । कथामा कथावस्तुसँगै परिवेशमा चलखेल गर्ने पात्रको आवश्यकता पर्दछ । पात्रहरूलाई स्वभावका आधारमा स्थिर र गतिशील, लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा मुख्य, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा  आबद्धताका आधारमा बद्ध र मुक्त गरी वर्गीकरण गर्न सकिन्छ ।

### २.२.३. परिवेश

कथालाई आवश्यक पर्ने उपकरणहरूमध्ये परिवेश पनि एक अनिवार्य तत्त्व हो । शून्य परिवेशमा कथाको परिकल्पना गर्न सकिँदैन । परिवेशलाई देश, काल, र परिस्थिति अर्न्तगत समेट्न सकिन्छ । कथाका पात्रले परिवेश अनुसार भूमिका निर्वाह गर्नु पर्दछ । पात्रको क्रियाकलापमा नवीनता आएमा परिवेशले नै त्यो नवीनता जन्माउन आवश्यक छ । (सुवेदी, २०५१:३०) कथामा कार्यपीठिका भनेर चर्चा भएको पनि परिवेश नै हो । परिवेशलाई पर्यावरण पनि भनिन्छ । परिवेश भनेको कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घट्ने वस्तुजगत् नै हो (शर्मा, २०५०:२३) ।

### २.२.४. भाषाशैली

भाषाबिना साहित्यले मूर्तरूप पाउँदैन । साहित्यिक अभिव्यक्तिको माध्यम भाषा विचारको संवाहक हो । साहित्यमा भाषाको प्रयोग कथाकारले घटनाको वर्णन गर्दा र पात्रहरूद्वारा गरिने संवादबाट झल्किन्छ । कथामा प्रयोग हुने भाषा पनि सधैँ सबै ठाउँमा एकै किसिमको हुँदैन ।(शर्मा, २०५०:३९)मुख्यतया कथामा प्रयोग हुने भाषा निम्नलिखितमध्ये एक हुन सक्छ :

- उच्च प्रयुक्ति
- मध्यम प्रयुक्ति
- निम्न प्रयुक्ति

कथामा भाषा जति राम्रो हुन्छ, यसको अभिव्यक्ति पक्ष पनि त्यति राम्रो मानिन्छ । शैलीले भाषालाई सुन्दर तथा मिठासयुक्त तुल्याउने काम गर्दछ । कथामा भाषालाई अभिव्यक्ति दिने तत्त्वको रूपमा स्विकारिन्छ । भाषालाई माध्यम बनाएर साहित्यकारले आफ्नो कुरा कसरी भन्छ ? त्यही नै शैली हो । रचनाकारको त्यस्तो विशिष्ट रचना, प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ, (शर्मा,२०५०:४२) । कथाकारले कथा रचना गर्दा प्रयोग गरेको अभिव्यक्तिको ढङ्ग ढाँचा नै यसको शैली हो । कथा अन्य विधाझैँ विभिन्न शैलीमा लेखिएको हुन्छ ।

### २.२.५. उद्देश्य

बिना प्रयोजन कथा रचना गरिँदैन । कथाकारले आत्मसन्तुष्टि, नीति, शिक्षा, समाज सुधार, यथार्थको प्रकटीकरण, सत्यतथ्य घटनाको उत्खनन् आदि प्रयोजनका लागि कथा रचना गर्दछ । कथाको उद्देश्य कतै आफ्नो व्यक्तित्व प्रदर्शन गर्ने कार्यमा केन्द्रित रहन्छ भने कतै वैचारिकता प्रदर्शन गर्ने उद्देश्यमा केन्द्रित रहन्छ । कथाको उद्देश्य कथाकारको वैयक्तिक व्यक्तित्व प्रदर्शन गर्न रह्यो भने विचार पक्ष गौण रहन्छ, (सुवेदी, २०५१:३०) ।

कथा पढिसकेपछि समग्रमा जुन भाव वा अभिप्राय आउँछ, त्यो नै कथाको उद्देश्य हो । कृतिमा रहेको विचार पक्षलाई पाठकसमक्ष पुऱ्याउने सारवस्तु उद्देश्य अर्न्तगत  पर्दछ ।

यसरी कथाका प्रमुख तत्त्वहरूमा **कथावस्तु, पात्र, परिवेश, भाषाशैली र उद्देश्य** पर्दछन् तापनि अन्य आवश्यकीय तत्त्वहरूमा **दृष्टिविन्दु, शीर्षक, सारवस्तु, विम्ब, प्रतीकको प्रयोग** आदिलाई पनि समेट्न सकिन्छ । त्यस्तै केही विद्वान्हरूले **संवाद, द्वन्द्व, कौतूहलता** जस्ता तत्त्वलाई पनि कथाका तत्त्वका रूपमा स्विकारेका छन् ।

## २.३. कथा शिक्षणको परिचय

कथा ज्यादै लोकप्रिय विधा हो । यसको उत्पत्ति मानव सृष्टिदेखि नै भएको अनुमान गरिन्छ । त्यस बेलादेखि नै यसको स्वरूपमा पनि परिवर्तन हुँदै आएको छ । मौखिक वा कथ्य रूपमा लोकप्रिय रहँदै आएको कथाले कालान्तरमा लेख्य रूप ग्रहण गर्न थालेपछि पनि यसको महत्त्वमा कमी आएन बरु यसको लोकप्रियता झन् बढ्न थाल्यो । कथाकै माध्यमले विद्यार्थीहरूलाई साहित्यप्रति रुचि जागृत गराउन पनि सहयोग पुग्दछ ।

श्रुति परम्परामा रहेको दन्त्य कथाले मनोरञ्जन दिने, कथा कथन र ध्यानमग्न भई सुन्ने र  शिक्षित अशिक्षित श्रोताबिचको तादात्म्यता स्थापना गर्ने कार्य गरेको पाइन्छ । त्यस्तै  आजको युगमा लोककथा र पौराणिक कथाको स्थान पनि अझै पर्याप्त छ । कथाको यही प्राचीनता र रोचकताले यसलाई विद्यालय वा विश्वविद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको छ । कथाको माध्यमबाट भाषा सिकाइ शिक्षणलाई रुचिपूर्ण र सुगम त बनाउन सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पना शक्ति र सिर्जना शक्ति बढाउन तथा साहित्यिक रुचि जगाउन पनि त्यत्तिकै सहज हुन्छ । विभिन्न किसिमका कथाबाट विभिन्न उद्देश्य प्राप्तिमा सहयोग पुग्ने भएकाले आवश्यकता तथा स्तर अनुसार शिक्षण गरिनु आजको आवश्यकता रहेको छ (लामिछाने,२०६७:१६७) । कथा शिक्षणबाट विद्यार्थीलाई मनोरञ्जन प्राप्ति तथा कौतूहल सृजना हुनुका साथै कथा प्रस्तुतीकरणको ढाँचा, कथन शैली र भाषिक सिप वृद्धि गर्नमा सहयोग पुग्दछ । कथा भनेको जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैंमा पूर्ण इतिवृत्त  हो । कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसको सुख, दुःख, हर्ष, रोदन, जीवनका उकाली ओराली आदि सबै कुराहरू कथामा प्रस्तुत गरी रोमाञ्चक ढङ्गले प्रस्तुत गर्न

सकिने भएकाले भाषिक सिप सिकाउन कथा विधाको महत्त्वपूर्ण भूमिका हुन्छ । कथामा प्रयोग हुने भाषा सरल र बोधगम्य हुनुको साथै उखान टुक्का र निपातको सुहाउँदो प्रयोग हुने हुँदा द्रुत पठनका लागि समेत यो उपयोगी  हुन्छ ।

## २.४. कथा शिक्षणको प्रयोजन

कथा प्रायः सबै उमेरका श्रोता र पाठकका लागि रोचक विधा हो । कथा शिक्षणको मुख्य उद्देश्य जीवन र जगत्का बाह्य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनु हो । जस्तोसुकै नीरस वा रुचिहीन विषयवस्तु भए पनि रसिलो वा रुचिपूर्ण तरिकाले सिकाइ शिक्षणलाई प्रभावकारी तुल्याउन कथा विधाको चयन गरिएको हुन्छ । यो छोटो र आफैंमा पूर्ण मानिने गद्यात्मक इतिवृत्त हो । त्यस्तै यो विद्यार्थी वर्गका लागि ज्यादै नै जिज्ञासामूलक एवम् रुचिकर विषय पनि हो । भाषा शिक्षणका सन्र्दभमा पौराणिक कथा, ऐतिहासिक कथा, लोक कथा, नीति कथा, सामाजिक कथा एवम् आधुनिक कथाहरू छनोट गरिएका हुन्छन्, जसको खास प्रयोजन भाषा शिक्षणलाई प्रभावकारी तुल्याउनु नै हो । यस बाहेक कथा शिक्षणका अनेक प्रयोजनहरू पनि रहेका छन् । यसबाट मनोरञ्जनपूर्ण तरिकाले भाषिक संरचना बुझ्ने क्षमताको विकास हुन्छ अथवा भाषातत्त्वको ज्ञानका सन्दर्भमा विभिन्न किसिमका शब्दरचना सम्बन्धी ज्ञान, शब्दभण्डार क्षमताको विकास, कथामा प्रयोग भएका पारिभाषिक, प्राविधिक, पर्यायवाची जस्ता शब्दहरूको ज्ञान र नयाँनयाँ शैलीको पहिचान गर्न सक्ने क्षमताको विकास हुन्छ । त्यसैले भाषिक क्षमता विस्तारका लागि कथा शिक्षणको आवश्यकता औंल्याइएको पाइन्छ । भाषा शिक्षणको विशेषता भन्नु नै भाषालाई साध्य र विषयलाई साधन मान्नु हो, तापनि विभिन्न विषयवस्तुको जानकारीका लागि कथा विधालाई प्रयोगमा ल्याइन्छ । अनेक क्षेत्रसँग सम्बद्ध अनेक विषयका कथाहरूबाट कथाका तत्त्वहरूकै ज्ञानसहित अनेक किसिमका ज्ञान पनि प्राप्त गर्न सकिन्छ । विद्यार्थीमा कल्पना शक्तिको विकास गर्ने कुरामा पनि कथा शिक्षणको आवश्यकता देखिन्छ ।

कथा शिक्षणका प्रयोजनहरूलाई निम्नलिखित बुँदाहरूमा देखाउन सकिन्छ :

- कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु,
- शब्दभण्डारको वृद्धि गर्नु,

- कल्पना शक्तिको विकास गर्नु,
- बोध क्षमताको विकास गर्नु,
- द्रुत पठन सिपको विकास गर्नु,
- तार्किक र सृजनात्मक क्षमताको वृद्धि गर्नु,
- उखान टुक्काको प्रयोगात्मक अभ्यास गर्नु,
- भाषातत्त्वसँग परिचित हुनु,
- लोक साहित्यप्रतिको अभिरुचिमा वृद्धि हुनु,
- सृजनात्मक क्षमताको विकास हुनु,
- कथन र लेखन क्षमताको विकास गर्नु,
- शुद्ध उच्चारण गर्ने क्षमताको विकास गर्नु,
- भाषिक क्षमता वृद्धि गर्नु,
- चरित्र निर्माण गर्नु,
- अनुशासन कायम गर्नु,
- नैतिक उपदेश दिनु,
- स्वस्थ मनोरञ्जन गराउनु,
- कथाका प्रमुख तत्त्वहरूको समीक्षा गर्न सक्ने क्षमताको विकास गर्नु ।

यसरी भाषा शिक्षणमा कथा शिक्षणको प्रयोजनलाई उल्लेख गर्न सकिन्छ । कथा रोचक र सरल विधा भएकाले भाषा शिक्षणमा कथा शिक्षण ज्यादै उपयुक्त र प्रभावकारी मानिन्छ ।

## २.५. कथा शिक्षणको महत्त्व

भाषा शिक्षणको मुख्य ध्येय नै भाषिक सिपको विकास गर्नु हो । यसको लागि भाषा पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, नाटक, निबन्ध जस्ता विविध विधाहरू समावेश गरिएका हुन्छन् । तीमध्ये, कथालाई तल्लो कक्षादेखि माथिल्लो कक्षासम्म नै प्रमुख विधाको रूपमा छनोट गरिएको पाइन्छ । कुनै पनि साहित्यिक विधाप्रति पाठक वर्ग आकर्षित हुनुको

प्रमुख कारण साहित्यले मानवलाई आनन्दानुभूति गराउनु हो । त्यसैले पनि कथा एक लोकप्रिय विधा मानिन्छ ।

कथा शिक्षणबाट मनोरञ्जन, कौतूहलता, शिक्षासहित कथा प्रस्तुतिबारे कथन शैली र भाषिक क्षमता वृद्धि गर्नमा सहयोग पुग्दछ । यसले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा ठोस र सही प्रभाव पार्न सक्छ । कथाको माध्यमबाट मानिसका यावत् पक्षहरू समावेश गरी रोमाञ्चक ढङ्गले प्रस्तुत गर्न सकिने हुनाले विद्यार्थीहरूलाई यसको माध्यमबाटै भाषिक सिप समेत सिकाउन सकिन्छ । कथामा प्रयुक्त भाषा सरल र बोधगम्य हुने हुनाले बोध क्षमताको विकास हुनुको साथै यो जीवन्त र रोचक पनि हुन्छ । उखान टुक्का र निपातको सुहाउँदो प्रयोग र द्रुत पठनका लागि समेत उपयोगी हुने हुनाले भाषिक सीप विकासमा समेत यसको ठूलो महत्त्व रहेको छ । बोध सिप विकासका लागि केन्द्रीय विधाको रूपमा रहेको कथाले विद्यार्थीको तर्क र सृजनात्मक शक्तिको विकास गराउनुका अतिरिक्त कल्पना शक्ति बढाउन, चरित्रिक विकास गराउन, भाषिक शक्तिको विकास गराउन सहयोग पुग्दछ (लामिछाने, २०५६:१३४–१३५) ।

कथा शिक्षणबाट भाषिक सिपको विकास सँगसँगै शब्दभण्डार र उखान टुक्काको विकास गराउन सकिन्छ । कथा लेखनले समाजमा विद्यमान कुरीति र कुसंस्कारको पर्दाफास गरेर समाजबाट हटाउन ठूलो सहयोग गर्छ । यसरी द्रुत पठन र मौन पठनका लागि समेत कथा शिक्षणको महत्त्वलाई स्विकार्न सकिन्छ । बोध क्षमताको विकासका साथै कथाले विद्यार्थीको तर्क र सृजनात्मक शक्तिको विकास गराउनुका अतिरिक्त कल्पना शक्ति बढाउन, चारित्रिक विकास गराउन तथा सरल, सरस र परिष्कृत भाषिक शक्तिको विकास गराउन सहयोग पुग्दछ । त्यस्तै कुनै पनि भाषाको शिक्षणमा कथा विधाले शब्दभण्डार, वाक्य गठन, वर्णविन्यास जस्ता सिप विकासमा सहयोग गर्दछ ।

## २.६. कथा शिक्षणका विधिहरूको परिचय

कथा गद्य साहित्यको एउटा शाखा हो । प्राचीन समयमा कथा मौखिक रूपमा प्रचलित थियो । प्राचीन कथामा घटनाको प्रधानता थियो । आधुनिक कथा साहित्यलाई लिखित रूपमा कलात्मक तरिकाले प्रस्तुत गरिएको पाइन्छ । प्राचीन कथामा चरित्रगत विविधता पाइन्थ्यो भने आजभोलिका कथाहरूमा स्वाभाविक, सूक्ष्म कला र मनोविश्लेषणात्मक प्रस्तुति पाइन्छ । कथाको माध्यमबाट विद्यार्थीलाई कुनै पनि नीरस विषय सरस र रुचिपूर्ण तरिकाले कथा सिकाउन सकिन्छ । कथा शिक्षणबाट विद्यार्थीमा कल्पना शक्ति बढाउन र सत् चरित्रको विकास गराउन सकिन्छ । कथा शिक्षण विद्यार्थीहरूलाई साहित्य पठनप्रति रुचि जगाउने प्रमुख साधन हो । विद्यार्थीको पृष्ठभूमि, रुचि र स्तर अनुसार कथा शिक्षण गरिनु आवश्यक छ ।

विधि भन्नाले तरिका, शैलीलाई बुझ्न सकिन्छ (लामिछाने,२०६७:११९) । भाषा शिक्षणका क्रममा विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर, शैक्षिक सामग्रीको उपलब्धता, अभ्यास र पुनरावृत्ति, रुचिपूर्णता, कक्षा सहभागिता, शिक्षण विधिमा विविधता, पूरक सामग्रीको उपयोग, एककालिकता, निरन्तर मूल्याङ्कन, योजनाबद्ध  शिक्षण, भाषिक समझको उपयोग, एकीकृत कार्यक्रम आदिलाई ध्यान दिएर शिक्षण विधिको प्रयोग गर्न सकेमा शिक्षण सिकाइ क्रियाकलाप सफल र प्रभावकारी हुन्छ । कथा आफैँमा रोचक र प्रभावकारी विधा भएकाले पनि यसलाई थप रोचकतासहित शैक्षणिक उद्देश्य प्राप्त गर्न शिक्षकहरूले आवश्यकताअनुरूप विभिन्न विधिको प्रयोग गर्नु पर्दछ । खासगरी कथा शिक्षण गर्दा विद्यार्थीलाई केन्द्रमा राखी शिक्षण गर्नु पर्दछ । एउटै किसिमको विधि सधैँ र सबैतिर उपयुक्त नहुन सक्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा शैक्षणिक उद्देश्य, विषयवस्तु, र पाठको प्रकृति, विद्यार्थीको रुचि, उमेर, आवश्यकता र भौतिक सुविधालाई समेत ख्याल गरी शिक्षण विधिको छनोट गर्नु पर्दछ ।

कथा शिक्षण विधिका सम्बन्धमा शिक्षाविद्हरूले आआफ्नै शिक्षण विधिहरू उल्लेख गरेको पाइन्छ । प्रायः कथा शिक्षण विधिहरूमा एकरूपता नै पाइन्छ । केही शिक्षाविद्हरूले प्रस्तुत गरेका विधिहरूमा सङ्ख्यात्मक थपघट भने देखिन्छ ।

यादवप्रकाश लामिछाने (२०६७) को **'नेपाली भाषा शिक्षण'** पुस्तकमा कथा शिक्षणका विधिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- द्रुत पठन विधि
- गहन पठन विधि
- व्याख्यान विधि
- प्रश्नोत्तर विधि
- कथा कथन
- सार ग्रहण
- सस्वर र मौन पठन
- बोध प्रश्नोत्तर
- शब्द तथा उखान टुक्काको प्रयोग
- घटनाक्रम मिलाउने

त्यस्तै भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल (२०६६) को '**परिचयात्मक नेपाली भाषा शिक्षण**' पुस्तकमा कथा शिक्षणका विधिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- व्याख्यान विधि
- छलफल/प्रश्नोत्तर विधि
- लेख प्रस्तुतीकरण विधि
- गृहकार्य विधि

त्यस्तै केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६७) को '**नेपाली भाषा र साहित्य शिक्षण**' पुस्तकमा पनि कथा शिक्षणका विधिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- व्याख्यान विधि
- छलफल विधि
- तुलना विधि

- समीक्षा विधि
- पठनबोध विधि
- कक्षा प्रस्तुतीकरण विधि

सरिता गौतमद्वारा लिखित 'कक्षा आठ मा कथा विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' (२०६३) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा कथा शिक्षणका विधिहरूमा **व्याख्यान विधि**, **छलफल विधि**, **प्रश्नोत्तर विधि**, **पठनबोध विधि**को उल्लेख गरिएको छ ।

सृजना भण्डारीको 'गुल्मी जिल्लामा कक्षा ९ मा अध्यापन गर्ने शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण कार्यकलापको अध्ययन' (२०६७) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा कथा शिक्षणका विधिहरूमा **व्याख्यान विधि**, **छलफल विधि**, **तुलना विधि** र **पठनबोध विधि**को उल्लेख गरिएको छ ।

यसरी कथा शिक्षण गर्दा अपनाइने विधिहरूमा विभिन्न मत देखिन्छन् । सामान्यतः कथा शिक्षण गर्दा निम्नलिखित विधिहरू उपयुक्त मानिन्छन् :

- व्याख्यान विधि
- छलफल विधि
- तुलना विधि
- समीक्षा विधि
- पठनबोध विधि

उपर्युक्त विधिहरूमा प्रायः सबै शिक्षकहरूले सहमति जनाएको पाइन्छ । यी विधिहरूको सामान्य चर्चा यसप्रकार गरिएको छ :

- **व्याख्यान विधि**

व्याख्यान विधि शिक्षणको पुरानो विधि मानिन्छ । यस विधि अनुसार कथा शिक्षण गर्दा कथालाई विविध आधारमा व्याख्या गरिन्छ । कथावस्तु, उद्देश्य, पात्र, परिवेश,

भाषाशैली, दृष्टिविन्दुका आधारमा शिक्षकले व्याख्या गरिदिएपछि कथा शिक्षण समाप्त हुन्छ । शिक्षक आफैँ कथा पढेर वा विद्यार्थीलाई पढ्न लगाएर व्याख्या विश्लेषण गर्ने काम यस विधिमा गरिन्छ । शिक्षक बढी सक्रिय रहने यस विधिमा विद्यार्थीको सक्रियता न्यून रहन्छ । यस विधिबाट शिक्षण गर्दा महत्त्वपूर्ण कुराहरू बुँदाहरूमा टिपाएर गर्नु उपयुक्त हुन्छ । अत्यन्त सरल र शिक्षककेन्द्री यस विधिलाई शिक्षकको शिक्षण क्षमताले प्रभाव पार्दछ । व्याख्यानको क्रममा शिक्षकद्वारा महत्त्वपूर्ण र मार्मिक बुँदाहरू टिपाएर त्यसको समेत व्याख्या र उदाहरण दिई शिक्षण गरिएको पाइन्छ । त्यसैले यो विधि बहुप्रचलित र सरल विधि हो तापनि भाषा शिक्षणका क्रममा यसलाई त्यति उपयोगी मानिँदैन ।

- **छलफल विधि**

कक्षाकोठामा शिक्षण गर्न लागिएको कथाको बारेमा सामूहिक रूपमा विद्यार्थी शिक्षकले छलफल गरी शिक्षण गरिने विधि छलफल विधि हो । यसलाई प्रश्नोत्तर विधि पनि भनिन्छ । यो कथालाई कक्षाकार्य वा गृहकार्य दिएर पढ्न लगाइ तिनको महत्त्वपूर्ण पक्षहरूका बारेमा प्रश्न सोधी विद्यार्थीलाई कथा बुझ्न प्रेरित गर्ने विधि हो । यस विधिको प्रयोग गरेर शिक्षण गर्दा कुनै विषयवस्तु, समस्या, प्रश्नहरू प्रस्तुत गरी त्यसमा विद्यार्थीको समूह बनाइ पक्ष विपक्षमा समेत छलफल गराउन सकिन्छ । यसले गर्दा विद्यार्थीको अन्तर्निहित क्षमताको प्रस्फुटन हुनुको साथै डराउने प्रवृत्ति कम हुनुको साथै शुद्धोच्चारण र व्यक्तित्व विकासमा समेत प्रत्यक्ष फाइदा पुग्दछ । विद्यार्थीकेन्द्री यस विधिमा शिक्षकको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । छलफलका क्रममा गलत बाटोतर्फ जान नदिन शिक्षक विशेष सक्रिय रहनुपर्छ । यस विधिबाट कक्षा सहभागिता बढ्ने हुँदा यसलाई उपयोगमा ल्याउनु आवश्यक मानिन्छ । नि.मा.वि. तहमा यस विधिको उपयोग गर्दा सैद्धान्तिक पक्षमा नभई बोध क्षमता, शब्दभण्डार, भाषातत्त्व रचना, आदिको अभ्यास गराउनु राम्रो हुन्छ । कथाभित्रका गहन कुरा बुझ्न तथा शिक्षक र विद्यार्थीका बिचमा आपसी सौहार्द्र तथा पारस्परिक आत्मीयता वृद्धि गर्न सकिने भएकाले यो विधि बढी फलदायी हुने देखिन्छ ।

- **तुलना विधि**

यस विधिमा कुनै कथासँग निर्दिष्ट कथालाई विविध आधारमा तुलना गरी त्यसका विभिन्न पक्षको शिक्षण गरिन्छ । यसरी तुलना गर्दा उही लेखकको अन्य कथा, अन्य लेखकका फरक कथा, फरक प्रवृत्तिका कथाहरू आदिसँग तुलना गर्न सकिन्छ । तुलना गर्दा कथाका स्वरूपगत र विषयगत आधारलाई लिन सकिन्छ । तल्लो तहमा भन्दा माथिल्लो तहमा प्रभावकारी हुने यस विधिमा विद्यार्थीको भन्दा शिक्षकको बढी सक्रियता देखिन्छ । यस विधिबाट कथा शिक्षण गर्दा विद्यार्थीको बिचमा तर्क शक्तिको विकास हुने र ज्ञानको विस्तार हुने हुँदा शिक्षणका दृष्टिले यस विधिलाई निकै महत्त्वपूर्ण विधिको रूपमा लिन सकिन्छ ।

- **समीक्षा विधि**

कुनै पनि कथाको शिक्षण गर्दा कथाको विभिन्न दृष्टिकोणले विश्लेषण र विवेचना गरिन्छ । त्यसका सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्ने विधि नै समीक्षा विधि हो । यो विधि तल्लो कक्षाको लागि भन्दा माथिल्लो कक्षाको लागि उपयोगी र उपयुक्त देखिन्छ । यस विधिमा विद्यार्थीको सहभागिता कम हुन्छ । यस विधिमा कथाको विधागत स्वरूप, कला र भाव पक्षलाई दृष्टिगत गर्नुपर्ने हुन्छ । यसमा आवश्यक निर्देशन दिने काम शिक्षकले गर्छन् । कक्षा सातमा भने यस विधिको खास उपयोगिता देखिँदैन । कक्षा सातका विद्यार्थीको क्षमता र स्तरले समीक्षा गर्न नसक्ने हुँदा यसलाई उपयोगमा नल्याउनु राम्रो हुन्छ ।

- **पठनबोध विधि**

यस विधिमा निर्दिष्ट कथा पढी त्यसको सारांश भन्न वा लेख्न, घटनाक्रम मिलाउन, मूल भाव बताउन, बोध प्रश्नोत्तर गर्न र महत्त्वपूर्ण पङ्क्तिको अर्थ बताउन लगाइन्छ । विद्यार्थीकेन्द्री यस विधिमा निर्दिष्ट कथा पढेर त्यसको विविध पक्षको बोध गराउनु हो । प्रश्नोत्तर गराउँदा सोधिने प्रश्नहरू विभिन्न तहका विषयवस्तु तथा भाषाका विविध पक्षहरू समेट्ने खालका हुनुपर्छ । यो विधि सबै तहका लागि उपयुक्त मानिन्छ । कक्षा सातमा पनि यस विधिको प्रयोग गरी कथाबारे प्रस्ट धारणा निर्माण गराई पठनबोध क्षमताको विकास गर्नमा निकै ठूलो मद्दत पुग्दछ ।

कथा शिक्षणका यी विधिहरू बाहेक **द्रुत पठन विधि**, **गहन पठन विधि**, **परियोजना विधि**, **प्रस्तुतीकरण विधि**, **गृहकार्य विधि** जस्ता विधिहरू पनि प्रयोग गरिएको पाइन्छ । सामान्यतः सबै तहमा यसअगि उल्लेख गरिएका पाँच विधिहरू बढी प्रयोगमा आएको पाइन्छ । कक्षा सातमा कथा शिक्षण गर्दा **व्याख्यान विधि, छलफल विधि, प्रश्नोत्तर विधि** र **पठनबोध विधि**को उपयोग बढी हुने गर्छ ।

## २.७. कथा शिक्षणमा अपनाइने शिक्षण कार्यकलापहरूको परिचय

कथा शिक्षणको क्रममा शिक्षक अलमलमा पर्ने स्थिति यत्रतत्र छ । कथा शिक्षणको तात्पर्य कथामा निहित विषयवस्तुलाई व्याख्यात्मक ढङ्गले विवेचना गर्नु मात्र रहेको पाइँदैन । शिक्षण कार्यकलाप पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गराउनका लागि नभई नहुने तत्त्व हो । उद्देश्य प्राप्तिका लागि विषयवस्तुलाई कसरी विद्यार्थीसमक्ष प्रस्तुत गर्ने भन्ने कलालाई शिक्षण कार्यकलाप भनिन्छ । कार्यकलापलाई शिक्षण सिकाइको उपयुक्त कौशल वा शिक्षण विधि पनि भन्ने गरिन्छ । शिक्षण कार्यकलाप यस्तै हुनु पर्छ भन्ने छैन । विद्यार्थी, शिक्षक, पाठ्यपुस्तक र अन्य तत्त्वहरूले समेत शिक्षण कार्यकलाप निर्धारणमा प्रभाव पारेका हुन्छन् । यसरी शिक्षकले कथा शिक्षण गर्दा विधिलाई भन्दा शिक्षण कार्यकलापलाई बढी महत्त्व दिनुपर्छ । कार्यकलापकेन्द्री शिक्षण गर्दा विधिहरू आफैँ अन्तरसम्बन्धित भएर शिक्षण प्रक्रियामा आँउछन् ।

शिक्षकहरूले आफ्नो योग्यता, कला, क्षमता र अनुभवका आधारमा जसरी शिक्षण गरे तापनि विद्यार्थीको भाषिक सिप र क्षमता हेरेर शिक्षकले निम्नलिखित कार्यकलापहरू क्रमशः गराउनु उपयुक्त हुन्छ :

**अ) सस्वर पठन**

- कथा शिक्षणका क्रममा सर्वप्रथम शिक्षकले पाठको अंश वा पाठ सस्वर पढिदिने,
- त्यसपछि केही विद्यार्थीहरूलाई पाठको अंश पढेर सुनाउन लगाउने,
- उनीहरूले पढेर गल्ती भए शिक्षकले पुनः पढिदिने र सच्याउन लगाउने,
- केही विद्यार्थीहरूको सङ्ख्या हेरी समूह बनाई समूहमा पढ्न लगाउने,
- अन्त्यमा विद्यार्थीहरू प्रत्येकलाई उठाइ पढ्न लगाउने ।

### आ) शब्दार्थ शिक्षण एवम् उखान टुक्काहरूको प्रयोग

- सुरुमा शब्द सूची तयार पार्ने,

  विद्यार्थीहरूलाई सम्बन्धित पाठ सरसरती पढ्न लगाउने, त्यसबाट नयाँ र कठिन लाग्ने शब्दहरू अभ्यास पुस्तिकामा टिपी सूची बनाउने,

- विद्यार्थीहरूलाई अर्थ खोजी भन्न लगाउने

  विद्यार्थीहरूले बनाएको सूचीमा भएका बनाएर नयाँ र कठिन शब्दहरू क्रमशः भन्न लगाई अन्य विद्यार्थीहरूलाई तिनको अर्थ पाठको सन्दर्भ र शब्दकोशको प्रयोग गरी खोज्न र भन्न लगाउने,

- शिक्षकले अवलोकन र सम्पादन गर्ने

  विद्यार्थीले खोजेर भनेको अर्थ नमिलेमा सकेसम्म उनीहरूले भनेका शब्दहरूमा काँटछाँट गरी सम्पादन गरिदिने

- शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने

  शब्दहरूको अर्थ स्पष्ट भइसकेपछि विद्यार्थीहरूलाई ती शब्दहरूलाई पहिलो पाठकै प्रसङ्गमा र पछि अर्कै प्रसङ्गमा वाक्यमा प्रयोग गर्न लगाउने

- शिक्षकले नमुना वाक्य प्रयोग गरी उदाहरण दिने ।

  विद्यार्थीहरूले बनाएका वाक्यहरू रोचक, आकर्षक एवम् व्याकरणसम्मत नभएमा आवश्यकता अनुसार शिक्षकले नमुना वाक्यहरू देखाई सघाइदिने ।

- विद्यार्थीहरूलाई अर्कै प्रकृतिका वाक्य बनाउन लगाउने

  विद्यार्थीहरूले वाक्य बनाउने कार्य गरेपछि शिक्षकले दिएका वाक्यभन्दा अर्कै प्रकृतिका वाक्यहरू बनाउन अभिप्रेरित गरी वाक्य बनाउन लगाउने

### इ) शब्दार्थ शिक्षण सम्बन्धी क्रियाकलाप

- वस्तु, चित्र वा प्रतिमूर्तिद्वारा शब्दको अर्थ स्पष्ट पार्ने,
- अभिनय वा हाउभाउ प्रदर्शन गर्ने,
- वाक्यमा प्रयोग गर्ने,
- पयार्यवाची शब्द दिने,

- विपरीतार्थी शब्द दिने,
- परिभाषा बताइदिने,
- आशयको व्याख्या गर्ने ।

**ई) पठन बोध**

- घटनाक्रम मिलाउने,

  - निर्दिष्ट कथाका मुख्य घटनाहरू दर्साउने बुँदाहरू छ्यासमिस पारी पाटीमा लेख्ने र बुँदाका पत्तीहरू देखाई घटनाहरूलाई क्रम मिलाएर भन्न लगाउने,
  - सम्बन्धित कथालाई उल्टो गरी सुनाई क्रमबद्ध रूपमा भन्न लगाउने,
  - कथाका खास अंश सुनाई त्यस कथालाई पूरा गर्न लगाउने,
  - विभिन्न घटना दिई तिनलाई सिलसिलाबद्ध गर्न लगाई कथा तयार गर्न लगाउने,

- बोध प्रश्नहरू बनाई तिनको उत्तर भन्न लगाउने

कथाको प्रमुख प्रयोजन बोध सामर्थ्यको विकास गर्नु भएकाले यसका लागि विद्यार्थीको स्तर अनुसार निम्नानुसारका बोध प्रश्नहरू बनाई अभ्यास गराउनुपर्छ :

  - विशेषतः खाली ठाउँ भर्ने
  - जोडा मिलाउने
  - ठीक बेठीक छुट्याउने
  - बहुवैकल्पिक
  - सङ्क्षिप्त उत्तरात्मक प्रश्न

- वाक्य वा शब्दहरू भन्न लगाउने

  - शुद्ध उच्चारणका दृष्टिले प्रारम्भिक कक्षामा क्रियाकलाप गराउन यो तरिका बढी उपयुक्त हुँदा यसका लागि कथामा प्रयोग भएका

उच्चारणका आधारमा महत्त्वपूर्ण शब्द एवम् वाक्यहरूको सूची तयार गरी पाटीमा लेखेर शिक्षकले सही उच्चारण गर्दै विद्यार्थीहरूलाई अभ्यास गराउने

- कथा भन्न वा रचना गर्न लगाउने
  - बालबालिकाहरूलाई उनीहरूले सुनेका र जानेका अन्य कथाहरू भन्न लगाउने
  - चित्र देखाएर भन्न लगाउने
  - कुनै कथामा खाली ठाँउ दिई भर्न लगाउने
  - कथा रचना गर्न लगाउने

यसरी कथा शिक्षणका क्रममा उपर्युक्त कार्यकलापहरूको प्रयोग गर्न सकिन्छ । कथा शिक्षणको सही क्रम अर्न्तगत यसलाई अँगाल्दा कथा शिक्षणका उद्देश्यहरू सफल रूपमा प्राप्त हुन सक्छन् ।

# परिच्छेद-तीन

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ३.१. परिचय

प्रस्तुत शोधकार्य कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययनमा केन्द्रित रहेकोले यस परिच्छेच्दमा कथा शिक्षण सम्बन्धी विभिन्न विधिहरू र कार्यकलापहरूको आधारमा प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । कथा शिक्षणका कार्यकलापहरूका सैद्धान्तिक आधार निर्माण गरी प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा समेत विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूका शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाएका कार्यकलापहरूलाई शिक्षक प्रश्नावली फाराम, कक्षा अवलोकन फाराम, रुजु सूची आदिबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । यसरी विभिन्न किसिमका प्रश्नावलीवाट प्राप्त तथ्याङ्कलाई सामुदायिक र संस्थागत विद्यालयका आधारमा तुलना गरी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

तथ्याङ्क सङ्कलनका क्रममा शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फाराममा एकरूपता नदेखिएकाले मुख्यतः कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई बढी विश्वसनीय मानी त्यसैको आधारमा कथा शिक्षणका कार्यकलापहरूको व्याख्या र विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

## ३.२. सम्बन्धित विद्यालय र शिक्षकको विवरण

**तालिका सङ्ख्या १**

**सामुदायिक विद्यालय**

| **जम्मा विद्यालय सङ्ख्या** | **शिक्षकको किसिम** | | **तलिम** | | **विद्यालयको प्रकार** | | **जम्मा शिक्षक सङ्ख्या** |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्राप्त | अप्राप्त | सामुदायिक वि. शिक्षक | संस्थागत वि. शिक्षक | |
| १० वटा | ५ जना | ५ जना | ५ जना | ५ जना | ५ जना | ५ जना | १० जना |

यस तथ्याङ्कमा सामुदायिक विद्यालय ५ वटा र संस्थागत विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयलाई शोधकार्यको लागि आधार बनाइएको छ । उक्त १० वटा विद्यालयका १० जना (सामुदायिक विद्यालयका ५ जना शिक्षकहरू र संस्थागत विद्यालयका ५ जना शिक्षकहरू) मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । दुबै किसिमका विद्यालयका शिक्षकहरूमध्ये ५ जना पुरुष शिक्षकहरू र ५ जना महिला शिक्षकहरूको छनोट गरिएको छ । त्यस्तै दुबै किसिमका विद्यालयहरूबाट तालिम प्राप्त र तालिम अप्राप्त  गरी ५/५ जना शिक्षकहरूलाई लिइएको छ ।

यस शोध कार्यको उद्देश्यअनुरूप महिला र पुरुष शिक्षकहरू, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरू र विद्यालयको किसिमका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । सामुदायिक विद्यालय (५ वटा) र संस्थागत विद्यालय (५ वटा) का ५/५ जना शिक्षकहरूको कक्षा सातमा कथा शिक्षण गराउँदा अपनाउने कार्यकलापहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.३. शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कहरूको तुलनात्मक व्याख्या एवम् विश्लेषण

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि रुजु सूची, कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फाराम निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षक प्रश्नावली फाराममा ३ वटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न र २२ वटा बहुवैकल्पिक प्रश्नहरू सोधिएका थिए । त्यसै गरी कक्षा अवलोकन फाराममा ११ वटा शीर्षकमा कथा शिक्षण कार्यकलाप सम्बन्धी प्रश्नहरू गरिएका थिए । यी दुई किसिमका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई अलगअलग तालिकामा राखी तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ :

### ३.३.१. पाठयोजना

कथा शिक्षण गर्दा पाठयोजना निर्माणका सम्बन्धमा भरिएका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई यसरी देखाउन सकिन्छ :

**तालिका सङ्ख्या २**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तथ्याङ्कका आधारमा हेर्दा सामुदायिक र संस्थागत सबै विद्यालयका नेपाली विषय अध्यापन गराउने सबै शिक्षकहरूले आफूले पाठयोजना बनाउने गरेको कुरा उल्लेख गरेका छन् ।

## तालिका सङ्ख्या ३

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| **बनाउने** | **नबनाउने** | **जम्मा** | **बनाउने** | **नबनाउने** | **जम्मा** |
| २ (४०%) | ३ (६०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

यस तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयतर्फ पाठयोजना बनाउने २ जना (४०%) र पाठयोजना नबनाउने ३ जना (६०%) शिक्षकहरू रहेका छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ  पाठयोजना बनाउने ३ जना (६०%) र नबनाउने २ जना (४०%) देखिन्छन् । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरूले बढी पाठयोजना बनाएको देखिन्छ ।

## तालिका सङ्ख्या ४

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| **बनाउने** | **नबनाउने** | **जम्मा** | **बनाउने** | **नबनाउने** | **जम्मा** |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क हो । यस तथ्याङ्कका आधारमा संस्थागत र सामुदायिक विद्यालयका १० जना शिक्षकहरूमध्ये ५/५ जना पुरुष र महिला शिक्षकहरूले पाठयोजना बनाएको देखाइएको छ । यस तथ्याङ्कलाई हेर्दा पुरुष शिक्षकहरूमा पाठयोजना बनाउने १ जना (२०%) र नबनाउने ४ जना (८०%) रहेको देखिन्छ । महिला शिक्षकहरूतर्फ पाठ  योजना बनाउने ४ जना (८०%) र नबनाउने १ जना (२०%) रहेको पाइन्छ ।

**तालिका सङ्ख्या ५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| **तालिम प्राप्त शिक्षकहरू** | | | **तालिम अप्राप्त शिक्षकहरू** | | |
|---|---|---|---|---|---|
| **बनाउने** | **नबनाउने** | **जम्मा** | **बनाउने** | **नबनाउने** | **जम्मा** |
| ४(८०%) | १(२०%) | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

यस तथ्याङ्कका आधारमा संस्थागत र सामुदायिक विद्यालयका १० जना शिक्षकहरूमध्ये ५ जना तालिम प्राप्त शिक्षकहरू र ५ जना तालिम अप्राप्त शिक्षकहरूको पाठयोजनासम्बन्धी तथ्याङ्क देखाइएको छ । तालिम प्राप्त शिक्षकहरूमा पाठयोजना बनाउने ४ जना (८०%) र नबनाउने १ जना (२०%) रहेको देखिन्छ भने तालिम अप्राप्त शिक्षकहरूतर्फ पाठयोजना बनाउने १ जना (२०%) र पाठयोजना नबनाउने ४ जना (८०%) रहेको पाइन्छ ।

यसरी शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा अधिकांश शिक्षकहरूले शिक्षण गर्दा पाठयोजना बनाउने कुरा उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयतर्फ पाठयोजना बनाउने शिक्षक २ जना (४०%) र पाठयोजना नबनाउने शिक्षक ३ जना (६०%) मात्र देखिन्छन् । संस्थागत विद्यालयमा पनि पाठयोजना बनाउने शिक्षक ३ जना (६०%) मात्रै छन् । त्यस्तै पुरुष र महिला शिक्षकहरूको पाठयोजना निर्माणलाई हेर्दा १ जना (२०%) पुरुष शिक्षकले बनाएको र महिला शिक्षकहरूतर्फ ४ जना (८०%) ले बनाएको पाइन्छ । तुलनात्मक रूपमा तालिम अप्राप्त शिक्षकहरूभन्दा तालिम प्राप्त शिक्षकहरूले बढी (६०%) पाठयोजना बनाएको पाइन्छ । शिक्षण सिकाइ कार्यकलापलाई उद्देश्यपूर्ण, गतिशील र जीवन्त बनाउन पाठयोजना महत्त्वपूर्ण रहे तापनि अधिकांश शिक्षकहरूले यसप्रति बेवास्ता गरेको पाइन्छ । बढी मात्रामा पुरुष शिक्षकहरूले पाठयोजनालाई बेवास्ता गरेको पाइन्छ । महिला शिक्षकहरूमा शिक्षणको दायित्वबोध बढी रहेको पाइन्छ । सामुदायिक विद्यालय र त्यसमा पनि पुरुष शिक्षकहरूको पाठयोजनाप्रति गैरजिम्मेवारिपन बढी रहेको देखिन्छ ।

### ३.३.२. कथा शिक्षणको उद्देश्य

कथा शिक्षण गर्दा कथा शिक्षणको उद्देश्यबारे सोधिएका प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ७**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | | संस्थागत विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा | भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा |
| ५ (१००% | | | | ५ (१००%) | ५ (१००% | | | | ५ (१००%) |

यस तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयतर्फ सबै ५ जना (१००%) शिक्षकहरूले भाषिक सिपको विकासलाई नै कथा शिक्षणको मुख्य उद्देश्य मानेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ पनि सबै ५ जना (१००%) शिक्षकले भाषिक सिपको विकासलाई नै कथा शिक्षणको मुख्य उद्देश्य मानेको पाइन्छ ।

**तालिका सङ्ख्या ८**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | | संस्थागत विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा | भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा |
| २ (४०%) | १ (२०%) | १ (२०%) | १ (२०%) | ५ (१००%) | ३ (६०%) | १ (२०%) | १ (२०%) | - | ५ (१००%) |

यस तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयतर्फ भाषिक सिपको विकासलाई २ जना (४०%), विषयवस्तुको ज्ञानलाई १ जना (२०%), साहित्यिक रसास्वादनलाई १ जना

(२०%) र मनोरञ्जनलाई १ जना (२०%) शिक्षकले उद्देश्य बनाएको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ भाषिक सिपको विकासलाई ३ जना (६०%), विषयवस्तुको ज्ञानलाई १ जना (२०%) र साहित्यिक रसास्वादनलाई १ जना (२०%) शिक्षकले उद्देश्य बनाएको देखिन्छ भने कसैले पनि मनोरञ्जनलाई उद्देश्य बनाएको देखिँदैन ।

**तालिका सङ्ख्या ९**

**पुरुष शिक्षकहरू र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| पुरुष शिक्षक | | | | | महिला शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा | भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा |
| ३ (६०%) | २ (४०%) | - | - | ५ (१००%) | २ (४०%) | - | २ (४०%) | १ (२०%) | ५(१००%) |

यस तथ्याङ्कलाई हेर्दा पुरुष शिक्षकहरूतर्फ भाषिक सिपको विकासलाई ३ जना (६०%) र विषयवस्तुको ज्ञानलाई २ जना (४०%) ले उद्देश्य बनाएको पाइन्छ । महिला शिक्षकहरूतर्फ भाषिक सिपको विकासलाई २ जना (४०%), साहित्यिक रसास्वादनलाई २ जना (४०%) र मनोरञ्जनलाई जम्मा १ जना (२०%) ले कथा शिक्षणको मुख्य उद्देश्य बनाएको देखिन्छ ।

**तालिका सङ्ख्या १०**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङक**

| तालिम प्राप्त शिक्षकहरू | | | | | तालिम अप्राप्त शिक्षकहरू | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा | भाषिक सिपको विकास | विषय वस्तुको ज्ञान | साहित्यिक रसास्वादन | मनोर-ञ्जन | जम्मा |
| २ (४०%) | २ (४०%) | १ (२०%) | - | ५ (१००%) | ३ (६०%) | - | १ (२०%) | १ (२०%) | ५ (१००%) |

यस तथ्याङ्कमा शिक्षकहरूले बनाएको कथा शिक्षणको मुख्य उद्देश्यलाई देखाइएको छ । तालिम प्राप्त शिक्षकहरूमध्ये २ जना (४०%) ले भाषिक सिपको विकास र २ जना (४०%) ले विषयवस्तुको ज्ञान र १ जना (२०%) ले साहित्यिक रसास्वादनलाई कथा शिक्षणको मुख्य उद्देश्य मानेको पाइन्छ । त्यस्तै तालिम अप्राप्त शिक्षकमध्ये ३ जना (६०%) ले भाषिक सिपको विकास र १ जना (२०%) ले साहित्यिक रसास्वादन र १ जना(२०%) ले मनोरञ्जनलाई कथा शिक्षणको मुख्य उद्देश्य मानेको पाइन्छ ।

यसरी कथा शिक्षणको उद्देश्यमा शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई तुलना गर्दा धेरै भिन्नता पाइन्छ । सामुदायिक विद्यालयतर्फ भाषिक सिपको विकासमा ५ जनाले जोड दिने कुरा उल्लेख गरे तापनि व्यावहारिक रूपमा कक्षा अवलोकन गर्दा भाषिक सिपको विकासमा २ जना (४०%) ले मात्र जोड दिएको देखिन्छ । अन्य ३ जना (६०%) ले विषयवस्तुको ज्ञान, साहित्यिक रसास्वादन र मनोरञ्जनलाई मुख्य उद्देश्य मानेको देखिन्छ । संस्थागत विद्यालयतर्फ भाषिक सिपको विकासमा ५ जना (१००%) ले जोड दिने उल्लेख गरेपनि दिए पनि कक्षा अवलोकन गर्दा ३ जना (६०%) ले मात्र भाषिक सिपको विकासमा, १ जना (२०%) ले विषयवस्तुको ज्ञानमा र १ जना (२०%) ले साहित्यिक रसास्वादनमा जोड दिएको पाइन्छ । शिक्षक प्रश्नावली फाराममाकथा शिक्षण गर्दा दुबै विद्यालयतर्फका शिक्षकहरूले भाषिक सिपको विकासमा धेरै जोड दिने कुरा उल्लेख गरे पनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयतर्फ २ जना (४०%) र संस्थागत विद्यालयतर्फ ३ जना (६०%) ले मात्र भाषिक सिपको विकासमा जोड दिएको देखिन्छ । पुरुष र महिला शिक्षकहरूको तथ्याङ्कलाई तुलना गर्दा पुरुष शिक्षकहरूतर्फ ३ जना (६०%) र महिला शिक्षकहरूतर्फ २ जना (४०%) ले भाषिक सिपको विकासलाई मुख्य उद्देश्य मानेको पाइन्छ । अन्य शिक्षकहरूले भने अन्य विषयमा मुख्य जोड दिएको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूले भन्दा तालिम अप्राप्त शिक्षकहरूले भाषिक सिप विकासमा जोड दिएको देखिन्छ । तालिम अप्राप्त शिक्षकहरूले मनोरञ्जनमा पनि जोड दिएको देखिन्छ । अतः कथा शिक्षणको मुख्य उद्देश्य भाषिक सिपको विकास रहेकाले त्यसतर्फ केही शिक्षकहरूले ध्यान दिएको देखिँदैन ।

### ३.३.३. कथा शिक्षणको सुरुआत

कथा शिक्षणको क्रममा कथा शिक्षणको प्रारम्भ र प्रक्रियाका बारेमा सोधिएका प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ११**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| पूर्व पाठमा आधारित | सम्बन्धित पाठबाट | जम्मा | पूर्व पाठमा आधारित | सम्बन्धित पाठबाट | जम्मा |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ १ जना (२०%) शिक्षकले पूर्वपाठमा आधारित भएर र अन्य ४ जना (८०%) शिक्षकले सम्बन्धित पाठबाटै शिक्षणको सुरुआत गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ पूर्व पाठमा आधारित भएर शिक्षणको सुरुआत गर्ने शिक्षक देखिँदैनन् भने सम्बन्धित पाठबाट शिक्षण सुरुआत गर्ने शिक्षकहरू ५ जना (१००%) देखिन्छन् ।

**तालिका सङ्ख्या १२**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| पूर्व पाठमा आधारित | सम्बन्धित पाठबाट | जम्मा | पूर्व पाठमा आधारित | सम्बन्धित पाठबाट | जम्मा |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ ५ जना (१००%) शिक्षकहरूमध्ये १ जना (२०%) ले पूर्व पाठमा आधारित भएर शिक्षण गरेको र ४ जना (८०%) ले सम्बन्धित पाठबाट शिक्षण सुरुआत गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ ५ जना (१००%) शिक्षकहरूमध्ये पूर्वपाठमा आधारित भएर शिक्षण सुरुआत गर्ने शिक्षकहरू १ जना पनि

नभएको देखिन्छ भने सम्बन्धित पाठबाट शिक्षण सुरुआत गर्ने शिक्षक ५ जना (१००%) देखिन्छन् ।

**तालिका सङ्ख्या १३**

**पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| **पुरुष शिक्षक** | | | **महिला शिक्षक** | | |
|---|---|---|---|---|---|
| **पूर्व पाठमा आधारित** | **सम्बन्धित पाठबाट** | **जम्मा** | **पूर्व पाठमा आधारित** | **सम्बन्धित पाठबाट** | **जम्मा** |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा पुरुष शिक्षकहरू ५ जना (१००%) मध्ये पूर्व पाठमा आधारित भएर शिक्षण सुरुआत गर्ने १ जना (२०%) र सम्बन्धित पाठबाट शिक्षण सुरुआत गर्ने ४ जना (८०%) रहेका देखिन्छन् । त्यसै गरी महिला शिक्षकहरू ५ जना (१००%) मा पूर्व पाठमा आधारित भएर शिक्षण सुरुआत गरेको देखिँदैन भने ५ जना (१००%) महिला शिक्षकहरूले सम्बन्धित पाठबाट शिक्षण सुरुआत गरेको देखिन्छ ।

**तालिका सङ्ख्या १४**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| **तालिम प्राप्त शिक्षकहरू** | | | **तालिम अप्राप्त शिक्षकहरू** | | |
|---|---|---|---|---|---|
| **पूर्व पाठमा आधारित** | **सम्बन्धित पाठबाट** | **जम्मा** | **पूर्व पाठमा आधारित** | **सम्बन्धित पाठबाट** | **जम्मा** |
| | ५ (१००%) | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा ५ जना शिक्षकमध्ये पूर्वपाठमा आधारित भएर शिक्षण सुरुआत गर्ने शिक्षक शून्य तर सम्बन्धित पाठबाट शिक्षण सुरुआत गर्ने ५ जना (१००%) नै रहेका देखिन्छन् । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरू ५ जना (१००%) मा पूर्व पाठमा आधारित भएर शिक्षण सुरुआत गर्ने १ जना (२०%) र महिला शिक्षकहरूले सम्बन्धित पाठबाट शिक्षण सुरुआत गर्ने ४ जना (८०%) शिक्षक देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयतर्फका शिक्षकहरूमा १ जना (२०%) शिक्षकले पूर्व पाठमा आधारित भएर शिक्षण सुरुआत गरेको र दुबैतर्फका ९ जना शिक्षकहरूले सम्बन्धित पाठबाट शिक्षण सुरुआत गरेका पाइन्छ । त्यस्तै पूर्व पाठमा आधारित भएर शिक्षण गर्ने पुरुष शिक्षकहरूतर्फ १ जना देखिन्छन् भने अरू ९ जनाले सम्बन्धित पाठबाट शिक्षणको सुरुआत गरेको देखिन्छ। तालिम अप्राप्त शिक्षक (२०%) ले मात्र पूर्व पाठमा आधारित भएर शिक्षण गरेको पाइन्छ । अतः विद्यार्थीलाई सम्बन्धित पाठबाटै सोझै शिक्षण नगराई शिक्षणप्रति ध्यानाकर्षण गराउनुपूर्व पाठको स्मरण गराउँदै नयाँ पाठको प्रारम्भ गर्नुपर्नेमा अधिकांश शिक्षकहरूले त्यसो गरेको पाइँदैन । एकजना शिक्षक बाहेक सम्पूर्ण शिक्षकहरूले सम्बन्धित पाठबाटै शिक्षण सुरुआत गरेको देखिन्छ।

### ३.३.४. बोधका लागि पठन कार्यकलापको छनोट

कथा शिक्षण गर्दा सस्वर पठन र मौन पठनबिचको छनोट र प्रयोगका बारेमा सोधिएको प्रश्नमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या १५**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सस्वर | मौन | दुबै | जम्मा | सस्वर | मौन | दुबै | जम्मा |
| ३ (६०%) | - | २ (४०%) | ५ (१००%) | ३ (६०%) | १ (२०%) | १ (२०%) | ५ (१००%) |

उपर्युक्त तालिका पठनबोधसम्बन्धी शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको हो । तथ्याङ्कमा सामुदायिक विद्यालयतर्फ सस्वर पठनमा ३ जना (६०%) र दुबै (सस्वर र मौन) पठनमा २ जना (४०%) शिक्षकले जोड दिएको देखिन्छ भने संस्थागत विद्यालयतर्फ सस्वर पठनमा ३ जना (६०%), मौन पठनमा १ जना (२०%) र दुबै पठनमा १ जना (२०%) शिक्षकले जोड दिएको देखिन्छ ।

### तालिका सङ्ख्या १६

### कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सस्वर | मौन | दुबै | जम्मा | सस्वर | मौन | दुबै | जम्मा |
| ४ (८०%) | - | १ (२०%) | ५(१००%) | ३ (६०%) | - | २ (४०%) | ५(१००%) |

यस तथ्याङ्कमा हेर्दा सामुदायिक विद्यालयतर्फ सस्वर पठनमा ४ जना (८०%) र दुबै (सस्वर र मौन) पठनमा १ जना (२०%) ले जोड दिएको देखिन्छ । संस्थागत विद्यालयतर्फ सस्वर पठनमा ३ जना (६०%) र दुबै (सस्वर र मौन) पठनमा २ जना (४०%) शिक्षकहरूले जोड दिएको देखिन्छ । कुनै पनि शिक्षकले मौन पठनमा जोड दिएको देखिँदैन ।

### तालिका सङ्ख्या १७

### पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| सस्वर | मौन | दुबै | जम्मा | सस्वर | मौन | दुबै | जम्मा |
| ५ (१००%) | - | - | ५ (१००%) | २ (४०%) | - | ३ (६०%) | ५ (१००%) |

उपर्युक्त तालिकामा कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई आधार मानी पुरुष र महिला शिक्षकहरूको पठन बोधको तथ्याङ्क प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कमा दुबै विद्यालयतर्फका ५/५ जना पुरुष र महिला शिक्षकहरूमध्ये पुरुष शिक्षकहरूतर्फ सस्वर पठन गराउने ५ जना (१००%) रहेका छन् । महिला शिक्षकहरूतर्फ सस्वर पठन गराउने २ जना (४०%) र दुबै पठन गराउने ३ जना (६०%) देखिन्छन् ।

**तालिका सङ्ख्या १८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम अप्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| सस्वर | मौन | दुबै | जम्मा | सस्वर | मौन | दुबै | जम्मा |
| ३ (६०%) | - | २ (४०%) | ५ (१००%) | ४ (८०%) | - | १ (२०%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा दुबै विद्यालयतर्फका ५/५ तालिम प्राप्त शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरूमध्ये पुरुष शिक्षकहरूतर्फ सस्वर पठन गर्ने ३ जना (६०%) र दुबै पठनको प्रयोग गर्ने २ जना (४०%) रहेका छन् । तालिम अप्राप्त शिक्षकहरूतर्फ सस्वर पठन गर्ने ४ जना (८०%) र दुबै पठन गर्ने १ जना (२०%) देखिन्छन् ।

यसरी कथा शिक्षणको क्रममा पठनबोधको प्रयोगको सम्बन्धमा शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फ सस्वर पठन प्रयोग गर्ने शिक्षकहरू ३ जना (६०%) र दुबै पठन प्रयोग गर्ने २ जना (४०%) शिक्षकहरू रहेका छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ सस्वर पठनमा जोड दिने ३ जना (६०%), मौन पठनमा जोड दिने १ जना (२०%) र दुबै पठनमा जोड दिने १ जना (२०%) रहेको देखिन्छ । कक्षा अवलोकन फारामलाई आधार मानरे हेर्दा सामुदायिक विद्यालयतर्फ सस्वर पठनमा जोड दिने ४ जना (८०%), दुबैमा जोड दिने १ जना (२०%) रहेको देखिन्छन् भने संस्थागत विद्यालयतर्फ सस्वर पठनमा जोड दिने ३ जना (६०%), दुबैमा जोड दिने २ जना (४०%) रहेको देखिन्छन् । सामुदायिक विद्यालयमा ५ जना शिक्षकहरूमध्ये २ जना (४०%) ले दुबै पठनमा जोड दिए पनि कक्षा शिक्षणमा १ जना (२०%) ले मात्र दुबै पठनको प्रयोग गरेको देखिन्छ र संस्थागत विद्यालयमा १ जना (२०%) ले बताए पनि दुबै पठन प्रयोग गर्ने २ जना (४०%) देखिन्छन् । कक्षा शिक्षणमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका धेरै शिक्षकहरूले सस्वर वाचनमा जोड दिएको देखिन्छ । कुन समयमा कुन पठनको प्रयोग गर्ने भन्ने शिक्षकहरूमा ज्ञानको कमी देखिन्छ । सस्वर पठनलाई शिक्षकहरूले छनोट गरे अनुसार नै कक्षामा शिक्षण गरेको पाइन्छ । कथा शिक्षण गर्दा कक्षा ७ मा सस्वर पठनसहित मौन पठनलाई पनि जोड नदिएको देखिन्छ । ३ जना (६०%) ले सबै पठनको प्रयोग गर्ने बताए पनि कक्षामा ३

जनाले मात्रै लागू गरेको पाइन्छ । त्यस्तै पुरुषभन्दा महिला शिक्षकहरूले सस्वर पठनमा जोड दिएको देखिन्छ । तालिम प्राप्त शिक्षककहरूतर्फ २ जना (४०%) ले दुबै पठनको प्रयोग गरेको र तालिम अप्राप्त शिक्षकहरूतर्फ १ जना (२०%) ले दुबै पठनको प्रयोग गरेको पाइन्छ । सामुदायिक विद्यालयतर्फका शिक्षकहरूमा सस्वर पठन गराउने प्रवृत्ति संस्थागत विद्यालयको तुलनामा बढी देखिन्छ । शिक्षकहरूमा पठनबारे सैद्धान्तिक ज्ञान भए तापनि व्यवहारमा त्यसलाई उपयोग गरेको देखिँदैन ।

### ३.३.५. शब्दार्थको शिक्षण

कथा शिक्षणको क्रममा शब्दार्थ शिक्षणलाई पनि समेट्ने बारेमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या १९**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा | समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा |
| ३ (६०%) | १ (२०%) | १ (२०%) | ५ (१००%) | ४(८०%) | - | १ (२०%) | ५ (१००%) |

यस तालिकालाई हेर्दा सामुदायिक विद्यालयतर्फ कथा शिक्षण गर्दा शब्दार्थ शिक्षणलाई पनि समेट्ने ३ जना (६०%), नसमेट्ने १ जना (२०%) र कहिलेकाहीँ समेट्ने १ जना (२०%) देखिन्छन् । त्यसै गरी संस्थागत विद्यालयतर्फ कथा शिक्षण गर्दा शब्दार्थ शिक्षणलाई पनि समेट्ने ४ जना (८०%) र कहिलेकाहीँ समेट्ने १ जना (२०%) देखिन्छन् । कथा शिक्षण गर्दा शब्दार्थलाई नसमेट्ने शिक्षकहरू भने देखिँदैनन् ।

## तालिका सङ्ख्या २०

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा | समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा |
| ३ (६०%) | १ (२०%) | १ (२०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा कथा शिक्षणको क्रममा शब्दार्थ शिक्षणलाई पनि समेटिएको देखाइको छ । सामुदायिक विद्यालयतर्फ शब्दार्थलाई पनि समेट्ने ३ जना (६०%), नसमेट्ने १ जना (२०%) र कहिलेकाहीँ समेट्ने १ जना (२०%) रहेको पाइन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ शब्दार्थ शिक्षणलाई समेट्ने ३ जना (६०%) र नसमेट्ने २ जना (४०%) शिक्षकहरू रहेको पाइन्छ ।

## तालिका सङ्ख्या २१

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा | समेटेको | नसमेटेको | कहिलेकाहीँ | जम्मा |
| ३ (६०%) | २ (४०%) | - | ५ (१००%) | ३ (६०%) | १ (२०%) | १ (२०%) | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा ५ जना पुरुष शिक्षकहरूमध्ये ३ जना (६०%) ले शब्दार्थ शिक्षणलाई समेटेको र २ जना (४०%) पुरुष शिक्षकहरूले नसमेटेको देखिन्छ । त्यस्तै महिला शिक्षकहरूतर्फ ३ जनाले (६०%) ले समेटेको, १ जना (२०%) ले नसमेटेको र १ जना (२०%) महिला शिक्षकले कहिलेकाहीँ समेटेको देखिन्छ ।

## तालिका सङ्ख्या २२

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम अप्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| **समेटेको** | **नसमेटेको** | **कहिलेकाहीँ** | **जम्मा** | **समेटेको** | **नसमेटेको** | **कहिलेकाहीँ** | **जम्मा** |
| २ (६०%) | २ (४०%) | १ (२०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा ५ जना तालिम प्राप्त शिक्षकहरूमध्ये २ जना (४०%) ले शब्दार्थ शिक्षणलाई समेटेको २ जना (४०%), नसमेटेको १ जना (२०%) ले कहिलेकाहीँ समेटेको देखिन्छ । त्यस्तै गरी तालिम अप्राप्त शिक्षकहरूतर्फ ४ जनाले (८०%) ले समेटेको र १ जना (२०%) ले नसमेटेको देखिन्छ ।

यसरी शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फ ३ जना (६०%) ले शब्दार्थ शिक्षणलाई समेटेर सोहीअनुरूप शिक्षण गरेको पाइन्छ । संस्थागत विद्यालयतर्फ ४ जना (८०%) ले समेट्ने कुरा बताए पनि कक्षा अवलोकन गर्दा ३ जना (६०%) ले मात्र समेटेको देखिन्छ । संस्थागत विद्यालयतर्फ सामुदायिकमा भन्दा बढी (४ जना) ले समेट्ने कुरा बताए पनि सामुदायिक विद्यालयका जति (३ जना) ले नै कक्षा अवलोकन गर्दा शब्दार्थ शिक्षणलाई समेटेको देखिन्छ । त्यसै गरी पुरुष शिक्षकहरूतर्फ शब्दार्थ शिक्षण नसमेट्ने २ जना (४०%) र महिला शिक्षकहरूतर्फ नसमेट्ने १ जना (२०%) देखिन्छ । कथा शिक्षणको क्रममा शब्दार्थ शिक्षणलाई पनि समेट्नुपर्ने हुन्छ । तालिम प्राप्त शिक्षकहरू (४०%) ले भन्दा तालिम अप्राप्त शिक्षकहरू (८०%) ले बढी शब्दार्थ शिक्षणलाई समेटेको पाइन्छ । शब्दार्थ शिक्षणले बालबालिकामा शब्दभण्डार क्षमताको वृद्धि गर्नुका साथै भाषिक सिपको विकासमा समेत उल्लेखनीय टेवा पुऱ्याउँछ । यति हुँदा हुँदै पनि कथा शिक्षणका क्रममा केही शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणलाई महत्त्व दिएको देखिँदैन ।

### ३.३.६. वाक्यमा प्रयोग

कथा शिक्षण गर्दा शब्दलाई वाक्यमा प्रयोगका सम्बन्धमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

## तालिका सङ्ख्या २३

## शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ५ (१००%० | - | ५ (१००%) |

यस तालिका अनुसार ५ जना (१००%) सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने ४ जना (८०%) र वाक्यमा प्रयोग गर्न नलगाउने १ जना (२०%) देखिन्छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ सबै ५ जना (१००%) ले नै वाक्यमा प्रयोग गर्न लगाएको देखिन्छ ।

## तालिका सङ्ख्या २४

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| २ (४०%) | ३ (६०%) | ५ (१००%) | ३ (६०%० | २ (४०%) | ५ (१००%) |

यस तालिका अनुसार ५ जना सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये शब्दलाई वाक्यमा प्रयोग गर्ने २ जना (४०%) र नगर्ने ३ जना (६०%) देखिन्छन् भने संस्थागत विद्यालयतर्फ शब्दलाई वाक्यमा प्रयोग गर्ने ३ जना (६०%) र नगर्ने २ जना (४०%) शिक्षकहरू देखिन्छन् ।

## तालिका सङ्ख्या २५

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| २ (४०%) | ३ (६०%) | ५ (१००%) | ३ (६०%० | २ (४०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा ५ जना (१००%) पुरुष शिक्षकहरूमध्ये शब्दलाई वाक्यमा प्रयोग गर्नेको सङ्ख्या २ (४०%) र नगर्नेको सङ्ख्या ३ (६०%) रहेको छ । त्यसै गरी महिला शिक्षकहरूमा शब्दलाई वाक्यमा प्रयोग गर्ने सङ्ख्या ३ (६०%) र नगर्नेको सङ्ख्या २ (४०%) रहेको देखिन्छ ।

**तालिका सङ्ख्या २६**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| **तालिम प्राप्त शिक्षकहरू** | | | **तालिम अप्राप्त शिक्षकहरू** | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| २ (४०%) | ३ (६०%) | ५ (१००%) | ३ (६०%० | २ (४०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा ५ जना (१००%) तालिम प्राप्त शिक्षकहरूमध्ये शब्दलाई वाक्यमा प्रयोग गर्नेको सङ्ख्या २ (४०%) र नगर्नेको सङ्ख्या ३ (६०%) रहेको छ । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूमा शब्दलाई वाक्यमा प्रयोग गर्नेको सङ्ख्या ३ (६०%) र नगर्नेको सङ्ख्या २ (४०%) रहेको देखिन्छ ।

यसरी शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फका ४ जना (८०%) ले वाक्यमा प्रयोग गर्ने बताए तापनि कक्षा अवलोकन गर्दा २ जना शिक्षकहरू (४०%) ले मात्र वाक्यमा प्रयोग गरेका देखिन्छ । संस्थागत विद्यालयतर्फ सम्पूर्ण (५ जना) शिक्षकले वाक्यमा प्रयोग गर्ने बताए तापनि कक्षामा अवलोकन गर्दा ३ जना (६०%) ले मात्र शब्दलाई वाक्यमा प्रयोग गरेको देखिन्छ । सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा १ जना (२०%) बढी शिक्षकले शब्दलाई वाक्यमा प्रयोग गरेको देखिन्छ । त्यस्तै पुरुष शिक्षकभन्दा महिला शिक्षकले वाक्यमा प्रयोग गर्ने कुरामा जोड दिएको देखिन्छ । तालिम प्राप्त शिक्षकहरू(४०%) ले भन्दा तालिम अप्राप्त शिक्षकहरू (६०%) ले शब्दार्थलाई बढी समेटेको पाइन्छ । कथा शिक्षण भनेको विषयवस्तु, ज्ञान र शब्दार्थ बोध मात्र नभई ती शब्दलाई समुचित र सन्तुलित रूपमा वाक्यमा प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्ने माध्यम पनि भएकाले शब्दार्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने कार्यकलाप पनि समेट्नुपर्नेमा केही शिक्षकहरू यसतर्फ उदासीन रहेको कुरा तथ्याङ्कले पुष्टि गर्दछ ।

### ३.३.७. कथाको व्याख्या

कथा शिक्षण गर्दा कथाको व्याख्या गर्ने सम्बन्धमा निम्नलिखित तथ्याङ्क प्राप्त भएका छन् :

**तालिका सङ्ख्या २७**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकामा ५ जना सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये ५ जना (१००%) ले कथाको व्याख्या गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयका पनि सम्पूर्ण ५ जना (१००%) शिक्षकहरूले नै कथाको व्याख्या गरेको देखिन्छ ।

**तालिका सङ्ख्या २८**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

यस तालिकामा सामुदायिक विद्यालयतर्फका ५ जना शिक्षकहरूमध्ये ४ जना (८०%) ले कथाको व्याख्या गरेको पाइन्छ भने १ जना (२०%) ले कथाको व्याख्या नगरेको पाइन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ कथाको व्याख्या गर्नेको सङ्ख्या ४ (८०%) र नगर्नेको सङ्ख्या १ (२०%) रहेको देखिन्छ ।

## तालिका सङ्ख्या २९

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ४(८०%) | १ (२०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कमा ५ जना (१००%) पुरुष शिक्षकहरूमध्ये ४ जना (८०%) ले कथाको व्याख्या गरेको र १ जना (२०%) ले कथाको व्याख्या नगरेको देखिन्छ भने ५ जना (१००%) महिला शिक्षकहरूमध्ये ४ जना (८०%) ले कथाको व्याख्या गरेको र १ जना (२०%) ले कथाको व्याख्या नगरेको देखिन्छ ।

## तालिका सङ्ख्या ३०

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५(१००%) | | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कमा ५ जना (१००%) तालिम प्राप्त शिक्षकहरूमध्ये ५ जना (१००%) ले नै कथाको व्याख्या गरेको देखिन्छ भने ५ जना (१००%) तालिम अप्राप्त शिक्षकहरूमध्ये ३ जना (६०%) ले कथाको व्याख्या गरेको र २ जना (४०%) ले कथाको व्याख्या गरेको देखिँदैन ।

यसरी शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई तुलना गर्दा सामुदायिक विद्यालयतर्फ सबै ५ जना (१००%) शिक्षकहरूले कथाको व्याख्या गर्ने कुरा बताए तापनि कक्षा अवलोकन गर्दा जम्मा ४ जना (८०%) ले मात्र कथाको व्याख्या गरेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयका ५ जना (१००%) शिक्षकले कथाको व्याख्या गर्ने कुरा बताए तापनि ४ जना (८०%) ले मात्र कथाको व्याख्या गरेको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका समान (४/४ जना) शिक्षकहरूले

कथाको व्याख्या गरेको देखिन्छ । पुरुष र महिला शिक्षकहरूको तालिकालाई हेर्दा ५ जना (१००%) पुरुष शिक्षकहरू र ३ जना (६०%) महिला शिक्षकहरूले कथाको व्याख्या गरेको देखिन्छ । तालिम प्राप्त शिक्षकहरूमध्ये ५ जना (१००%) ले नै कथाको व्याख्या गरेको देखिन्छ भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ३ जना (६०%) ले कथाको व्याख्या गरेको देखिन्छ ।

### ३.३.८. बोध प्रश्नोत्तर

कथा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउने सम्बन्धमा सोधिएका प्रश्नमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ३१**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ३ (६०%) | २ (४०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

उपर्युक्त तालिकालाई हेर्दा जम्मा ५ जना (१००%) सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये ३ जना (६०%) बोध प्रश्नोत्तर गराउने र २ जना (४०%) ले बोध प्रश्नोत्तर नगराउने देखिन्छ भने संस्थागत विद्यालयतर्फ ५ जना शिक्षकहरूमध्ये बोध प्रश्नोत्तर गराउने ४ जना (८०%) र नगराउने १ जना (२०%) रहेको पाइन्छ ।

**तालिका सङ्ख्या ३२**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिका  अनुसार सामुदायिक विद्यालयतर्फ ४ जना (८०%) शिक्षकहरूले बोध प्रश्नोत्तर गराएको र १ जना (२०%) शिक्षकले बोध प्रश्नोत्तर नगराएको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ बोध प्रश्नोत्तर गराउनेको सङ्ख्या ५ (१००%) नै रहेको  देखिन्छ ।

**तालिका सङ्ख्या ३३**

**पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क**

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा पुरुष शिक्षकहरूमध्ये ४ जना (८०%) ले बोध प्रश्नोत्तर गराएको र १ जना (२०%) ले बोध प्रश्नोत्तर नगराएको देखिन्छ । त्यसै गरी महिला शिक्षकहरूमध्ये ५ जना (१००%) ले नै बोध प्रश्नोत्तर गराएको देखिन्छ ।

**तालिका सङ्ख्या ३४**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क**

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| **गराउने** | **नगराउने** | **जम्मा** | **गराउने** | **नगराउने** | **जम्मा** |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा तालिम प्राप्त शिक्षकहरूमध्ये ४ जना (८०%) ले बोध प्रश्नोत्तर गराएको र १ जना (२०%) ले बोध प्रश्नोत्तर नगराएको देखिन्छ । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूमध्ये ५ जना (१००%) ले बोध प्रश्नोत्तर गराएको देखिन्छ ।

यसरी कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क र शिक्षक प्रश्नावली फारमबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फ बोध प्रश्नोत्तर गराउने कुरा बताउने ३ जना (६०%) शिक्षकहरू रहेको देखाए तापनि कक्षा अवलोकन गर्दा बोध प्रश्नोत्तर गराउने ४ जना (८०%) शिक्षकहरू रहेका देखिन्छन् । संस्थागत विद्यालयतर्फका ४ जना (८०%)

शिक्षकहरूले बोध प्रश्नोत्तर गराउने गरेको बताए तापनि कक्षा अवलोकन गर्दा शतप्रतिशत अर्थात् ५ जनाले नै बोध प्रश्नोत्तर गराएको देखिन्छ । यसरी हेर्दा संस्थागत विद्यालयतर्फका शिक्षकहरूले अनिवार्य बोध प्रश्नोत्तर गराएको देखिन्छ । पुरुष र महिला शिक्षकहरूको तथ्याङ्कलाई हेर्दा १ जना (२०%) पुरुष शिक्षकले मात्र बोध प्रश्नोत्तर नगराएको देखिन्छ भने महिला शिक्षकहरू शतप्रतिशत अर्थात् ५ जनाले नै बोध प्रश्नोत्तर गराएको देखिन्छ । अतः कथा शिक्षणमा बोध प्रश्नोत्तर पनि एउटा मुख्य कार्यकलाप हो । तालिम प्राप्त शिक्षकहरू (८०%) भन्दा तालिम अप्राप्त शिक्षकहरू (१००%) ले कथाको बोध प्रश्नोत्तर बढी गराएको पाइन्छ । त्यसैले कथा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनुपर्ने अनिवार्यतालाई शिक्षकहरूले गम्भीर रूपमा नलिएको  देखिन्छ ।

### ३.३.९. विशिष्ट पङ्क्तिको व्याख्या

कथा शिक्षण गर्दा विशिष्ट पङ्क्तिको व्याख्या सम्बन्धी सोधिएको प्रश्नहरूमा निम्नलिखित तथ्याङ्क प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ३५**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये विशिष्ट पङ्क्तिको व्याख्या गर्नेमा ५ जना (१००%) र संस्थागत विद्यालयका पनि ५ जना (१००%) शिक्षकहरूले विशिष्ट पङ्क्तिको व्याख्या गर्ने कुरा बताएको पाइन्छ ।

## तालिका सङ्ख्या ३६

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फका शिक्षकहरूमध्ये विशिष्ट पङ्क्तिको व्याख्या गर्ने शिक्षक १ जना (२०%) र नगर्ने ४ जना (८०%) शिक्षकहरू देखिन्छन् । संस्थागत विद्यालयतर्फका शिक्षकहरूमध्ये पनि विशिष्ट पङ्क्तिको व्याख्या गर्ने शिक्षक १ जना (२०%) र नगर्ने शिक्षकहरू ४ जना (८०%) देखिन्छन् ।

## तालिका सङ्ख्या ३७

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १ (२०%) | ४ (८०%) | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

उपर्युक्त तालिकामा पुरुष शिक्षकहरूतर्फ विशिष्ट पङ्क्तिको व्याख्या गर्ने शिक्षक १ जना (२०%) र नगर्ने शिक्षक ४ जना (८०%) रहेको देखिन्छ । त्यस्तै गरी महिला शिक्षकहरूतर्फ पनि विशिष्ट पङ्क्तिको व्याख्या गर्ने शिक्षक १ जना (२०%) र नगर्ने शिक्षक ४ जना (८०%) देखिन्छन् ।

## तालिका सङ्ख्या ३८

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| | ५ (१००%) | ५ (१००%) | २ (४०%) | ३ (६०%) | ५ (१००%) |

उपर्युक्त तालिकामा तालिम प्राप्त शिक्षकहरूतर्फ विशिष्ट पङ्क्तिको व्याख्या नगर्ने शिक्षक ५ जना (१००%) देखिन्छन् । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ विशिष्ट पङ्क्तिको व्याख्या गर्ने शिक्षक २ जना (४०%) र नगर्ने शिक्षक ३ जना (६०%) देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फ सबै शिक्षकहरूले विशिष्ट पङ्क्तिको व्याख्या गर्ने बताए तापनि कक्षा अवलोकन गर्दा १ जना (२०%) ले मात्रै विशिष्ट पङ्क्तिको व्याख्या गर्ने गरेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फका शिक्षकहरू सबै (५ जना) ले नै विशिष्ट पङ्क्तिको व्याख्या गर्ने गरेको बताए तापनि कक्षा अवलोकन गर्दा भने १ जना (२०%) ले मात्र विशिष्ट पङ्क्तिको व्याख्या गर्ने गरेको देखिन्छ । त्यस्तै पुरुष र महिला शिक्षकहरूको तुलना गर्दा दुबैतर्फका १/१ जना शिक्षक (२०%) ले मात्र विशिष्ट पङ्क्तिको व्याख्या गर्ने गरेको देखिन्छ । तालिम प्राप्त शिक्षकतर्फ विशिष्ट पङ्क्तिको व्याख्या नगर्ने शिक्षक ५ जना (१००%) रहेका छन् भने तालिम अप्राप्ततर्फ विशिष्ट पङ्क्तिको व्याख्या नगर्ने शिक्षक ३ जना (६०%) रहेका छन् । सिलसिला मिलाई लेख्ने, घटनाक्रम मिलाउने, कसले कसलाई कुन प्रसङ्गमा के भनेको हो ? सोबारे बुझ्न पनि विशिष्ट पङ्क्तिको व्याख्या आवश्यक हुन्छ । तथ्याङ्कलाई हेर्दा यहाँ धेरै शिक्षकहरूमा विशिष्ट पङ्क्तिको व्याख्या नगर्ने प्रवृत्ति तथ्याङ्कबाट देखिन्छ ।

### ३.३.१०. शिक्षण सामग्रीको प्रयोग

कथा शिक्षणमा सामग्रीको प्रयोगको बारेमा सोधिएका प्रश्नहरूको निम्नलिखित तथ्याङ्क प्राप्त भएको छ :

**तालिका सङ्ख्या ३९**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| दैनिक | दैनिक र अन्य | जम्मा | दैनिक | दैनिक र अन्य | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा सामुदायिक विद्यालयतर्फ दैनिक शिक्षण सामग्रीको प्रयोग गर्ने शिक्षकहरू ५ जना (१००%) देखिन्छन् भने दैनिक र अन्य सामग्रीको प्रयोग गर्ने शिक्षक

देखिँदैनन् । त्यस्तै संस्थागत विद्यालयतर्फ दैनिक सामग्रीको मात्र प्रयोग गर्ने शिक्षक शून्य र दैनिक र अन्य थप सामग्रीको मात्र प्रयोग गर्ने शिक्षक ५ जना (१००%) रहेको देखिन्छ ।

**तालिका सङ्ख्या ४०**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| दैनिक | दैनिक र अन्य | जम्मा | दैनिक | दैनिक र अन्य | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा सामुदायिक विद्यालयतर्फ दैनिक प्रयोग हुने सामग्रीको प्रयोग गर्ने ५ जना (१००%) रहेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ पनि दैनिक प्रयोग हुने सामग्रीको मात्र प्रयोग गर्ने शिक्षक ५ जना (१००%) रहेको देखिन्छ भने अन्य शिक्षण सामग्रीको प्रयोग शून्य नै देखिन्छ ।

**तालिका सङ्ख्या ४१**

**पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| दैनिक | दैनिक र अन्य | जम्मा | दैनिक | दैनिक र अन्य | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) |

यस तालिकामा हेर्दा दैनिक प्रयोग हुने शिक्षण सामग्रीको मात्र प्रयोग गर्ने दुबै किसिमका विद्यालयतर्फका सम्पूर्ण पुरुष र महिला शिक्षकहरू (१० जना) रहेको देखिन्छ भने अन्य सामग्रीको प्रयोग गर्ने शिक्षकको सङ्ख्या शून्य नै  देखिन्छ ।

## तालिका सङ्ख्या ४२

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| **दैनिक** | **दैनिक र अन्य** | **जम्मा** | **दैनिक** | **दैनिक र अन्य** | **जम्मा** |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | | ५ (१००%) |

यो तालिका तालिम प्राप्त शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त शिक्षण सामग्रीको प्रयोग सम्बन्धी तथ्याङ्कको आधारमा तयार पारिएको हो । उक्त तालिकामा दैनिक प्रयोग हुने शिक्षण सामग्रीको मात्र प्रयोग गर्ने दुबै किसिमका विद्यालयतर्फका सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरू (१० जना) देखिन्छन् भने अन्य सामग्रीको प्रयोग गर्ने शिक्षकको सङ्ख्या शून्य नै  देखिन्छ ।

यसरी कक्षा अवलोकन फाराम र शिक्षक प्रश्नावली फारामको तथ्याङ्कलाई हेर्दा दैनिक प्रयोग हुने सामग्रीमा सामुदायिक विद्यालयतर्फ ५ जना (१००%) ले जोड दिएको पाइन्छ र सोहीअनुरूप कक्षा शिक्षणमा पनि सामग्रीको प्रयोग गरेको भेटिन्छ । संस्थागत विद्यालयतर्फ भने ५ जना (१००%) ले दैनिक र अन्य थप सामग्रीको प्रयोग गर्ने बताए तापनि कक्षा शिक्षणमा दैनिक प्रयोग हुने सामग्री मात्रै प्रयोग गरेको पाइन्छ । त्यस्तै पुरुष र महिला शिक्षकहरूको तुलनात्मक तथ्याङ्कलाई हेर्दा दैनिक र अन्य सामग्रीको मात्र प्रयोग गर्ने सवालमा  महिला शिक्षकहरू अगाडि देखिन्छन् भने दैनिक सामग्रीको मात्र प्रयोगमा पुरुष शिक्षकहरू अगाडि देखिन्छन् । तालिम प्राप्त शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त शिक्षण सामग्रीको प्रयोग सम्बन्धी तथ्याङ्कलाई हेर्दा सम्पूर्ण शिक्षकले दैनिक प्रयोग हुने शिक्षण सामग्रीको मात्र प्रयोग गरेको देखिन्छ । शिक्षणको क्रममा दैनिक र थप सामग्रीको प्रयोगले कथा शिक्षणको उद्देश्य पूरा हुन्छ । अतः कथा शिक्षण गर्दा दैनिक सामग्रीसहित अन्य थप पूरक सामग्रीको प्रयोग गर्नु पर्ने अनिवार्यतालाई शिक्षकहरूले नबुझेको देखिन्छ ।

### ३.३.११. विद्यार्थीको रुचि र चाहना

कथा शिक्षण गर्दा विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्ने गरिएको छ कि छैन भनी सोधिएको प्रश्नका उत्तरमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ४३**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकालाई हेर्दा सामुदायिक विद्यालयतर्फ विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने सबै ५ जना (१००%) शिक्षक देखिन्छन् भने संस्थागत विद्यालयतर्फ पनि विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने सबै ५ जना (१००%) शिक्षकहरू रहेका देखिन्छन् ।

**तालिका सङ्ख्या ४४**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| २ (४०%) | ३ (६०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा सामुदायिक विद्यालयतर्फको विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने शिक्षकहरू २ जना (४०%) देखिन्छन् भने ख्याल नगर्ने ३ जना (६०%) देखिन्छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने शिक्षकको सङ्ख्या ४ (८०%) देखिन्छ भने ख्याल नगर्ने शिक्षकको सङ्ख्या १ (२०%) देखिन्छ ।

### तालिका सङ्ख्या ४५

### पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| ३ (६०%) | २ (४०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा पुरुष शिक्षकहरूतर्फ विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने शिक्षकको सङ्ख्या ३ (६०%) र नगर्ने शिक्षकको सङ्ख्या २ (४०%) देखिन्छ । महिला शिक्षकहरूतर्फ विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्नेको सङ्ख्या ३ (६०%) र नगर्नेको सङ्ख्या २ (४०%) देखिन्छ ।

### तालिका सङ्ख्या ४६

### तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | २ (४०%) | ३ (६०%) | ५ (१००%) |

यस तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त शिक्षकहरूतर्फ विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने शिक्षकको सङ्ख्या ४ (८०%) र नगर्ने शिक्षकको सङ्ख्या १ (२०%) देखिन्छ । तालिम अप्राप्त शिक्षकहरूतर्फ विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्ने शिक्षकको सङ्ख्या २ (४०%) र नगर्नेको सङ्ख्या ३ (६०%) देखिन्छ ।

यसरी विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्ने गरिएको कुरा सामुदायिक विद्यालयका शिक्षकहरूले बताए पनि सामुदायिक विद्यालयका २ जना (४०%) शिक्षकले मात्र विद्यार्थीको रुचि र चाहनाको ख्याल गरी शिक्षण गरेको पाइन्छ । संस्थागत विद्यालयतर्फ ४ जना (८०%) शिक्षकले विद्यार्थीको रुचि र चाहनाको ख्याल गरेका पाइन्छ । पुरुष र महिला शिक्षकहरूको तुलना गर्दा दुबैतर्फ २/२ जना (४०%/४०%) शिक्षकले मात्र विद्यार्थीको रुचि र चाहनालाई ख्याल गरेको देखिन्छ । तालिम प्राप्त शिक्षकहरूतर्फ विद्यार्थीको रुचि र चाहनालाई ख्याल गर्ने शिक्षकको सङ्ख्या ४ (८०%) र  तालिम अप्राप्त शिक्षकहरूतर्फ

विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्नेको सङ्ख्या २ (४०%) देखिन्छ । विद्यार्थीको रुचि र चाहनाको ख्याल गर्नमा तालिम प्राप्त शिक्षकहरू बढी देखिन्छन् । अतः विद्यार्थीको रुचि, चाहना र आवश्यकतालाई ख्याल नगरी सुगा रटाइको शैलीमा घोकन्ते विधिबाट शिक्षण गराउँदा शिक्षण नीरस र उद्देश्यहीन बन्दछ भन्ने कुरालाई धेरै शिक्षकहरूले ख्याल गरेको देखिँदैन ।

### ३.३.१२. स्तर अनुकूलता

कथा शिक्षण विद्यार्थीको स्तर अनुकूल भए नभएका बारेमा सोधिएका प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ४७**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| **छ** | **छैन** | **जम्मा** | **छ** | **छैन** | **जम्मा** |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ विद्यार्थीको स्तर अनुकूल शिक्षण गर्ने शिक्षकको सङ्ख्या ५ (१००%) देखिन्छ भने संस्थागत विद्यालयतर्फ पनि स्तर अनुकूल शिक्षण गर्ने शिक्षकको सङ्ख्या ५ (१००%) नै रहेको देखिन्छ ।

**तालिका सङ्ख्या ४८**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| **छ** | **छैन** | **जम्मा** | **छ** | **छैन** | **जम्मा** |
| ३ (६०%) | २ (४०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ स्तर अनुकूल शिक्षण गर्ने शिक्षकहरू ३ जना (६०%) र स्तर अनुकूल शिक्षण नगर्ने २ जना (४०%) शिक्षकहरू देखिन्छन् । त्यसै

गरी संस्थागत विद्यालयतर्फ विद्यार्थीहरूको स्तर अनुकूल शिक्षण गर्ने शिक्षक ३ जना (६०%) र स्तर अनुकूल शिक्षण नगर्ने शिक्षक २ जना (४०%) देखिन्छन् ।

### तालिका सङ्ख्या ४९

### पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| ३ (६०%) | २ (४०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

यस तालिकालाई हेर्दा पुरुष शिक्षकहरूमा स्तर अनुकूल शिक्षण गर्ने ३ जना (६०%) र स्तरलाई बेवास्ता गर्ने २ जना (४०%) देखिन्छन् । त्यसै गरी महिला शिक्षकहरूतर्फ स्तर अनुकूल शिक्षण गर्ने ३ जना (६०%) र नगर्ने २ जना (४०%) देखिन्छन् ।

### तालिका सङ्ख्या ५०

### तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू र | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | २ (४०%) | ३ (६०%) | ५ (१००%) |

यस तालिकालाई हेर्दा तालिम प्राप्त शिक्षकहरू र तालिम अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क हो । उक्त तथ्याङ्कमा तालिम प्राप्त शिक्षकहरूमा स्तर अनुकूल शिक्षण गर्ने ४ जना (८०%) र स्तर अनुकूललाई बेवास्ता गर्ने १ जना (२०%) देखिन्छन् । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूतर्फ स्तर अनुकूल शिक्षण गर्ने २ जना (४०%) र नगर्ने ३ जना (६०%) देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयका सम्पूर्ण ५ जना (१००%) शिक्षकहरूले स्तर अनुकूल शिक्षण गर्ने बताए तापनि ३ जना (६०%) ले मात्र स्तर अनुकूल शिक्षण गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ स्तर अनुकूल सम्पूर्ण ५ जना (१००%) शिक्षकहरूले शिक्षण गर्ने बताए तापनि ३ जना (६०%) ले मात्र कक्षाकोठामा विद्यार्थीको स्तर अनुकूल शिक्षण

गरेको देखिन्छ । त्यस्तै पुरुष र महिला शिक्षकहरूको तुलना गर्दा ३/३ जना (६०%) पुरुष र महिला शिक्षकहरूले मात्र स्तर अनुकूल शिक्षण गरेको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूमा स्तर अनुकूल शिक्षण गर्ने ४ जना (८०%) र तालिम अप्राप्त शिक्षकहरूतर्फ स्तर अनुकूल शिक्षण गर्ने २ जना (४०%) देखिन्छ । स्तर अनुकूल शिक्षण गर्ने तालिम प्राप्त शिक्षकहरू बढी देखिन्छन् । उपर्युक्त तथ्याङ्कको आधारमा हेर्दा शिक्षकहरूको भनाइ र गराइमा भिन्नता देखिन्छ ।

### ३.३.१३. शिक्षण विधिको प्रयोग

कथा शिक्षणमा विधिको छनोट र प्रयोग सम्बन्धी सोधिएका प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ५१**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| व्याख्या | छलफल | अन्य | जम्मा | व्याख्या | छलफल | अन्य | जम्मा |
| २ (४०%) | २ (४०%) | १ (२०%) | ५ (१००%) | १ (२०%) | २ (४०%) | २ (४०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ व्याख्यालाई मुख्य शिक्षण विधिको रूपमा जोड दिने २ जना (४०%), छलफल विधिलाई उपयोग गर्ने २ जना (४०%) र अन्य (प्रश्नोत्तर र कथा कथन) विधिको प्रयोग गर्ने १ जना (२०%) शिक्षकहरू देखिन्छन् । त्यसै गरी संस्थागत विद्यालयतर्फ व्याख्या विधिलाई प्रयोग गर्ने १ जना (२०%), छलफल विधिलाई प्रयोग गर्ने २ जना (४०%) र अन्य (प्रश्नोत्तर र कथाकथन) विधिको प्रयोग गर्ने २ जना (४०%) शिक्षकहरू देखिन्छन् ।

## तालिका सङ्ख्या ५२

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| व्याख्या | छलफल | अन्य | जम्मा | व्याख्या | छलफल | अन्य | जम्मा |
| २ (४०%) | ३ ६०%) | - | ५ (१००%) | ४ (८०%) | १ (२०%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ व्याख्यालाई मुख्य शिक्षण विधिको रूपमा उपयोग गर्ने २ जना (४०%) र छलफल विधिलाई उपयोग गर्ने ३ जना (६०%) शिक्षकहरू देखिएका छन् । त्यसै गरी संस्थागत विद्यालयतर्फ ५ जना (१००%) शिक्षकहरूमध्ये ४ जना (८०%) शिक्षकहरूले व्याख्यालाई मुख्य विधिको रूपमा उपयोग गरेको देखिन्छ । १ जना (२०%) शिक्षकले भने छलफललाई मुख्य शिक्षण विधिको रूपमा उपयोगमा ल्याएको देखिन्छ ।

## तालिका सङ्ख्या ५३

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| व्याख्या | छलफल | अन्य | जम्मा | व्याख्या | छलफल | अन्य | जम्मा |
| ४ (८०%) | १ (८०%) | - | ५ (१००%) | २ (४०%) | ३ (६०%) | - | ५ (१००%) |

यस तालिकामा हेर्दा पुरुष शिक्षकहरूतर्फ व्याख्या विधिको प्रयोग गर्ने शिक्षक ४ जना (८०%) र छलफल विधिको प्रयोग गर्ने १ जना (२०%) शिक्षक रहेको देखिन्छ । त्यसै गरी महिला शिक्षकहरूतर्फ व्याख्यालाई प्रयोग गर्ने २ जना (४०%) र छलफललाई प्रयोग गर्ने ३ जना (६०%) शिक्षकहरू देखिन्छन् ।

## तालिका सङ्ख्या ५४

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम अप्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| व्याख्या | छलफल | अन्य | जम्मा | व्याख्या | छलफल | अन्य | जम्मा |
| १ (२०%) | ४ (८०%) | - | ५ (१००%) | ५ (१००%) | | - | ५ (१००%) |

यस तालिकामा हेर्दा तालिम प्राप्त शिक्षकहरूतर्फ व्याख्या विधिको प्रयोग गर्ने शिक्षक १ जना (२०%) र छलफल विधिको प्रयोग गर्ने ४ जना (८०%) देखिन्छन् । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूतर्फ व्याख्यालाई प्रयोग गर्ने ५ जना (१००%) शिक्षकहरू देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ व्याख्या विधिमा जोड दिने समान सङ्ख्या (२ जना) देखिन्छ भने छलफल बाहेक अन्य विधिको प्रयोग गर्ने १ जना (२०%) रहेको देखिन्छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ १ जना (२०%) शिक्षकले व्याख्या विधिको उपयोग गर्ने कुरा बताए तापनि अवलोकन गर्दा ४ जना (८०%) शिक्षकले व्याख्या विधिको उपयोग गरेको देखिन्छ । दुबै किसिमका विद्यालयतर्फ २/२ जनाले छलफल र अन्य विधिलाई मुख्य जोड दिएको कुरा बताए तापनि कक्षा अवलोकन गर्दा छलफलमा १ जना (२०%)मात्र ले जोड दिएको देखिन्छ । त्यस्तै पुरुष र महिला शिक्षकहरूको शिक्षण विधिको तथ्याङ्कलाई हेर्दा ४ जना (८०%) पुरुष शिक्षकहरूले र २ जना (४०%) महिला शिक्षकहरूले व्याख्या विधि उपयोग गरेको देखिन्छ । छलफल विधिको प्रयोगमा तुलनात्मक दृष्टिले पुरुष शिक्षकहरूभन्दा महिला शिक्षकहरू (४०%) अगाडि रहेको पाइन्छ । अन्य विधिको प्रयोगमा ३ जना (६०%) शिक्षकले जोड दिने बताए तापनि कक्षामा भने कसैले उपयोग गरेको देखिएन । तालिम प्राप्त शिक्षकहरूतर्फ व्याख्या विधिको प्रयोग गर्ने शिक्षक १ जना (२०%) र छलफल विधिको प्रयोग गर्ने ४ जना (८०%) शिक्षक देखिन्छन् । त्यसै गरी तालिम अप्राप्त शिक्षकहरूतर्फ व्याख्यानलाई मात्र प्रयोग गर्ने ५ जना (१००%) शिक्षकहरू देखिन्छन् । अतः तल्ला कक्षाहरूमा व्याख्या विधिभन्दा छलफल, प्रश्नोत्तर, कथाकथन जस्ता विधिहरू बढी

प्रभावकारी हुन्छन् भन्ने कुरा शिक्षकहरूले ख्याल गर्नु पर्ने हो तापनि त्यसप्रति केही शिक्षकहरू मात्र सचेत रहेका देखिन्छन् ।

### ३.३.१४. भाषातत्त्वको शिक्षण

कथा शिक्षण गर्दा भाषातत्त्वको शिक्षणका सम्बन्धमा सोधिएको प्रश्नका जवाफमा निम्नलिखित तथ्याङ्क प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ५५**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | - | ५ (१००%) |

यो भाषातत्त्वको शिक्षण गराएको नगराएकोबारे शिक्षक प्रश्नावली फारामबाट प्राप्त भएको तथ्याङ्क हो । उक्त तथ्याङ्कमा सामुदायिक र संस्थागत दुबै विद्यालयतर्फका सम्पूर्ण (५/५ जना) शिक्षकहरूले भाषातत्त्वको शिक्षण गराउने कुरा बताएका छन् ।

**तालिका सङ्ख्या ५६**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

यस तथ्याङ्कमा हेर्दा सामुदायिक विद्यालयतर्फ भाषातत्त्वको शिक्षण गराउने शिक्षक ५ जना (१००%) रहेका छन् भने संस्थागत विद्यालयतर्फका शिक्षकहरूमा भाषातत्त्वको शिक्षण गराउनेको सङ्ख्या १ (२०%) र नगराउने शिक्षकको सङ्ख्या ४ (८०%) देखिन्छ ।

**तालिका सङ्ख्या ५७**

**पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क**

| **पुरुष शिक्षक** | | | **महिला शिक्षक** | | |
|---|---|---|---|---|---|
| **गराएको** | **नगराएको** | **जम्मा** | **गराएको** | **नगराएको** | **जम्मा** |
| ५ (१००%) | - | ५ (१००%) | १ (२०%) | ४ (८०%) | ५ (१००%) |

यस तथ्याङ्क अनुसार ५ जना (१००%) पुरुष शिक्षकहरूमध्ये ५ जना (१००%) शिक्षकले नै भाषातत्त्वको शिक्षण गरेको पाइन्छ तर महिला शिक्षकहरूतर्फ भाषातत्त्वको शिक्षण गराउने १ जना (२०%) र नगराउने ४ जना (८०%) रहेको पाइन्छ ।

**तालिका सङ्ख्या ५८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| **तालिम प्राप्त शिक्षकहरू** | | | **तालिम अप्राप्त शिक्षकहरू** | | |
|---|---|---|---|---|---|
| **गराएको** | **नगराएको** | **जम्मा** | **गराएको** | **नगराएको** | **जम्मा** |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ३ (६०%) | २ (४०%) | ५ (१००%) |

यस तथ्याङ्क अनुसार ५ जना (१००%) तालिम प्राप्त शिक्षकहरूमध्यमा ४ जना (८०%) शिक्षकले भाषातत्त्वको शिक्षण गरेको र १ (२०%) शिक्षकले भाषातत्त्वको शिक्षण नगरेका पाइन्छ तर तालिम अप्राप्त शिक्षकतर्फ भाषातत्त्वको शिक्षण गराउने ३ जना (६०%) र नगराउनेको सङ्ख्या २ (४०%) रहेको पाइन्छ ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फका सम्पूर्ण (१००%) शिक्षकहरूले प्रश्नावली फाराममा भाषातत्त्वको शिक्षण गराउने कुरा उल्लेख गरेका छन् भने कक्षामा पनि सोहीअनुरूप शिक्षण गरेको देखिन्छ । संस्थागत विद्यालयतर्फ भने सम्पूर्ण (१००%) शिक्षकहरूले भाषातत्त्वको शिक्षण गरेको देखिँदैन । त्यसै गरी पुरुष र महिला शिक्षकहरूको तथ्याङ्कलाई नियाल्दा १ जना (२०%) महिला शिक्षकले मात्र शिक्षण गरेको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूमध्ये ४ जना (८०%) शिक्षकले भाषातत्त्वको शिक्षण गरेको तर तालिम अप्राप्त शिक्षकहरूतर्फ भाषातत्त्वको शिक्षण गराउने ३ जना (६०%) रहेको पाइन्छ । यसरी सामुदायिक विद्यालयमा

भाषातत्त्वलाई सम्बन्धित पाठसँगै शिक्षण गरेको देखिन्छ भने संस्थागत विद्यालयहरूमा भाषातत्त्वलाई स्वतन्त्र विधा मानी छुट्टै शिक्षण गरेको पाइन्छ । आजको सन्दर्भमा भाषातत्त्वलाई भाषा पाठ्यपुस्तकका सम्बन्धित पाठसँगै मिसाएर शिक्षण गर्नुपर्ने कुराको बोध संस्थागत विद्यालयका शिक्षकहरूमा र महिला शिक्षकहरूमा कम देखिन्छ ।

### ३.३.१५. सारांश र सन्देश

कथा शिक्षणको क्रममा पाठको सारांश र सन्देश बताउने कुराको सोधिएको प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ५९**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बताएको | नबताएको | जम्मा | बताएको | नबताएको | जम्मा |
| ५ (१००%) | - | ५ (१००%) | ५ (१००%) | | ५ (१००%) |

यो तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ पाठको सारांश र सन्देश बताउने ५ जना (१००%) शिक्षकहरू र संस्थागत विद्यालयका शिक्षकहरू पनि ५ जना (१००%) नै देखिन्छन् ।

**तालिका सङ्ख्या ६०**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | संस्थागत विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बताएको | नबताएको | जम्मा | बताएको | नबताएको | जम्मा |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ सारांश र सन्देश बताउने ४ जना (८०%) र नबताउने १ जना (२०%) रहेको पाइन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ पाठको सारांश र सन्देश बताउने ४ जना (८०%) र नबताउने १ जना (२०%) रहेको पाइन्छ ।

## तालिका सङ्ख्या ६१

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | महिला शिक्षक | | |
|---|---|---|---|---|---|
| **बताएको** | **नबताएको** | **जम्मा** | **बताएको** | **नबताएको** | **जम्मा** |
| ४ (८०%) | १ (२०%) | ५ (१००%) | ४ (८०%) | १ (२०%) | ५ (१००%) |

यस तालिकामा हेर्दा पुरुष शिक्षकहरूतर्फ सारांश र सन्देश बताउने ४ जना (८०%) र नबताउने १ जना (२०%) रहेको पाइन्छ । त्यस्तै महिला शिक्षकहरूतर्फ पाठको सारांश र सन्देश बताउने ४ जना (८०%) र नबताउने १ जना (२०%) रहेको देखिन्छ ।

## तालिका सङ्ख्या ६२

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | तालिम अप्राप्त शिक्षकहरू | | |
|---|---|---|---|---|---|
| **बताएको** | **नबताएको** | **जम्मा** | **बताएको** | **नबताएको** | **जम्मा** |
| ३ (६०%) | २ (४०%) | ५ (१००%) | ५ (१००%) | | ५ (१००%) |

यस तालिकामा हेर्दा तालिम प्राप्त शिक्षकहरूतर्फ सारांश र सन्देश बताउने ३ जना (६०%) र नबताउने २ जना (४०%) रहेको पाइन्छ । त्यस्तै महिला शिक्षकहरूतर्फ पाठको सारांश र सन्देश बताउने सम्पूर्ण ५ जना (१००%) नै रहेको देखिन्छ ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक विद्यालयतर्फका सम्पूर्ण (१००%) शिक्षकहरूले सारांश र सन्देशको शिक्षण गराउने कुरा उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा जम्मा ४ जना (८०%) ले बताएको देखिन्छ । संस्थागत विद्यालयतर्फका सम्पूर्ण (१००%) शिक्षकहरूले सारांश र सन्देशको शिक्षण गराउने उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा जम्मा ४ जना (८०%) ले सारांश र सन्देश बताएको देखिन्छ । त्यसै गरी पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कलाई हेर्दा दुबै किसिमका शिक्षकहरू केहीले नगरेको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूतर्फ सारांश र सन्देश बताउने ३ जना (६०%) त्यस्तै महिला शिक्षकहरूतर्फ पाठको सारांश र सन्देश बताउने सम्पूर्ण (१००%) नै रहेका देखिन्छन् । पाठको मुख्य उद्देश्य त्यसले दिन खोजेको सन्देश हो । त्यसमार्फत् विद्यार्थीहरूले

चारित्रिक विकास गर्ने भएकाले उक्त कुरालाई शिक्षणमा नसमेट्नुले शिक्षण अपूरो हुन जान्छ भन्ने कुरामा केही शिक्षक सचेत देखिँदैनन् ।

### ३.३.१६. दैनिक विद्यार्थी मूल्याङ्कन

कथा शिक्षणका क्रममा दैनिक विद्यार्थी मूल्याङ्कनमा उपयोग गरिने साधनका जवाफको बारेमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ६३**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| मैखिक मात्र | लिखित मात्र | दुबै | जम्मा | मैखिक मात्र | लिखित मात्र | दुबै | जम्मा |
| १ (२०%) | | ४(८०%) | ५(१००%) | २ (४०%) | | ३ (६०%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने १ जना (२०%) र दुबै साधनको प्रयोग गर्ने ४ जना (८०%) रहेको पाइन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने २ जना (४०%) र दुबै साधन प्रयोग गर्ने ३ जना (६०%) रहेको पाइन्छ ।

**तालिका सङ्ख्या ६४**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| मौखिक मात्र | लिखित मात्र | दुबै | जम्मा | मैखिक मात्र | लिखित मात्र | दुबै | जम्मा |
| ५(१००%) | | | ५(१००%) | ४ (८०%) | | १ (२०%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने सम्पूर्ण ५ जना (१००%) रहेको पाइन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने ४ जना (८०%) र दुबै साधनको प्रयोग गर्ने १ जना (२०%) रहेको पाइन्छ ।

## तालिका सङ्ख्या ६५

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| **मौखिक मात्र** | **लिखित मात्र** | **दुबै** | **जम्मा** | **मैखिक मात्र** | **लिखित मात्र** | **दुबै** | **जम्मा** |
| ५(१००%) | | | ५(१००%) | ४ (८०%) | | १ (२०%) | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कलाई हेर्दा पुरुष शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने सम्पूर्ण ५ जना (१००%) रहेको पाइन्छ । त्यस्तै महिला शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन प्रयोग गर्ने ४ जना (८०%) र दुबै साधनको प्रयोग गर्ने १ जना (२०%) रहेको पाइन्छ ।

## तालिका सङ्ख्या ६६

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम अप्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| **मौखिक मात्र** | **लिखित मात्र** | **दुबै** | **जम्मा** | **मैखिक मात्र** | **लिखित मात्र** | **दुबै** | **जम्मा** |
| ४(८०%) | | १ (२०%) | ५(१००%) | ५ (१००%) | | | ५ (१००%) |

उपर्युक्त तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने ४ जना (८०%) र दुबै साधनको प्रयोग गर्ने १ जना (२०%) रहेको पाइन्छ । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने ५ जना (१००%) शिक्षकहरू नै रहेका छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ ४ जना (८०%) ले दुबै (मौखिक र लिखित) साधनको प्रयोग गर्ने कुरा उल्लेख गरे तापनि व्यावहारिक रूपमा कक्षा शिक्षणमा सम्पूर्ण (१००%) ले मौखिक साधनको प्रयोग गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ ३ जना (६०%) ले दुबै साधनको प्रयोग गर्ने कुरा उल्लेख गरे तापनि कक्षा शिक्षणमा १ जना (२०%) ले मात्र दुबै साधनको प्रयोग गरेको देखिन्छ । पुरुष र महिला शिक्षकहरूको तालिकालाई हेर्दा १ जना

(२०%) महिला शिक्षकले दुबै साधनको प्रयोग गरेको देखिन्छ भने अन्य सबैले मौखिक साधनमा जोड दिएको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा उपयोग गरिने साधनका रूपमा मौखिक मात्र प्रयोग गर्ने ४ जना (८०%) र दुबै साधनको प्रयोग गर्ने १ जना (२०%) रहेका छन् । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ दैनिक विद्यार्थी मूल्याङ्कनमा मौखिक साधन मात्र प्रयोग गर्ने सम्पूर्ण (१००%) नै रहेको पाइन्छ । अतः कथा शिक्षणको उद्देश्य भाषिक सिपको विकास, विषयवस्तुको ज्ञानसहित अन्य थुप्रै रहेकाले एउटा मात्र साधनको प्रयोग गरेर उद्देश्य पूरा हुँदैन । भाषिक सिपको विकासको लागि समेत दुबै साधनको प्रयोग गर्नु अनिवार्य रहन्छ तर त्यसतर्फ शिक्षकहरूले ध्यान नदिएको देखिन्छ ।

### ३.३.१७. गृहकार्य

कथा शिक्षणका क्रममा शिक्षण कार्यको अन्त्यमा गृहकार्य दिने सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ६७**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| **सामुदायिक विद्यालयका शिक्षक** | | | | **संस्थागत विद्यालयका शिक्षक** | | | |
|---|---|---|---|---|---|---|---|
| **दिने** | **नदिने** | **कहिलेकाहीँ** | **जम्मा** | **दिने** | **नदिने** | **कहिलेकाहीँ** | **जम्मा** |
| ५ (१००%) | | | ५(१००%) | ५ (१००%) | | | ५ (१००%) |

यस तालिकामा हेर्दा सामुदायिक विद्यालयतर्फ गृहकार्य दिने गरेको बताउने शिक्षकहरू ५ जना (१००%) रहेको पाइन्छ भने संस्थागत विद्यालयतर्फ पनि गृहकार्य दिने गरेको बताउने शिक्षकहरू ५ जना (१००%) नै रहेको पाइन्छ ।

## तालिका सङ्ख्या ६८

## कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | कहिलेकाहीँ | जम्मा | दिने | नदिने | कहिलेकाहीँ | जम्मा |
| ३ (६०%) | १ (२०%) | १ (२०%) | ५(१००%) | ५ (१००%) | | | ५ (१००%) |

यस तालिका अनुसार सामुदायिक विद्यालयतर्फ गृहकार्य दिने गरेको शिक्षकहरू ३ जना (६०%), नदिने १ जना (२०%) र कहिलेकाहीँ दिने १ जना (२०%) रहेको पाइन्छ भने संस्थागत विद्यालयतर्फ पनि गृहकार्य दिने गरेका शिक्षकहरू भने ५ जना (१००%) रहेको पाइन्छ ।

## तालिका सङ्ख्या ६९

## पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | कहिलेकाहीँ | जम्मा | दिने | नदिने | कहिलेकाहीँ | जम्मा |
| ४ ( ८०%) | - | १ (२०%) | ५( १००%) | ४ ( ८०%) | १ (२०%) | - | ५ (१००%) |

यस तथ्याङ्क अनुसार पुरुष शिक्षकहरूतर्फ गृहकार्य सधैँ दिएको बताउने ४ जना (८०%) र कहिलेकाहीँ मात्र दिएको बताउने १ जना (२०%) शिक्षक पाइन्छन् । त्यस्तै महिला शिक्षकहरूतर्फ गृहकार्य दिने ४ जना (८०%) र गृहकार्य नदिने १ जना (२०%) देखिन्छन् ।

## तालिका सङ्ख्या ७०

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम अप्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | कहिलेकाहीँ | जम्मा | दिने | नदिने | कहिलेकाहीँ | जम्मा |
| ४ (८०%) | - | १ (२०%) | ५(१००%) | ४ (८०%) | १ (२०%) | - | ५ (१००%) |

यस तथ्याङ्क अनुसार तालिम प्राप्त शिक्षकहरूतर्फ गृहकार्य सधैं दिएको बताउने ४ जना (८०%) र कहिलेकाहीँ मात्र दिएको बताउने १ जना (२०%) शिक्षक रहेको पाइन्छ । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ गृहकार्य दिने ४ जना (८०%) र गृहकार्य नदिने १ जना (२०%) देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयमा ५ जना (१००%) शिक्षकले गृहकार्य दिनु पर्ने बताए तापनि ३ जना (६०%) शिक्षकले मात्र गृहकार्य दिने गरेको पाइन्छ । १ जना (२०%) शिक्षकले गृहकार्य दिने नगरेको र १ जना (२०%) ले कहिलेकाहीँ मात्र दिने गरेको देखिन्छ । संस्थागत विद्यालय पनि ५ जना (१००%) शिक्षकले गृहकार्य सधैं दिने गरेको बताए अनुसार नै दिने गरेको देखिन्छ । पुरुष र महिला शिक्षकहरूको तुलनालाई हेर्दा दुबैतर्फ ४ जना (८०%) शिक्षकले गृहकार्य सधैं दिने गरेको पाइन्छ भने पुरुष शिक्षकतर्फ १ जना (२०%) ले गृहकार्य नै दिएको देखिँदैन । तालिम प्राप्त शिक्षकतर्फ गृहकार्य सधैँ दिएको बताउने ४ जना (८०%) र कहिलेकाहीँ मात्र दिएको बताउने १ जना (२०%) त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ गृहकार्य दिनेमा ४ जना (८०%) र नदिने १ जना (२०%) देखिन्छन् । यसरी संस्थागतभन्दा सामुदायिक विद्यालयमा गृहकार्य दिने प्रचलन कम पाइन्छ । महिला शिक्षकहरू पनि गृहकार्य र मूल्याङ्कनमा कम सचेत रहेको तथ्याङ्कबाट पुष्टि हुन्छ । केही शिक्षकमा गृहकार्यले विद्यार्थीमा पढ्ने बानीको विकास गराउनुका साथै भाषिक सिपको विकासमा समेत टेवा पुऱ्याउने कुराको ज्ञान देखिएन ।

### ३.३.१८. गृहकार्य निरीक्षण

कथा शिक्षण गरिसकेपछि गृहकार्य निरीक्षण गर्ने सम्बन्धमा निम्नलिखित तथ्याङ्कहरू प्राप्त भएका छन् :

**तालिका सङ्ख्या ७१**

**शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दैनिक | धेरैजसो | नगर्ने | जम्मा | दैनिक | धेरैजसो | नदिने | जम्मा |
| ३ (६०%) | २ (४०%) | – | ५(१००%) | २ (४०%) | ३ (६०%) | - | ५ (१००%) |

यस तथ्याङ्कमा सामुदायिक विद्यालयका ३ जना (६०%) ले दैनिक गृहकार्य निरीक्षण गर्ने गरेको र २ जना (४०%) शिक्षकहरूले धेरैजसो गृहकार्य निरीक्षण गर्ने गरेको कुरा बताएको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयका २ जना (४०%) शिक्षकले दैनिक र ३ जना (६०%) ले धेरैजसो गृहकार्य निरीक्षण गर्ने बताएको देखिन्छ ।

**तालिका सङ्ख्या ७२**

**कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| सामुदायिक विद्यालयका शिक्षक | | | | संस्थागत विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दैनिक | धेरैजसो | नगर्ने | जम्मा | दैनिक | धेरैजसो | नदिने | जम्मा |
| ३ (६०%) | २ (४०%) | – | ५(१००%) | २ (४०%) | ३ (६०%) | - | ५ (१००%) |

यस तालिकामा सामुदायिक विद्यालयतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने शिक्षक ३ जना (६०%) र धेरैजसो गृहकार्य निरीक्षण गर्ने शिक्षक २ जना (४०%) देखिन्छन् । त्यस्तै संस्थागत विद्यालयतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने शिक्षक २ जना (४०%) र धेरैजसो निरीक्षण गर्ने शिक्षक ३ जना (६०%) देखिन्छन् ।

**तालिका सङ्ख्या ७३**

**पुरुष र महिला शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क**

| पुरुष शिक्षक | | | | महिला शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दैनिक | धेरैजसो | नगर्ने | जम्मा | दैनिक | धेरैजसो | नदिने | जम्मा |
| ३ (६०%) | २ (४०%) | – | ५(१००%) | ३ (६०%) | २ (४०%) | - | ५ (१००%) |

यस तालिकामा पुरुष शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने ३ जना (६०%) र धेरैजसो गृहकार्य निरीक्षण गर्ने शिक्षक २ जना (४०%) देखिन्छन् । महिला शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने ३ जना (६०%) र धेरैजसो गृहकार्य निरीक्षण गर्ने शिक्षक २ जना (४०%) देखिन्छन् ।

## तालिका सङ्ख्या ७४

## तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क

| तालिम प्राप्त शिक्षकहरू | | | | तालिम प्राप्त शिक्षकहरू | | | |
|---|---|---|---|---|---|---|---|
| दैनिक | धेरैजसो | नगर्ने | जम्मा | दैनिक | धेरैजसो | नदिने | जम्मा |
| ४ (८०%) | १ (२०%) | – | ५(१००%) | १ (२०%) | ४ (८०%) | - | ५ (१००%) |

यस तालिकामा तालिम प्राप्त शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने ४ जना (८०%) र धेरैजसो गृहकार्य निरीक्षण गर्ने शिक्षक १ जना (२०%) देखिन्छन् । तालिम अप्राप्त शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने १ जना (२०%) र धेरैजसो गृहकार्य निरीक्षण गर्ने शिक्षक ४ जना (८०%) देखिन्छन् ।

यसरी शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयतर्फ ३ जना (६०%) ले दैनिक र २ जना (४०%) ले धेरैजसो गृहकार्य निरीक्षण गर्ने कुरा बताए अनुसार नै कक्षामा शिक्षण गरेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने कुरा सम्पूर्ण (१००%) शिक्षकहरूले बताए अनुसार नै गृहकार्य निरीक्षण गरेको देखिन्छ । महिला र पुरुष शिक्षकहरूको तथ्याङ्कलाई हेर्दा समान सङ्ख्यामा गृहकार्य निरीक्षण गरेको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने ४ जना (८०%) र तालिम अप्राप्त शिक्षकहरूतर्फ दैनिक गृहकार्य निरीक्षण गर्ने १ जना (२०%) रहेको देखिन्छ । तालिम अप्राप्त शिक्षकहरूले निकै कम गृहकार्य निरीक्षण गरेको देखिन्छ । गृहकार्य निरीक्षण गर्दा विद्यार्थीहरूमा रहेका भाषिक त्रुटिहरू निराकरण गर्नु र अन्य भाषिक सिप विकासको लागि पृष्ठपोषण दिनमा ठूलो सहयोग पुग्ने र गृहकार्य दिएर कक्षामा नभए कार्यालयमा लगेर राम्ररी निरीक्षण गरी सुझाब दिँदा सिकाइ प्रभावकारी बन्दछ भन्ने कुरातर्फ शिक्षकले ख्याल नगरेको देखिन्छ । गृहकार्य निरीक्षणको क्रममा दुबै किसिमका विद्यालयका शिक्षकहरूको समान तथ्याङ्क पाइन्छ ।

## ३.४. सङ्क्षिप्त उत्तरात्मक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्क

कथा शिक्षणका क्रममा कुनकुन कार्यकलाप प्रयोग गरिएका छन् भन्ने पत्ता लगउन शिक्षकहरूलाई तीनवटा सङ्क्षिप्त उत्तर आउने खालका र सम्बन्धित शोधको मूल विषयसँग निकट रहेका प्रश्नहरू सोधिएका थिए । उक्त प्रश्नावलीवाट प्राप्त तथ्याङ्कलाई तल प्रस्तुत गरिएको छ :

कथा शिक्षणमा कुनकुन विधि उपयुक्त हुन्छन् भन्ने लाग्छ भन्ने प्रश्नको जवाफमा सामुदायिक र संस्थागत विद्यालयतर्फका सम्पूर्ण (१० जना) शिक्षकहरूमध्ये व्याख्या विधिमा १० जनाले जोड दिएको, बोध प्रश्नोत्तर विधिमा ८ जनाले, छलफल विधिमा ६ जनाले, अभिनय विधिमा ५ जनाले, द्रुत पठन विधिमा १ जनाले जोड दिएको पाइन्छ ।

कथा शिक्षणले बाल बालिकाहरूमा के उपलब्धिको उद्देश्य राखेको छ भन्ने प्रश्नको जवाफमा भाषिक सिपको विकासमा १० जना शिक्षकहरूमध्ये ९ जनाले जोड दिएको, सृजनात्मक क्षमताको वृद्धि भन्नेमा १० जनामध्ये ५ जनाले जोड दिएको, चारित्रिक विकास भन्नेमा ५ जनाले जोड दिएको, शब्दभण्डारको विकासमा ३ जनाले जोड दिएको र मनोरञ्जन र विषयवस्तुको ज्ञानमा वृद्धि भन्नेमा १/१ जनाले जोड दिएको पाइन्छ । यसरी अधिकांश शिक्षकहरूले भाषिक सिपलाई नै कथा शिक्षणको मुख्य उद्देश्य मानेको देखिन्छ ।

भाषिक सिपको विकासमा कथा विधा उपयोगी किन ठानिन्छ भन्ने प्रश्नको जवाफमा सामुदायिक विद्यालयतर्फ ५ जना शिक्षकहरूध्ये ४ जनाले सान्दर्भिक उत्तर दिएको पाइँदैन । १ जना शिक्षकले भने उत्तरको निकट पुगे तापनि काराण स्पष्ट पार्न सकेको देखिँदैन । संस्थागत विद्यालयतर्फ ४ जना शिक्षकहरूले कथाको माध्यमबाट सस्वर वाचन, अनुलेखन, रचनाबोध क्षमताको विकास र भाषिक स्पष्टतालाई कारण मानेको देखिन्छ । यसरी अधिकांश शिक्षकहरू कथा विधाले भाषिक सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुरामा अनभिज्ञ रहेका देखिन्छन् ।

परिच्छेद–चार

# निष्कर्ष र सुझाव

## ४.१. निष्कर्ष

- कक्षा सातमा कथा शिक्षण गर्नुको प्रमुख उद्देश्य भाषिक सिपको विकास गर्नु हो ।
- भाषा शिक्षणमा भाषिक सिपको विकासका लागि कथा विधाको माध्यमबाट विभिन्न कार्यकलापहरू गराउन सकिन्छ ।
- सुनाइ सिप विकासका लागि श्रुतिलेख, श्रुतिरचना, श्रुतिबोधात्मक प्रश्नोत्तर आदि जस्ता कार्यकलापहरू कथा शिक्षणबाट गराउन सकिन्छ ।
- बोलाइ सिप विकासका लागि कथा शिक्षणबाट प्रश्नोत्तर, कथाकथन, छलफल, घटना वर्णन, खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्ने आदि कार्यकलाप गराउन सकिन्छ ।
- पढाइ सिप विकासका लागि सस्वर पठन र मौन पठन कार्यकलाप गराउन सकिन्छ ।
- लेखाइ सिप विकासका लागि कथा शिक्षणबाट अनुभव वा घटना लेखन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, बुदाँ टिपोट, भाव विस्तार, सारांश लेखन, कथा लेखन आदि कार्यकलाप गराउन सकिन्छ ।
- प्रस्तुत शोधपत्र निर्माणका लागि चितवन जिल्लाका दशवटा विद्यालयलाई नमुनाका रूपमा लिइएको छ ।
- उक्त विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने दशजना शिक्षकहरूमध्ये पाँचजना महिला शिक्षकहरू र पाँचजना पुरुष शिक्षकहरू रहेका छन् ।

### ४.१.१ शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको निष्कर्ष

- शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा सामुदायिक र संस्थागत विद्यालयतर्फका शिक्षकहरूको भनाइ र गराइमा व्यापक भिन्नता देखिन्छ ।

- भाषा शिक्षण भाषिक सिप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । त्यसैले कथा शिक्षण गर्दा भाषिक सिप विकासलाई नै कथा शिक्षणको मुख्य उद्देश्य अर्न्तगत राखिनु पर्दछ तर शिक्षक प्रश्नावली फाराममा सम्पूर्ण शिक्षकहरूले भाषिक सिप विकासमा मुख्य जोड दिए तापनि कक्षा अवलोकन गर्दा पाँचजना शिक्षकहरूले मात्र भाषिक सिपको विकास जोड दिएको देखिन्छ ।
- कथा शिक्षणको सुरुवातको सम्बन्धमा संस्थागत विद्यालयका शिक्षकहरूभन्दा सामुदायिक विद्यालयका शिक्षकहरूले ध्यान दिएको पाइन्छ । शिक्षक प्रश्नावली फाराम अनुसार नै कक्षा शिक्षणमा पनि संस्थागत विद्यालयका शिक्षकहरूले सम्बन्धित विषयवस्तुबाटै शिक्षणको सुरुआत गरेको देखिन्छ । सामुदायिक विद्यालयतर्फका एकजना शिक्षकले मात्र पूर्व पाठमा आधारित भई शिक्षण गरेको पाइन्छ ।
- सामुदायिक र संस्थागत विद्यालयतर्फका जम्मा दशजना शिक्षकहरूमध्ये छजनाले सस्वर वाचनमा जोड दिए तापनि कक्षा अवलोकन गर्दा शिक्षणममा सातजनाले सस्वर पठनमा जोड दिएको देखिन्छ । सस्वर र मौन दुबै पठनमा कम जोड दिएको पाइन्छ ।
- कथा शिक्षणको क्रममा शब्दार्थलाई पनि समेट्ने कुरा दुबै विद्यालयतर्फका सातजनाले बताए तापनि कक्षा अवलोकन गर्दा शिक्षणमा छजनाले मात्र समेटेको देखिन्छ । सामुदायिक विद्यालयका एकजना शिक्षकले शब्दार्थलाई कहिल्यै नसमेटेको र संस्थागत विद्यालयका दुईजना शिक्षकहरूले नसमेटेको देखिन्छ ।
- कथा शिक्षणका क्रममा प्रश्नावलीमा अधिकांश शिक्षकहरूले वाक्यमा प्रयोगलाई जोड दिने कुरा उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा शिक्षणमा पचास प्रतिशत शिक्षकले मात्र वाक्यमा प्रयोग गरेको पाइन्छ । लेखेर वाक्यमा प्रयोग गर्नुभन्दा मौखिक वाक्यमा प्रयोग गरेको पाइन्छ ।
- कथा शिक्षणको क्रममा सम्पूर्ण शिक्षकहरूले कथाको व्याख्या गर्ने कुरा बताए तापनि कक्षा अवलोकन गर्दा असी प्रतिशत शिक्षकहरूले मात्र कथाको व्याख्या गरेको पाइन्छ ।

- दुबै विद्यालयतर्फका सम्पूर्ण शिक्षकहरूले विशिष्ट पङ्क्तिको व्याख्या गर्ने कुरा बताए तापनि कक्षा अवलोकन गर्दा कथा शिक्षणका क्रममा बीस प्रतिशत शिक्षकले मात्र विशिष्ट पङ्क्तिको व्याख्या गरेको पाइन्छ ।
- शिक्षक प्रश्नावली फाराममा शैक्षिक सामग्रीको प्रयोगमा दुबै विद्यालयतर्फका शिक्षकहरूले पाठ्यपुस्तक र अन्य थप सामग्रीको प्रयोगमा जोड दिने कुरा बताए तापनि कक्षा अवलोकन गर्दा सम्पूर्ण शिक्षकहरूले दैनिक शिक्षणमा प्रयोग हुने सामग्रीको प्रयोग गरेको पाइन्छ । दैनिक बाहेक अन्य विभिन्न पत्तीहरू, चार्ट, तालिका, तस्वीर र निर्देशिका आदि सामग्रीको मात्र प्रयोगमा कन्जुस्याइँ गरेको पाइन्छ ।
- प्रश्नावलीमा सम्पूर्ण शिक्षकहरूले विद्यार्थीहरू रुचि र चाहनालाई ख्याल गरी पढाउने गरेको बताए तापनि कक्षा अवलोकन गर्दा कथा शिक्षणका क्रममा साठी प्रतिशत शिक्षकहरूले मात्र ख्याल गरेको देखिन्छ ।
- कक्षा शिक्षणका क्रममा विद्यार्थीको स्तर अनुकूल शिक्षण गरिएको कुरा सम्पूर्ण शिक्षकहरूले बताए तापनि कक्षा अवलोकन गर्दा साठी प्रतिशत शिक्षकहरूले मात्र विद्यार्थीको स्तरलाई ख्याल गरी शिक्षण गरेको पाइन्छ । शिक्षणको सुरुवातदेखि अन्त्यसम्म हेर्दा सम्पूर्ण शिक्षकले विद्यार्थीको स्तरलाई ख्याल गरेको देखिँदैन ।
- कथा शिक्षणको क्रममा विभिन्न विधिहरूलाई उपयोग गर्ने सन्दर्भमा प्रश्नावलीको छलफल विधिमा चालीस प्रतिशत शिक्षकले जोड दिने गरेको बताए तापनि कक्षा अवलोकन गर्दा सोही अनुरूप शिक्षण भएको पाइँदैन ।
- कथा शिक्षणसँगै भाषातत्त्वको शिक्षणका सम्बन्धमा शिक्षक प्रश्नावली फाराममा सम्पूर्ण शिक्षकहरूले गर्ने गरेको बताए तापनि कक्षा अवलोकन गर्दा साठी प्रतिशत शिक्षकहरूले मात्र भाषातत्त्वको शिक्षणलाई समेटेको पाइन्छ । सामुदायिक विद्यालयका शिक्षकहरूका तुलनामा संस्थागत विद्यालयका शिक्षकहरूले कक्षा अवलोकन गर्दा निकै कम मात्रामा भाषातत्त्वलाई समेटेको पाइन्छ ।
- शिक्षक प्रश्नावली फाराममा शिक्षणको अन्त्यमा कथाको सारांश र सन्देश दुबै विद्यालयतर्फका शिक्षकहरू नब्बे प्रतिशतले बताएको उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा कक्षा शिक्षणमा असी प्रतिशत शिक्षकले मात्र सारांश र सन्देश बताएको पाइन्छ ।

- कथा शिक्षणको अन्त्यमा उक्त शिक्षणको उद्देश्य पूरा भयो कि भएन भनी विद्यार्थीको मूल्याङ्कन गरिन्छ । उक्त प्रश्नावलीमा मूल्याङ्कनका क्रममा दुबै विद्यालयतर्फका तीस प्रतिशत शिक्षकहरूले मौखिक साधन र **सत्त**री प्रतिशत शिक्षकहरू दुबै (मौखिक र लिखित) साधनमा जोड दिएको उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा सम्पूर्ण शिक्षकहरूले मौखिक साधनलाई मात्र विद्यार्थी मूल्याङ्कनको आधार मानेको पाइन्छ ।
- विद्यार्थी मूल्याङ्कनकै सन्दर्भमा विद्यार्थीलाई कथा शिक्षणको उद्देश्य प्रभावकारी रूपमा पूरा गराउन  शिक्षक प्रश्नावली फाराममा गृहकार्य सधैं दिने गरेको उल्लेख गरे तापनि कक्षा अवलोकन गर्दा असी प्रतिशत शिक्षकहरूले मात्र गृहकार्य सधैं दिने गरेको पाइन्छ ।  संस्थागत विद्यालयतर्फका सबै शिक्षकहरूले गृहकार्यलाई अनिवार्य ठानेको बताए पनि कक्षा अवलोकन गर्दा सामुदायिक विद्यालयका तीस प्रतिशत शिक्षकहरूले दैनिक रूपमा गृहकार्य दिने गरेको पाइन्छ ।
- शिक्षक प्रश्नावली फाराममा पचास प्रतिशत शिक्षकहरूले धेरैजसो गृहकार्य निरीक्षण गर्ने बताए तापनि कक्षा अवलोकन गर्दा कक्षा शिक्षणमा  साठी प्रतिशत शिक्षकहरूले धेरैजसो गृहकार्य निरीक्षण गर्ने गरेको र चालीस प्रतिशत शिक्षकहरूले कहिलेककाहीँ मात्र गृहकार्य निरीक्षण गर्ने गरेको पाइन्छ ।

### ४.१.२ तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बिचको तुलनाबाट प्राप्त निष्कर्ष

- तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन गर्दा तालिम प्राप्त शिक्षकहरूमध्ये बीस प्रतिशत शिक्षकले पाठयोजना बनाएको  र तालिम अप्राप्ततर्फ शतप्रतिशतले नै पाठयोजना नबनाएको पाइन्छ । तालिम अप्राप्त शिक्षकहरूमा तालिमको अभाव रहेको र तालिम प्राप्त शिक्षकहरूले बेवास्ता गरेको पाइन्छ ।
- तालिम प्राप्त शिक्षकहरूमध्ये चालीस प्रतिशत शिक्षकहरूले र तालिम अप्राप्त शिक्षकहरूतर्फ साठी प्रतिशत शिक्षकहरूले भाषिक सिपको विकासमा जोड दिएको पाइन्छ ।
- कथा शिक्षणको सुरुवात तालिम प्राप्त शिक्षकहरूमध्ये सम्पूर्ण शिक्षकहरूले सम्बन्धित विषयवस्तुबाटै शिक्षण गरेको पाइन्छ भने तालिम अप्राप्त

शिक्षकहरूतर्फ पूर्व पाठमा आधारित भएर बीस प्रतिशत शिक्षकले मात्र शिक्षणको सुरुआत गरेको पाइन्छ ।

- पठनबोधका लागि तालिम प्राप्त शिक्षकहरूतर्फ चालीस प्रतिशतले दुबै (सस्वर र मौन) पठनमा जोड दिएको पाइन्छ भने तालिम अप्राप्त शिक्षकहरूतर्फ बीस प्रतिशत शिक्षकले दुबै (सस्वर र मौन) पठनमा जोड दिएको पाइन्छ । पठनबोधको सम्बन्धमा दुबै पठनलाई शिक्षकहरूले बेवास्ता गरेको पाइन्छ ।
- कथा शिक्षणसँगै शब्दार्थ शिक्षणलाई समेट्दा विद्यार्थीमा शब्दभण्डार क्षमताको वृद्धि हुने हुँदा शब्दार्थ शिक्षण पनि अनिवार्य कार्यकलापभित्र पर्दछ । तालिम प्राप्त शिक्षकहरूतर्फ चालीस प्रतिशतले मात्र शब्दार्थ शिक्षणलाई समेटेको पाइन्छ भने तालिम अप्राप्त शिक्षकहरूतर्फ असी प्रतिशतले मात्र शब्दार्थ शिक्षणलाई समेटेको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूको तुलनामा तालिम अप्राप्त शिक्षकहरूले शब्दार्थलाई बढी समेटेको पाइन्छ ।
- कथा शिक्षणमा शब्दार्थ शिक्षणसँगै अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्रममा तालिम प्राप्त शिक्षकहरूमध्ये चालीस प्रतिशतले वाक्यमा प्रयोग गरेको पाइन्छ भने तालिम अप्राप्त शिक्षकहरूतर्फ वाक्यमा प्रयोग गराउने साठी प्रतिशत पाइन्छ । तालिम प्राप्त शिक्षकहरूभन्दा बढी तालिम अप्राप्त शिक्षकहरूले वाक्यमा प्रयोग गरेको पाइन्छ ।
- कथा शिक्षणको क्रममा तालिम प्राप्त शिक्षकहरूतर्फ कथाको व्याख्या सम्पूर्ण शिक्षकहरूले गरे तापनि तालिम अप्राप्त शिक्षकहरूतर्फ चालीस प्रतिशत शिक्षकहरूले कथाको व्याख्या नगरेको पाइन्छ ।
- विशिष्ट पङ्क्तिको व्याख्या गर्ने क्रममा तालिम प्राप्त शिक्षकहरूतर्फ सम्पूर्ण शिक्षकहरूले नगरेको पाइन्छ । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ चालीस प्रतिशत शिक्षकहरूले मात्र विशिष्ट पङ्क्तिको व्याख्या गरेको पाइन्छ । तालिम प्राप्त शिक्षकलाई विशिष्ट पङ्क्तिको महत्त्व अवगत भए तापनि शिक्षणमा बेवास्ता गरेको पाइन्छ ।
- कथा शिक्षणका क्रममा दैनिक प्रयोग हुने शिक्षण सामग्री प्रयोग गर्ने सम्पूर्ण तालिम प्राप्त शिक्षकहरू रहेका पाइन्छन् । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूतर्फ

दैनिक प्रयोग हुने सामग्री मात्र प्रयोग गर्ने शत प्रतिशत नै पाइन्छन् । दैनिक बाहेक अन्य थप सामग्रीको प्रयोग गर्ने शिक्षकहरूको कमी देखिन्छ ।

- शिक्षण सँगसँगै विद्यार्थीको रुचि र चाहनालाई ख्याल गरिएन भने शिक्षण नीरस र निष्प्रभावी बन्दछ । कथा शिक्षणका क्रममा तालिम प्राप्त शिक्षकहरूमध्ये असी प्रतिशतले मात्र विद्यार्थीको रुचि र चाहनालाई ख्याल गरेको देखिन्छ । तालिम अप्राप्त शिक्षकहरूतर्फ भने चालीस प्रतिशतले ख्याल गरेको पाइन्छ ।
- कथा शिक्षणका क्रममा तालिम प्राप्त शिक्षकहरूमध्ये विद्यार्थीको स्तर अनुकूलतालाई ख्याल गर्ने बढी देखिन्छन् भने तालिम अप्राप्त शिक्षकहरूतर्फ विद्यार्थीको स्तर अनुकूलतालाई ख्याल गर्ने शिक्षकहरू कम पाइन्छन् ।
- शिक्षण विधिका रूपमा विभिन्न विधिहरूलाई मुख्य विधिको रूपमा उपयोग गर्ने क्रममा तालिम प्राप्त शिक्षकहरूतर्फ धेरै (असी प्रतिशत) ले छलफललाई उपयोगमा ल्याएको पाइन्छ तर तालिम अप्राप्त शिक्षकहरू सबै (शत प्रतिशत) ले व्याख्यान विधिमा मात्र जोड दिएको पाइन्छ । तालिम प्राप्त शिक्षकहरूले आफ्नो तालिम अनुसार छलफल विधिलाई नै प्रयोग गरेको पाइन्छ ।
- कथा शिक्षणसँगै भाषातत्त्वको शिक्षण पनि आवश्यक हुन्छ । भाषातत्त्वको शिक्षणले भाषिक नियमको ज्ञानका साथै भाषिक प्रयोगमा शुद्धताको विकास हुन्छ । तालिम प्राप्त शिक्षकहरूतर्फ भाषातत्त्वको शिक्षण धेरै (असी प्रतिशत) शिक्षकले गरेको पाइन्छ भने तालिम अप्राप्त शिक्षकहरूतर्फ भने कम (साठी प्रतिशत) शिक्षकहरूले जोड दिएको पाइन्छ । भाषातत्त्वको शिक्षणमा पनि तालिम अप्राप्त शिक्षकहरूले ध्यान नदिएको देखिनाले शिक्षण तालिमको आवश्यकता रहेको देखिन्छ ।
- शिक्षणको क्रममा विद्यार्थीहरूलाई कथा शिक्षणसँगै विभिन्न कार्यकलाप गराउँदै बोध प्रश्नोत्तर गराउनु पर्दछ । यसरी तालिम प्राप्त शिक्षकहरूतर्फ बोध प्रश्नोत्तर गराउने असी प्रतिशत र तालिम अप्राप्त शिक्षकहरूतर्फ बोध प्रश्नोत्तर गराउने शतप्रतिशत देखिन्छन् ।
- कथा शिक्षणलाई निष्कर्षात्मक रूपमा लैजान र उद्देश्यमूलक बनाउन शिक्षणको अन्त्यमा कथाको सारांश र सन्देश बताउने तालिम प्राप्त शिक्षकहरू साठी प्रतिशत रहेको पाइन्छ । कथाको सारांश र सन्देश बताउने तालिम अप्राप्त शिक्षकहरू शतप्रतिशत रहेको पाइन्छ ।

- कथाको अन्त्यमा कथा शिक्षणको उद्देश्य पूरा भयो कि भएन भनी दैनिक विद्यार्थी मूल्याङ्कन गर्ने शिक्षकहरू असी प्रतिशत देखिन्छन् । तालिम अप्राप्त शिक्षकहरूतर्फ शतप्रतिशत नै देखिन्छन् । विद्यार्थीको मूल्याङ्कन गर्दा मौखिक वा लिखितमध्ये कुनै एक साधनको प्रयोग नगरी मौखिक र लिखित साधनको प्रयोग गर्नु पर्नेमा प्रायः सम्पूर्ण शिक्षकहरूले मौखिक साधनको मात्र प्रयोग गरेको पाइन्छ ।
- विद्यार्थी मूल्याङ्कन गर्न कक्षा कोठामा मात्र सम्भव नहुने हुनाले गृहकार्य पनि दिने गरिन्छ । कथा शिक्षणपछि प्राप्त उपलब्धि हासिल गर्न गृहकार्य दिइन्छ । तालिम प्राप्त र अप्राप्त दुबैतर्फ असी प्रतिशत शिक्षकहरूले मात्र नियमित गृहकार्य दिएको पाइन्छ भने केही शिक्षकहरूले गृहकार्यलाई बेवास्ता गरेको देखिन्छ ।
- विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा गृहकार्य दिएर मात्रै हुँदैन, उनीहरूको उपलब्धि र कमजोरीलाई हेरी सुधार गर्नका लागि सुझाबको खाँचो पर्दछ । त्यसैको लागि गृहकार्य निरीक्षण पनि आवश्यक छ । तालिम अप्राप्त शिक्षकले मात्र दैनिक गृहकार्य निरीक्षण गरेको देखिन्छ ।

### ४.१.३ महिला र पुरुष शिक्षकहरूको कक्षा अवलोकन फारमबाट प्राप्त निष्कर्ष

- कथा शिक्षणमा बीस प्रतिशत पुरुष र शिक्षक शतप्रतिशत महिला शिक्षकहरूले पाठयोजना बनाएको पुरुष शिक्षकमा असी प्रतिशतले पाठयोजनाबिना नै शिक्षण गरेको पाइन्छ ।
- भाषिक सिपको विकासलाई महिला शिक्षक (चालीस प्रतिशत) ले भन्दा पुरुष शिक्षक (साठी प्रतिशत) ले बढी जोड दिएको पाइन्छ ।
- कथा शिक्षणको सुरुआत गर्ने क्रममा पुरुष शिक्षकमा बीस प्रतिशतले र महिला शिक्षकमा चालीस प्रतिशतले पूर्वपाठमा आधारित भएर गरेको पाइन्छ ।
- पठन बोधको सम्बन्धमा बीस प्रतिशत पुरुष शिक्षकले मात्र मौन पठनमा जोड दिएको पाइन्छ । सबै महिला शिक्षक (शतप्रतिशत) ले र पुरुषतर्फ असी प्रतिशत शिक्षकहरूले सस्वर पठनमा जोड दिएको पाइन्छ ।
- कथामा प्रयुक्त कठिन शब्दलाई पुरुष र महिला दुबै शिक्षकहरूतर्फ चालीस प्रतिशतले वाक्यमा प्रयोग गर्न लगाएको पाइन्छ ।

- कथाको व्याख्या सम्पूर्ण पुरुष र महिला (शतप्रतिशत) शिक्षकहरूले गर्ने गरेको पाइन्छ ।
- बोध प्रश्नोत्तर पुरुष शिक्षकहरू (असी प्रतिशत) ले भन्दा महिला शिक्षकहरूतर्फ सम्पूर्ण (शतप्रतिशत) शिक्षकहरूले गराएको पाइन्छ ।
- विशिष्ट पङ्क्तिको व्याख्यालाई हेर्दा पुरुष र महिला दुबैतर्फका शिक्षक बीस प्रतिशत शिक्षकहरूले गरेको पाइन्छ ।
- पुरुष र महिला दुबै शिक्षकतर्फ सम्पूर्ण (शतप्रतिशत) शिक्षकहरूले दैनिक प्रयोग हुने शिक्षण सामग्रीको मात्र प्रयोग गरेको पाइन्छ ।
- पुरुष शिक्षक साठी प्रतिशतले र महिला शिक्षक असी प्रतिशतले शिक्षणको क्रममा विद्यार्थीको रुचि, चाहना र आवश्यकतालाई ख्याल गरेको पाइन्छ ।
- पुरुष र महिला दुबैतर्फका शिक्षकहरू साठी प्रतिशत शिक्षकहरूले स्तर अनुकूल शिक्षणमा ख्याल गरेको पाइन्छ ।
- पुरुष शिक्षकहरूले (असी प्रतिशत) ले भन्दा महिला शिक्षकले (चालीस प्रतिशत) ले व्याख्यान विधिमा कम जोड दिएको पाइन्छ । छलफल विधिमा महिला शिक्षक (साठी प्रतिशत)को बढी सहभागिता देखिन्छ ।
- भाषातत्त्वको शिक्षण गर्दा महिला शिक्षकले (बीस प्रतिशत) भन्दा पुरुष शिक्षकले बढी (शतप्रतिशत) भाषातत्त्वलाई समेटेको पाइन्छ ।
- पुरुष शिक्षकहरूतर्फ सम्पूर्ण (शतप्रतिशत) ले पाठको सारांश र सन्देश बताएको पाइन्छ तर महिला शिक्षकहरू (साठी प्रतिशत) ले तुलनात्मक रूपमा सारांश र सन्देशलाई बेवास्ता गरेको पाइन्छ ।
- बीस प्रतिशत महिला शिक्षकहरू बाहेक सम्पूर्ण पुरुष शिक्षकहरू (शतप्रतिशत) र असी प्रतिशत महिला शिक्षकहरूले मौखिक साधनलाई नै दैनिक विद्यार्थी मूल्याङ्कनको साधन मानी उपयोग गरेको पाइन्छ । बीस प्रतिशत महिला शिक्षकहरूले भने दुबै (मौखिक र लिखित) साधनको प्रयोग गरेको पाइन्छ ।
- तुलनात्मक रूपमा महिला शिक्षकहरू (चालीस प्रतिशत) ले भन्दा पुरुष शिक्षकहरू (असी प्रतिशत) ले बढी मात्रामा सधैँ गृहकार्य दिएको पाइन्छ ।

- दिइएको गृहकार्य निरीक्षणलाई हेर्दा पुरुष र महिला शिक्षकहरूमा साठी प्रतिशतले दैनिक रूपमा गृहकार्य निरीक्षण गरेको पाइन्छ भने अन्य शिक्षकहरूले कहिलेकाहीँ मात्र गृहकार्य निरीक्षण गरेको पाइन्छ ।

## ४.२ सुझावहरू

प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू दिइएका छन् :

- कथा शिक्षणमा पाठयोजना बनाउँदा शिक्षण कार्य प्रभावकारी हुने हुँदा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले पाठयोजना निर्माण गरी शिक्षण गर्नु अति आवश्यक हुन्छ ।
- कक्षा सातमा कथा शिक्षण गर्दा विद्यार्थीलाई भाषिक सिपको विकास गराउने उद्देश्य राखी पर्याप्त मात्रामा अभ्यास गराउनु पर्दछ र शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिलाई नै जोड दिनुपर्ने देखिन्छ ।
- कथा शिक्षण गर्दा विद्यार्थीमा शब्दभण्डार क्षमताको विकास हुने भएकाले उक्त कथामा रहेका कठिन शब्द र उखान टुक्काको अर्थ बताउन लगाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनु र त्यसको निरीक्षण गरी आवश्यक सुझाव दिनु उपयुक्त देखिन्छ ।
- कथा शिक्षण गर्दा अनिवार्य रूपमा दैनिक बाहेक अन्य थप सान्दर्भिक शिक्षण सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ ।
- शिक्षण गर्दा विद्यार्थीको रुचि, चाहना र पाठको प्रकृतिलाई ख्याल गर्नु पर्दछ ।
- कथा शिक्षण गर्दा शिक्षक केन्द्रित विधिहरू अर्न्तगत प्रवचन विधि, व्याख्यान विधि आदि उपयोग नगरी विद्यार्थी केन्द्रित विधिहरू अर्न्तगत छलफल विधि र प्रश्नोत्तर विधि आदिको प्रयोग गर्नुपर्दछ ।
- भाषाको चारै सिपहरूलाई समान महत्त्वका साथ प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।
- भाषातत्त्वको शिक्षण गर्दा सकेसम्म भाषा पाठ्यपुस्तक विधि र आगमनात्मक विधिको उपयोग गर्नु पर्ने देखिन्छ ।

- एउटा मुख्य कमजोरी तालिम प्राप्त शिक्षकहरूले भन्दा तालिम अप्राप्त शिक्षकहरूले कम कार्यकलाप गराएको हुनाले उनीहरूलाई तत्कालै शिक्षण तालिमको खाँचो देखिन्छ । तालिम प्राप्त शिक्षकहरूमा पनि शिक्षणको क्रममा कमी कमजोरी देखिएकाले पुनर्ताजगी तालिम दिनुपर्ने देखिन्छ ।
- कथा शिक्षणको अन्त्यमा विद्यार्थीहरूलाई नियमित मूल्याङ्कन गर्नु पर्दछ र विद्यार्थीहरूमा रहेका कमी कमजोरीलाई निराकरण गर्नु पर्ने देखिन्छ । विशेष गरी सामुदायिक विद्यालयका शिक्षकहरूले यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- कथामा रहेका विशिष्ट पङ्क्तिहरूमा कथाको सार रहने हुँदा शिक्षणको क्रममा विशिष्ट पङ्क्तिको व्याख्या गर्न लगाउनु पर्ने कुरामा विशेष जोड दिनुपर्ने देखिन्छ ।
- तालिममार्फत आर्जन गरेको ज्ञानलाई प्रयोगमा ल्याउन प्रोत्साहित गरी राम्रो शिक्षण गर्ने शिक्षकलाई उचित पुरस्कारको व्यवस्था गरिनु पर्दछ र निरीक्षणलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।
- सरकारले बेलाबेलामा शिक्षणसम्बन्धी तालिम र गोष्ठी जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- कथा शिक्षण गर्दा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले पूर्ण रूपमा विद्यार्थी कार्यकलापमा आधारित भई शिक्षण गर्नुपर्ने देखिन्छ ।

## ४.३ भावी अध्ययनका लागि सम्भाव्य शोध शीर्षकहरू

- नि.मा.वि.तहमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- प्रा.वि.तहमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- मा.वि.तहमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- कक्षा सातमा कविता शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- कक्षा सातमा प्रबन्ध शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- कक्षा सातमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।
- कक्षा सातमा रूपक विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन ।

# सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण**, (चौ.सं.), काठमाडौँ : कुञ्जल प्रकाशन ।

———— **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**(पाँ.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

गिरी, कृष्णचन्द्र (२०६८), **प्युठान जिल्लाका कक्षा ९ मा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि.।

गौतम, सरिता(२०६३), **कक्षा ८ मा कथा विधा शिक्षण गर्दा अपनाइने काकर्यकलापहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

ढकाल, शान्तिप्रसाद(२०६७), **नेपाली भाषा शिक्षणः परिचय र प्रयोग**, काठमाडौँ : मनकामना बुक्स एण्ड स्टेशनरी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद ढकाल(२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : एम्.के. पब्लिसर्स ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), **निम्न माध्यमिक शिक्षा पाठ्यक्रम** भाग १, भक्तपुर ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि(२०६३), **शोधपत्र विवरण**, काठमाडौँ : न्यु हिरा बुक्स ।

भण्डारी, पारसमणि(२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, सिर्जना(२०६७), **गुल्मी जिल्लामा कक्षा ९ मा अध्यापन गर्ने शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण कार्यकलापहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. ।

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट खण्ड

## परिशिष्ट 'क'

### कक्षा ७ को नेपालीमा समावेश गरिएका कथाहरू

| क.स. | कथाका प्रकार | समाविष्ट कथाहरू | कैफियत |
|---|---|---|---|
| १. | लोक कथा | वाल्मीकि, खरानीको डोरी, बुहारीको खोजी | |
| २. | नीति कथा | मनिसलाई कति जमिन चाहिन्छ ? | |
| ३. | पौराणिक कथा/ऐतिहासिक कथा | कदर्य | |
| ४. | आधुनिक कथा | मास्टरकी आमा | |

(स्रोत : वि.सं.२०५७ को नि.मा.वि.पाठ्यक्रम र कक्षा सातको पाठ्यपुस्तक)

## परिशिष्ट 'ख'

### नि.मा.वि.तहको पाठ्यक्रम-२०५७

**कथासँग सम्बधित नि.मा.वि. तहका साधरण उद्देश्य**

यस तहको अध्ययन पूरा भएपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

- उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न,
- अरूद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- सुनेका विषयवस्तुका मुख्यमुख्य कुरा बताउन,
- आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा मौखिक अभिव्यक्ति दिन,
- आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन,
- कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन,
- विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न,
- विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न,
- पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,

- पढेका विषयवस्तुको सारांश भन्न र लेख्न,
- आफूले देखे सुनेका र अनुभव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन,
- उपयुक्त वाक्य गठन, हिज्जे, विराम चिन्ह आदि मिलाई शुद्धसँग लेख्न,
- स्तर अनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न,
- पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न,
- पाठमा प्रयुक्त उखान टुक्काहरूको प्रयोग गर्न,
- ससाना मौलिक रचनाहरूलाई सन्दर्भ र सिलसिला मिलाई लेख्न,
- विशिष्ट अंशको भाव विस्तार गर्न,
- विभिन्न विषयहरू पढी शब्दभण्डारको वृद्धि गर्न,
- व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न,
- नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरुचिको विकास गर्न,
- उद्देश्य अनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न,
- शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न,
- साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन ।

**कथासँग सम्बन्धित कक्षा सातका सिपगत उद्देश्यहरू**

**–सुनाइ र बोलाइ**

- ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- अरूले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न,
- आफूले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाको विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न,
- सामान्य मौखिक वर्णनहरू सुनी मुख्यमुख्य कुरा बताउन,
- साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी प्रतिक्रिया जनाउन,
- मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ, चेष्टा, अभिनय, आदिमा ध्यान दिन,

- हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न,
- स्तरअनुरूपका कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल आदि मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन ।

**–पढाइ**

- विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन,
- कविता, कथा, आदिका पाठहरूलाई भाव अनुसार लय, सुर, र आघात मिलाई पढ्न,
- लिखित सामग्रीहरूको मौन वाचन गर्न,
- विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध आदिका पाठहरू पढ्न,
- पठित शब्दहरूको उपयुक्त प्रयोग गर्न,
- पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न,
- विभिन्न विधाका पाठहरू पढी शब्दभण्डारको वृद्धि गर्न ।

**–लेखाइ**

- हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न,
- लेख्य चिन्हहरूको उपयुक्त प्रयोग गरी लेख्न,
- सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोऱ्याई सच्याउन,
- शब्द वाक्य र पाठका अंशहरू सुनेर लेख्न,
- आफूले देखे, सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाको विषयमा सिलसिला मिलाई लेख्न,
- ससाना लिखित रचनाहरू (अनुच्छेद, चिठी, निवेदन, प्रबन्ध, आदि) सिलसिला मिलाई लेख्न,
- सुनेका र पढेका विषयवस्तुको सार लेख्न,
- विशिष्ट अंशहरूको भाव विस्तार गर्न,
- आफ्नो रुचि अनुसारको विषयमा मौलिक रचना गर्न,
- व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

**परिशिष्ट ‘ग’**

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम : मिति :

ठेगाना : विषय :

शिक्षकको नाम : शैक्षिक योग्यता

तालिम प्राप्त/अप्राप्त

१. शिक्षकको व्यक्तित्व परिचय

२. शिक्षण क्रियाकलापको सुरुआत

३. सस्वर वाचन/पठन

४. शब्दार्थ शिक्षण

५. कथाको व्याख्या

६. बोध प्रश्नोत्तर

७. विशिष्ट पङ्क्तिको व्याख्या

८. पाठको सारांश सन्देश

९. शिक्षण सामग्रीको प्रयोग

१०. विद्यार्थी मूल्याङ्कन

११. गृहकार्य

१२. अन्य

## लामो उत्तरात्मक प्रश्नावली

१. कथा शिक्षणमा कुन कुन विधि उपयुक्त हुन्छ ?

२. कथा शिक्षणले बालबालिकामा के उपलब्धिको उद्देश्य राखेको छ ?

३. तपाइँको विचारमा भाषिक सिप विकासमा कथा विधा उपयोगी ठान्नुहुन्छ ? कसरी ?

## परिशिष्ट 'घ'

## जाँच सूची/रूजु सूची

विद्यालयको नाम : मिति :

ठेगाना : सामुदायिक वा संस्थागत शैक्षिक योग्यता

कथा शीर्षक :

शिक्षकको नाम : तालिम

प्राप्त/अप्राप्त

### १. योजना र कथाको प्रारम्भ

| **पाठयोजना** | **छ** | **छैन** |
|---|---|---|
| पाठको प्रारम्भ पूर्वपाठमा आधारित | | |
| पाठप्रति रुचि जागरण | | |
| विद्यार्थीको रुचि र चाहनाको ख्याल गरिएको | | |

### २. पाठको प्रस्तुतीकरण

| **विषयवस्तुको पर्याप्तता** | **उत्तम** | **मध्यम** | **न्यून** |
|---|---|---|---|
| पाठको क्रमबद्धता | | | |
| उपयुक्तता | | | |
| स्तर अनुकूलता | | | |

### ३. कक्षा कार्यकलाप

| **विद्यार्थी सक्रियता** | **गराएको** | **नगराएको** |
|---|---|---|
| सस्वर वाचन र शुद्धोचारण | | |
| शब्दार्थ शिक्षण | | |
| वाक्यमा प्रयोग | | |
| मौन पठन | | |
| बोध प्रश्नोत्तर र सारांश कथन | | |
| व्याख्या | | |
| व्याकरण शिक्षण | | |

## ४. शिक्षण विधि

| विधि | धेरै | ठीक | कम | गराइँदैन |
|---|---|---|---|---|
| व्याख्या | | | | |
| छलफल | | | | |
| प्रश्नोत्तर | | | | |
| अन्य | | | | |

## ५. शिक्षण सामग्रीको प्रयोग

| दैनिक प्रयोग हुने सामग्रीको मात्र प्रयोग | गरेको | नगरेको |
|---|---|---|
| थप सहायक समग्रीको प्रयोग | | |

## ६. मूल्याङ्कन

| पाठको अन्त्यमा निरन्तर विद्यार्थी मूल्याङ्कन | छ | छैन |
|---|---|---|
| लिखित साधनको प्रयोग | | |
| मौखिक साधनको प्रयोग | | |
| मौखिक र लिखित दुबैसाधनको प्रयोग | | |

## ७. गृहकार्य

| गृहकार्य | छ | छैन |
|---|---|---|
| सधैं दिने गरेको | | |
| धेरैजसो दिने गरेको | | |
| कहिल्यै नदिने गरेको | | |
| निरीक्षण गर्ने गरेको | | |

## परिशिष्ट 'ङ'

# शिक्षक प्रश्नावली फारम

विद्यालयको नाम : मिति :

ठेगाना : कथा शीर्षक :

शिक्षकको नाम : शैक्षिक योग्यता :

सर्वोपयुक्त उत्तरमा घेरा (०) लगाउनुहोस.।

**१ तपाईंले कथा शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ ?**

क) छु

ख) छैन

ग) कहिलेकाहीँ बनाउँछु

१. **पाठयोजना अनुसार शिक्षण गर्नु हुन्छ?**

क) गर्छु

ख) गर्दिन

ग) सबै सम्भव छैन

२. **तपाईंको विचारमा कथा शिक्षणको उद्देश्य के हो ?**

क) भाषिक सिपको विकास

ख) साहित्यिक रसास्वादन

ग) विषयवस्तुको ज्ञान बढाउनु

घ) मनोरञ्जन दिनु

३. **कथा शिक्षणमा कुन पठनको प्रयोग गर्नु हुन्छ ?**

क) सस्वर पठन

ख) मौन पठन

ग) द्रुत पठन

घ) माथिका सबै पठन

४. **कथावस्तुलाई कसरी प्रस्तुत गर्नु हुन्छ ?**

क) सारांश भनेर

ख) सरसर्ती पाठ पढेर

ग) हाउभाउ र अभिनयका साथ विद्यार्थीको जिज्ञासा समेटेर

५. **शब्दार्थ शिक्षण पनि समेट्नु हुन्छ ?**

क) समेट्छु

ख) समेट्दिन

६. **शब्दको अर्थ भन्न लगाउनु हुन्छ ?**

क) लगाउँछु

ख) लगाउँदिन

७. **शब्दार्थलाई वाक्यमा प्रयोग गर्न पनि लगाउनु हुन्छ ?**

क) लगाउँछु

ख) लगाउँदिन

ग) कहिलेकाहीँ लगाउँछु

८. **कथा शिक्षण गर्नु अघि कथा शिक्षणको उद्देश्यमा ध्यान दिनु हुन्छ ?**

क) दिन्छु

ख) दिन्न

९. **बोध प्रश्नोत्तर गराउनु हुन्छ ?**

क) गराउँछु

ख) गराउँदिन

**१०. विशिष्ट पङ्क्तिको व्याख्या गरि दिनुहुन्छ ?**

क) गर्छु

ख) गर्दिन

ग) विद्यार्थीलाई नै गर्न लगाउँछु

**११. कथा शिक्षणमा कुनकुन शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?**

क) पाठ्यपुस्तक मात्र

ख) पठ्यपुस्तक र कालोपाटी

ग) पाठ्यपुस्तक, कालोपाटी र शिक्षक निर्देशिका

घ) पाठ्यपुस्तक, कालोपाटी र अन्य सहायक सामग्री

**१२. कथाको सारांश बताइ दिनुहुन्छ ?**

क) बताउँछु

ख) बताउँदिन

**१३. श्रुतिलेखन गराउनु हुन्छ ?**

क) गराउँछु

ख) गराउँदिन

**१४. कथा शिक्षणको सुरुआत कसरी गर्नुहुन्छ ?**

क) कथाकारको परिचयबाट

ख) सस्वर वाचन र शुद्धोच्चारणबाट

ग) कथाको सारांश बताइदिएर

घ) शब्दार्थ शिक्षणबाट

**१५. कथा शिक्षण गर्दा कथामा कार्यकलाप गराउनु हुन्छ ?**

क) गराउँछु

ख) गराउँदिन

**१६. कथा शिक्षण गर्दा घटनाक्रम मिलाउने कार्यकलाप गराउनु हुन्छ ?**

क) गराउँछु

ख) गराउँदिन

**१७. दैनिक विद्यार्थी मूल्याङ्कन गर्न कुन कार्यकलाप अपनाउनु हुन्छ ?**

क) मौखिक

ख) लिखित

ग) दुबै

**१८. गृहकार्य दिनुहुन्छ ?**

क) दिन्छु

ख) दिन्न

ग) कहिलेकाहीँ

**१९. कथा शिक्षणको क्रममा तपाईंले भाषातत्त्वको शिक्षण पनि गर्नुहुन्छ ?**

क) गर्छु

ख) गर्दिन

**२१. भाषातत्त्व शिक्षणमा कुन विधिको प्रयोग गर्नुहुन्छ ?**

क) आगमनात्मक

ख) निगमनात्मक

ग) भाषा पाठ्यपुस्तक

घ) भाषा संसर्ग

**२२. गृहकार्य निरीक्षण गर्नुहुन्छ**

क) दैनिक

ख) धेरैजसो

ग) कहिलेकाहीँ

घ) हेर्छु तर सच्याउँदिन